# अली मियाँको आवाज



**लेखक**

लोककवि अलि मियाँ

# अली मियाँको आवाज

(लोककविका पछिल्ला प्रतिनिधि कविताहरूको सँगालो)


**लेखक**

लोककवि अलि मियाँ



**प्रकाशक**

अलि मियाँ लोक वाङ्मय प्रतिष्ठान

पोखरा-१३, मियाँपाटन, कुँडहर

चाँजोपाँजो

| | | |
|---|---|---|
| कृतिको नाम | : | अलि मियाँको आवाज |
| कृतिको किसिम | : | कविता सङ्कलन |
| कृतिकार | : | लोककवि अलि मियाँ |
| सम्पादन | : | प्रा.डा. रविलाल अधिकारी (९८४६३५४३९६) |
| प्रकाशक | : | अलि मियाँ लोक वाङ्मय प्रतिष्ठान |
| संस्करण | : | तेस्रो २०७५ |
| प्रति | : | १०००।- |
| समय | : | २०७५ वैशाख |
| मूल्य | : | २५०।- |
| सम्पर्क सूत्र | : | पोखरा-१३, मियाँपाटन, कुँडहर<br>(फोनः ०६१-५२४३६६)<br>मो. ९८५६०२६२५४ (अध्यक्ष) |
| कम्प्युटर | : | श्रेष्ठ कम्प्युटर सर्भिस, नदीपुर, ०६१-५३९९०७ |

# प्रकाशकीय

आफ्नो जीवनकालमा थुप्रै आँधीबेहरीरुसँग पौठेजोरी खेल्दै नेपाली लोकसाहित्यलाई अजम्बरी बनाउन लागिरहने लोककवि अलि मियाँका थुप्रै कृतिहरूमध्ये **अलि मियाँको आवाज** पछिल्लो समयमा प्रकाशित एक महत्त्वपूर्ण कृति रहेको छ। २०५१ सालमा उहाँका विभिन्न पुस्तकहरूका गीत-कविताहरू र केही नयाँ थप गरी **'सम्झनाको दियो** प्रकाशित भएको थियो। त्यसपछि लेखिएका र विभिन्न लोक गायकहरूद्वारा रेकर्ड गरिएका गीतहरू समेटेर २०५८ साल फागुनमा यो कृति एक हजार प्रति छापिएको हो। बाल्यकालदेखि जीवनको अन्तिम घडीसम्म नेपाली लोक संस्कृतिलाई जोगाउन अहोरात्र खटिरहने अलि मियाँ वास्तविक जनताद्वारा अनुमोदित लोककवि हुनुहुन्छ। उहाँका बारेमा उहाँ जीवित अवस्थामा रहँदा र उहाँको मृत्यु पश्चात् पनि विभिन्न लेखकहरूबाट पुस्तकहरू प्रकाशित भएका छन्।

लोककविको मृत्युपश्चात् देशमा एउटा लोकसंस्कृतिको विशिष्ट प्रतिभाको अभाव खड्किएको छ। त्यसलाई थोरै मात्र भए पनि पुरा गर्नलाई उहाँका रचनाहरूलाई पुनः प्रकाशन गर्ने, गीतहरू रेकर्ड/छायाङ्कन गरी प्रसारण गर्ने, उहाँका योगदानका बारेमा चर्चा, परिचर्चा गर्ने हाम्रो कर्तव्य हो। यसै कुरालाई मध्यनजर गरी पहिले २०५८ मा छापिएका १००० प्रति र २०६८ मा दोस्रो पटक छापिएका १००० प्रति पनि सबै सकिएकाले यो पुस्तक पुनः प्रकाशन गरी पाठक सामु प्रस्तुत गरिएको छ। पहिले जस्तै यस संस्करणका प्रकाशनका लागि पनि सम्पादन गर्नेसल्लाहकार एवम् सम्पादक प्रा.डा. रविलाल अधिकारी, चाँजोपाँजो मिलाउन सहयोग गर्ने प्रतिष्ठानकी उपाध्यक्ष प्राज्ञ हरिदेवी कोइराला, सचिव पद्‌मराज ढकाललगायत प्रतिष्ठानमा सबै पदाधिकारीहरू र छिटै टङ्कन गर्ने श्रेष्ठ कम्प्युटर सर्भिस, नदीपुरप्रति हार्दिक आभार प्रकट गर्दछु। लोककविका शतवार्षिकीका सन्दर्भमा प्रकाशित यस संस्करणमा कभर पृष्ठ बदलेर लोककवि र प्रतिष्ठानका भवनको झलक राखिएको छ।

२०७५।०६।२१

हनिफ मियाँ
अध्यक्ष, अलि मियाँ लोकवाङ्मय प्रतिष्ठान, पोखरा

# केही कुरा

मेरा पूज्य बुबा लोककवि अलि मियाँज्यूको '**अलि मियाँको आवाज** नामक पुस्तक प्रकाशित हुनु सबै साहित्यप्रेमीहरूको न्यानो माया र ममता नै हो, ठानेको छु। यो हड्डीको भार चार हातको कात्रो विना अल्झेको आकाशभन्दा ठुलो, समुद्रभन्दा गहिरो, महभन्दा मीठो, दुधभन्दा स्वादिलो लोकसंस्कृति हुँदो रहेछ। मैले नसोचेको यति ठुलो सम्मान लोकसाहित्यमा पाइन्छ भन्ने ठानेको थिइन। म लोककविको छोरो भएर पनि बुबालाई चिन्न सकेको रहेनछु। अहिले आएर म एकदमै झल्याँस्स भएको छु। बुबाले कति दुःख र कष्टमा पनि आफ्ना गीतहरू लेख्दै र गाउँदै आउनुभएको त्यो निरन्तरताले नै आज सम्मान र कदर पाउनुभएको हो। कुनै पनि विषयमा निरन्तर लागिपरे त्यसको भविष्य उज्ज्वल हुन्छ भन्ने कुराको यो ज्वलन्त उदाहरण पनि हो। अन्नपूर्ण एफ.एम. रेडियोले बुबाको नाममा अक्षयकोष स्थापनाको जुन सुरुवात गरिदियो, त्यसले झनै बुबाको हौसलामा तेल थप्ने काम गरिदियो। त्यस्तै साहित्यकार अनिल पौडेलले छोटो भए पनि टी.भी. मा देखाइ दिने बुबाको वृत्तचित्र बनाएर हौसलाको काम गरिदिनु भएको छ। म यी कार्यको सराहना कुनै शब्दले व्यक्त गर्न सक्तिन। त्यसको रकम जुटाउने क्रममा लोकगायिका हरिदेवी कोइरालाको संयोजकत्वमा ठाकुरप्रसाद सिग्देल लगायत विभिन्न कलाकारहरूद्वारा अलि मियाँकै लोकगीतहरू गाएर क्यासेट तयार पारी विक्री भएको रकम अलि मियाँ अक्षयकोषमा समर्पण गर्ने प्रशंसनीय कार्य भएको छ। त्यस्तै पोखरा युवा सांस्कृतिक परिवारको न्यानो माया मेरा लागि अविस्मरणीय भएको छ।

यस पुस्तकको प्रकाशनार्थ आफ्नो अमूल्य समय दिएर सम्पादन सहयोग गर्नुहुने प्रा.डा. रविलाल अधिकारीज्यू, अन्य कार्यमा सधैँ तत्पर रहेर खट्नुहुने प्रतिष्ठानका सचिव पद्मराज ढकालज्यूप्रति आभार प्रकट गर्छु। बुबाकै स्वरमा रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्र पोखरामा गीत रेकर्डिङ गर्न लेखनाथ साहित्य प्रतिष्ठानका शुक्रराज अधिकारी, मदन भण्डारी,

पद्मराज ढकाल, रामबहादुर कोइराला र हरिदेवी कोइरालाले महत्त्वपूर्ण सहयोग गर्नुभएको थियो ।

त्यसरी नै कहिल्यै बिर्सन नसकिने गुरु श्री वासुदेव लुइँटेलको अनौठो मीठो वाणी अद्यापि मेरो गिदीमा ताजै छ। उहाँका तिनै अमृत वाणी जसले "बुबाको क्रिया बुबाको रचना प्रकाशित गरे मात्रै पुरा हुन्छ" भन्नुभएको थियो। त्यही शब्दले हो २०५१ सालमा "सम्झनाको दियो" प्रकाशित गरैं र अहिले तीनपटकसम्म "अलि मियाँको आवाज" प्रकाशित गरेको छु। मिलेसम्म पछि पनि बुबाले लेखेका कृतिहरू सबै सामेल पार्दै पुस्तकको रूपमा दिँदै जाने प्रण गरेको छु र यसका लागि सबै महानुभावहरूबाट सहयोगको सद्भाव पाउने आशा पनि गरेको छु। साथै कविपुत्र भएको नाताले सानो कविताको अंश पनि यहाँ प्रस्तुत गरेको छु :

**देखाइकन क्यै रहनेछ हुनी लेखा भए पाइने**
**देखा-देख् त हिजै भयो तर ठूले मौका पनि चाहिने**
**भारी धोका महाआपत गरें आफ्नै भूलले गरी**
**अब दोष कसलाई दिउँ म सखे आएर अन्तिम घडी**

अन्त्यमा सम्पूर्ण शुभकामना मन्तव्य दाता महानुभावप्रति धन्यवाद व्यक्त गर्दै साहित्यकार, विद्वान्, गुरुजनहरूप्रतिको यस्तो सहानुभूति बेलाबेलामा पाइराख्ने आशा राखेर कलम यही बिसाउने आज्ञा माग्दछु ।

जय राम ¤ जय रहिम ¤

२०७५।०६।२१

हनिफ मियाँ

# तेस्रो संस्करणमा बोल्नु पर्दा

पहिलो संस्करण हतारमा निस्केकाले सम्पादन समस्याका खासखास कुराहरू त्यस सम्पादकीयमा बताइए पनि लोककविका कवित्वका विषयमा बोल्न सकेको थिइन। अहिले लोककविको निधनपछिका अभावमा उहाँका योगदानलाई मध्यनजर गरी अलि मियाँको आवाजका कविताहरूको अध्ययन गर्दा उहाँका कवित्वको प्रतिनिधित्व यस कृतिले गरेको छ भन्ने मलाई लागेको छ। यसमा कतिपय कविता वा गीतहरू टुक्राटुक्रीका रूपमा रहेका सामान्य किसिमका छन् तापनि धेरै गीतकविताहरू पाठकको मन छुने मर्मस्पर्शी छन्। आफ्ना दुःखका कथाव्यथा, पोखराका प्रकृतिको गुणगान, प्रकृतिप्रेम, राष्ट्रप्रेम जस्ता कुराहरू मात्र नभई श्रमको महत्त्व दर्शाउने, सबैले श्रम गर्नुपर्छ, पसिना छर्नुपर्छ अन्यथा देशको विकास हुन सक्दैन भन्ने भावना पनि उहाँका यी गीत र कविताहरूमा पाइन्छ। खास गरी नेताहरूले कुर्सी मात्र ताक्ने कुरालाई कविले धेरै आलोचना गर्नु भएको छ। "कुर्ची मात्र दाउ" भन्ने कवितामा कवि भन्नुहुन्छ -

हैजाको हावा देशमा चल्यो निर्दोषी मरे झन्
इष्ट र मित्र सोलत्रै परे कसरी बुझाउँ मन ?
खाइसक्ने छैन किनेर पनि बढेर सारा भाउ
देशको चिन्ता कसैलाई छैन कुर्चीको मात्र दाउ।

यसरी विभिन्न प्रसङ्गमा कुर्चीको मात्र दाउ हेर्ने नेतालाई धेरै ठाउँमा आलोचना गरिएको छ। त्यसरी नै विकृति र विसङ्गतिले पूर्ण

सामाजिक गतिविधि हेरेर देशभक्त नागरिकका हैसियतले सम्बन्धित व्यक्तिहरूको पनि आलोचना गरिएको छ। खास गरी प्रजातन्त्रको बाहाली भएपछि देखा परेका चित्त नबुझ्दा गतिविधि यी कविताका खुराक बनेका छन्। कविले निष्पक्ष भएर गल्ती गर्ने सबैको आलोचना गरेको देखिन्छ। नेपाल आमा देशको स्थिति नसुध्रेर रोइरहेकामा कवि खिन्न देखिनुहुन्छ। सच्चा परिवर्तनको अपेक्षा कविका यस खिन्नताले गरेको छ।

२०४८ सालमा दोस्रो राष्ट्रिय खेलकुद पोखरामा हुँदा अतिथिहरूलाई स्वागत गर्ने गीत लोककवि अलि मियाँले लेख्नुभएको थियो। 'हिमालमुनि चौरीगाई पोखरेली माया सबैलाई' भन्ने रहनीको त्यो गीत यहाँ छ। तर त्यति मात्र नभई त्यसैको भावका अन्य २ गीत यहाँ रहेका छन्। त्यस्तै कविका परिपक्व अनुभवका धेरै कविता यसमा छन्। लोककविले पोखराको राम्रो चित्र उतार्नु भएको छ। 'मेरो पोखरा', 'पोखराको माया सबैलाई', 'सलल डुङ्गा फेवातालैमा' जस्ता कविताले पोखराको गुणगान गरेर पोखरा सबैका लागि स्नेह र सद्भावको प्रतिमूर्ति हो भन्ने कुरा चिनाएका छन्। हामी पोखरेलीहरू पोखरालाई यसरी चिनाउने कवि पोखराकै हुनुहन्थ्यो भनेर गौरवान्वित बन्न पाएका छौँ। यसो त पोखराको महिमा गाउँदै 'प्राकृत पोखरा' लेखेर मदन पुरस्कार पाउने कवि मुकुन्दशरण उपाध्याय पनि पोखराकै हुनुहुन्छ र हामी गौरवान्वित छौँ। तर लोकलयमा पनि पोखरालाई माया गरेर चिनाउने काम लोककविले गर्नुभएको छ। अर्को कुरो जन्मेदेखि मर्ने बेलासम्म पोखरा नछोडी पोखरालाई नै जीवनको आधार देख्ने लोककविले पोखराको गुणगान गर्नु गौरवको विषय हो। लोककविले पोखरालाई सामान्य गुणगानका माध्यमले मात्र नभएर सङ्घर्षका जीवन्तताले र धार्मिक सहिष्णुताले नापेर पनि सुन्दर देख्नुभएको छ। मेरो पोखराका यी अभिव्यक्तिहरू साह्रै मननीय छन् :

मेरो जन्मस्थल पवित्र धरती पोखरा नगरी
सुख छैन मलाई गाउँबेसी नगरी
पर्दैन बाँच्न जाँगर नछरो
देखिन्न स्वर्ग आफै नमरी

यहाँ मस्जिद छ, बुद्ध सदन हजारौ छन् मठमन्दिर वरिपरि
सबै धर्मावलम्बी छौ बाँचिरहेछौं नङ्मासु सरी
यहाँ छैन कुनै दिन पनि अनमेल भरी
यसैले पोखरा आनन्द शान्ति नगरी

यी दुई गुच्छक मध्ये पहिला गुच्छकमा पोखरा सङ्घर्षशीलहरूका निमित्त सुन्दर छ अल्छीहरूका लागि सुन्दर छैन भनिएको छ। जाँगर नचलाउने अल्छीहरू पोखराका सुन्दरतामा टिक्न सकेनन्। चितवन गए, मधेस झरे, लाखापाखा लागे, उनीहरूको ठाउँमा विभिन्न ठाउँका जाँगरिलाहरू आएर बसे। यो लोककविले देखेको यथार्थ थियो। यसैले गाउँबेसी गरेर जाँगर नछरी यहाँका सुन्दरताको सार छैन। यस सुन्दरताको उपभोग गर्न सङ्घर्षशील हुनुपर्छ भनिएको छ। दोस्रो गुच्छकमा धार्मिकसहिष्णुतालाई लक्षित गरिएको छ र बुद्ध धर्म, हिन्दु धर्म र इस्लाम धर्मका समन्वयन र सहभागितालाई चिनाएको छ। धार्मिक सहिष्णुता भएमात्र शान्ति हुन्छ, पोखराका सुन्दरताले आनन्द दिन्छ। यस किसिमको सद्भाव सुन्दरताको कारण हो, प्रकृति मात्र सुन्दरताको कारण बन्न सक्दैन भन्ने समझदारीको चेतना आएको देखाइएको छ। कवि राजा महेन्द्रले राराताल हेर्दा राराताल भएको प्रकृति जन्माउने परमेश्वरलाई कृतज्ञता व्यक्त गर्नुभएको थियो। त्यस्तै लोककविले फेवाताल भएको पोखराको प्रकृति जन्माउने परमेश्वरलाई

कृतज्ञता पोख्नुभएको छ। सलल ढुङ्गा फेवातालैमा भन्ने गीतको तलको अन्तरा हेरौँ :

परमेश्वरको कस्तो दया हेर यो प्रकृति
नझुकेको को होला र देखी लाउछन् प्रीति
नेपालका नेपालीको नौलाख थरी देउता
पोखरालाई जन्माउने परमात्मा एउटा
सलल ढुङ्गा फेवातालैमा, म पनि डुबेको माया जालैमा

'अलि मियाँको आवाज' भित्र देशको लागि आह्वान गर्ने केही गरेर मात्र मर्नुपर्छ भन्ने मानवतावादको वकालत गर्ने, पसिनाको महत्त्व बखान्ने, नेपालीको अवस्था चिनाउने, नामर्द नेताको खोइरो खन्ने, माटाको गुणगान गर्ने, नेपालीहरूलाई सावधान गराउने, नेपालीपन चिनाउने आदि किसिमका राम्रा-राम्रा गीत र कविताहरू पनि छन्, तर धेरैले नगाउने अन्नपूर्णाका काखमा रहेको पोखराको गीत लोककविले मात्र गाउनु भएको छ। त्यसैले अरू कुराहरू छोडेर लोककविले गाएका पोखराका गीतहरूलाई बढी महत्त्व दिएर हेर्नु पर्छ। लोककविको यो पक्ष साह्रै प्रशंसनीय छ। यो मौलिकता उहाँमा पोखरावासी हुनाका नाताले प्राप्त भएको हो। सान्निध्य सामर्थ्य प्राप्त भएकाले उहाँले मनोहर बनाएर पोखराको चित्रण गर्नुभएको छ, गुणगान गर्नुभएको छ। भित्री रूप चिनाउनु भएको छ। 'छाती फर्काइ कसलाई हेर्छौ तिमी माछापुच्छ्रे ?' भनेर उहाँ माछापुच्छ्रेसँग प्रश्न गर्नुहुन्छ र 'नमस्कार छ माछापुच्छ्रे फेरी भेट हुम्ला' भनेर बिदा माग्नु हुन्छ। यस किसिमले पोखराका प्रकृतिसित संवाद गर्ने लोककविले सान्निध्यका आधारमा पोखरालाई राम्ररी कलात्मक शैलीले चित्रण गुर्न भएको छ।

पोखरालाई राम्ररी र कलात्मक रूपले चित्रण गर्न खोज्ने गीत कविताहरूको सँगालो 'अलि मियाँको आवाज' पोखराको प्राकृतिक चित्रणमा जीवन्त छ र यसलाई प्राकृत पोखराको अर्को भाग मान्न सकिन्छ, तर यो भाग जनपक्षीय रूपमा सहज र सरल बनाएर गाइएको

भाग हो र जनपक्षीयतामा यसको उचाइ छ। लोककविका कविताका धेरै भाव यस सङ्ग्रहका कवितामा समेटिएका छन्। त्यसैले यसलाई उहाँको कवित्व चिनाउने प्रतिनिधि कविता सँगालो पनि भन्न सकिन्छ। यस कृतिको "अलि मियाँको आवाज" अमृत भागदाउँलेले राखेको नाम हो। २०५८ सालको माघ मै उहाँको 'लोककवि अलि मियाँ' नामक लोककविको जीवनी प्रकाशित भएको थियो र चौरासीऔँ वर्ष प्रवेशका सन्दर्भमा लोककविको कविता सँगालो छापिँदै छ भन्ने जानकारी पाएर उहाँले कृतिका सूचीमा "अलि मियाँको आवाज २०५८" भन्ने कृतिको नाम राख्नु भएको थियो। हामीले उहाँकै कुरालाई मान्यता दिई कृतिको नाम "अलिमियाको आवाज" नै बनायौँ। पहिला संस्करणमा जानकारी गराउन नसकिएको यो कुरो मैले दोस्रो संस्करणमा जानकारी गराएको थिएँ।

२०५८ सालको फागुन १५ मा चौरासी को विधिविधान सहित पूजा र रथारोहण गरी जन्मोत्सव मनाइने भएकाले फागुनको पहिलो हप्तामा यो कृति तयार गरिसक्नु पर्ने थियो। त्यसैले गर्दा हतारिएर यसको प्रकाशन गर्नु पऱ्यो। यस्ता परिवेशमा कतिपय कुराहरू छुट्न गए छपाइ अशुद्ध भयो। २०६८ को दोस्रो संस्करणमा पाएसम्मका अशुद्धि हटाउने प्रयार गरिएको थियो। पहिलो संस्करणमा ठाकुरप्रसाद सिग्देल पनि सम्पादकमा हुनहुन्थ्यो, तर लोककविको कवित्व समेत हराउने ढङ्गले उहाँले कविता सुधार्न खोज्नुभयो। 'यसो गर्न हुँदैन र सकिँदैन पनि' भनेर मैले उहाँलाई सम्झाएपछि उहाँले सबै जिम्मा मलाई नै सुम्पनु भएको थियो र सबै काम मैले नै गरेको थिएँ। दोस्रो संस्करणमा जस अपजसको भागी ममात्र हुने हुँदा उहाँको नाम हटाइएको थियो। जस वा अपजस जे जस्ता मिल्छन् ती यस संस्करणमा मलाई मात्र मिल्छन्, ठाकुरजी स्वर्गीय बनेर पनि पुरा मुक्त हुनु भएको छ।

जानेर देखेसम्मको अशुद्धि हटाउनु बाहेक दोस्रो संस्करणमा खास काम गरिएको थिएन। पहिलो संस्करणमा लोककविको ८४ औं

जन्मोत्सवका सन्दर्भमा व्यक्त भएका शुभेच्छा, शुभकामना वा मन्तव्यहरूलाई अभिलेखीय रूपमा राख्नु ठीक ठानी परिशिष्ट (घ) बनाएर कृतिका पुछारमा राखिएको हो । कविता अध्ययन गर्नु पूर्व पढ्न आवश्यक भएकाले सम्पादकीयलाई अगाडि ल्याइएको हो । थपथापका सन्दर्भमा पहिलो संस्करणमा भएका ८४ गीतकवितामा 'म आएँ दमौली' शीर्षकको गीत थपी ८५ बनाइएको छ। टुक्राहरूमा (य) अक्षरमा 'भाइ नलड' भन्ने टुक्का थपिएको थियो भने ११ रेकर्डेड गीतहरूमा गायक पद्मराज ढकालले मात्र गाएको स्वदेशगान थपी १२ सङ्ख्या पुऱ्याइएको थियो। यहाँ स्वदेश गान-२ गीतको शीर्षक भएकाले ११ लाई स्वदेश गान-१ र १२ लाई स्वदेश गान-२ बनाइएको छ । अरू सामग्रीहरू यथावत् नै रहेका छन् । दोस्रो संस्करणकै सबै जसो कुरा दोहोऱ्याइएका यस लेखमा लोककविले बोलेकै कुरालाई यथार्थ रूपमा देखाउन पर्छ भन्ने धारणाले सिंगार पटार गरेर उहाँका स्वरुपलाई लुकाइयो भने, इतिहास छोपियो भने कवि र कृतिको मूल्य सामान्य बन्न जान्छ, त्यसैले यथार्थ नलुकोस्, जस्ताको तस्तै लोककवि स्वरूप देखियोस् भन्ने सम्पादन गर्दाको चाहना छ ।

यस संस्करणमा अलि मियाँका रचनामा विद्यावारिधि गर्ने विद्वान् डा. बाबुराम अधिकारीको "अलि मियाँको आवाजको गीति परिवेशमा पुग्दा" शीर्षकको समीक्षा पनि शुभकामनाका अन्त्यमा राखिएकोछ ।

२०७५।०६।२१

रविलाल अधिकारी
सम्पादक

## यस सङ्कलनका सम्बन्धमा

# (प्रथम संस्करणको भूमिका)

लोककवि अलि मियाँका धेरै पुस्तक-पुस्तिकाहरू प्रकाशित भइसकेका छन्। २००६ सालदेखि उहाँका कविताहरू प्रकाशित भएको कुरा उहाँका मुखबाट सुन्न पाइन्छ, तर २००६ सालमा छापिएको 'विरक्त लहरी' र २०१३ सामा छापिएको 'पहाडको उद्गार' मैले देख्ने सौभाग्य पाएको छैन। मैले नपढे पनि 'अलि मियाँको जीवनी, व्यक्तितव र कवित्वको अध्ययन' शीर्षकमा अनुसन्धान गर्ने नारायण ज्ञवालीले उहाँका पहाडको उद्गर को अध्ययन गरेर त्यसमा ११ वटा गीत रहेको जानकारी गराउनुभएको छ र त्यसबारे पनि पाठक परिचित हुन सक्नुहुन्छ, तर 'विरक्त लहरी' थियो र मैले पढेको छु भन्ने एउटा पाठक वा अनुसन्धाता भेटिएको छैन तापनि कविले भनेपछि उक्त किताब पनि प्रकाशित भएको मान्नुपर्छ। यी दुई कृति पढ्न नपाए पनि लोककविले अहिलेसम्म महेन्द्र लहरी भन्ने गरेको तर 'नेपाली झ्याउरे गीतसङ्ग्रह' शीर्षकमा छापिएको कृति (२००९), न्याउलीको पुकारा (२०११) सेतीको सुस्केरा (२०२९), उज्यालो भैसक्यो (२०३९) शीर्षकका साना पुस्तकहरू पढ्ने सोभाग्य मलाई प्राप्त भयो। यी कृतिमध्ये नेपाली झ्याउरे गीत सङ्ग्रह (२००९) न्याउलीको पुकारा (२०११), सेतीको सुस्केरा (२०२९) र उज्यालो भैसक्यो (२०३९) का सबै कविता सङ्कलन गरेर तथा नयाँ कविता थपेर विशिष्ट सङ्कलनका रूपमा 'सम्झनाको दियो' (२०५१) प्रकाशित गर्ने काम लोककविका सुपुत्र हाजी हनिफ मियाँले गर्नुभएको छ र उहाँका पहिलेका धेरै कविता एउटै सङ्कलनमा पढ्न पाइने भएका छन्। अलि मियाँको समग्र कृतित्वलाई नभए पनि व्यापक कृतित्वलाई 'सम्झनाको दियो' ले समेटेको छ। यसका सम्पादनमा अच्युतरमण अधिकारी, तारानाथ पाखे र मुकुन्दशरण उपाध्यायको योगदान रहेको थियो। कविका कृतिहरूबाट शुद्धाशुद्धि मिलाई सम्पादन गर्ने र प्रकाशनमा ल्याउने काम उहाँहरूले गर्नुभयो। यस कार्यमा उहाँहरूले निकै

दुःखपूर्वक खटेर काम गर्नुभयो होला भन्ने अनुभव म अहिले भुक्तभोगी हुनाका हैसियतले गर्दै छु।

लोककवि अलि मियाँले आफ्ना पछिल्ला अवस्थामा लेखिएका कविताहरूको सङ्कलन निकाल्ने चाहना 'सम्झनाको दियो' प्रकाशित भएपछि राख्नुभएको थियो र 'सम्झनाको दियो' कै प्रकाशक लोककविका ज्येष्ठ सुपुत्र हाजी हनिफ मियाँले आफ्नो कर्तव्यका साथै बाबुको चाहना पुरा होओस् र शान्ति मिलोस् भन्ने दायित्वबोधले म नै बाबुको अर्को कृति पनि प्रकाशित गर्छु भन्ने अठोट बुबालाई सुनाउनुभएको थियो। यस क्रममा कविता हेरेर छानिदिने र शुद्धाशुद्धि गरिदिने जिम्मा उहाँले मलाई सुम्पनुभयो। 'गंगाका पानीले सूर्यलाई अर्घ' भने जस्तै आर्थिक रूपले कविका कृति प्रकाशनमा कुनै सहयोग गर्न नसक्ने म जस्ता शिक्षकले यस पुनीत कार्यमा सहयोग गर्न पाउनु सौभाग्यको कुरो थियो। त्यसैले यो कुरा सहर्ष स्वीकार गरी तीनवटा कविका पाण्डु लिपिका कापी मैले घरमा ल्याएर पढेँ। यो गतसालकै कुरो थियो। सकभर अन्य कुनै स्रोतबाट कृति छापियोस्, छोराले बढी ऋणभार बोक्न नपरोस् भन्ने कविको चाहना र अरू-अरू काम तिरै लागिरहेन हनिफज्यूको व्यस्तताले गतसाल यो पुस्तक छापिने तालमेल मिलेन, पाण्डुलिपि मसँगै रह्यो, प्रकाशन कार्य कुरामै सीमित भयो।

२०५८ साल फागुन १५ गते बुबा चौरासी वर्षको लाग्ने र चौरासी पूजा गरिने तथा त्यतिखेर पुस्तक प्रकाशित गरिसक्नुपर्ने कुरा हाजी साहेबले २०५८ को मार्गतिर जानकारी गराउनुभयो। मैले पुन पाण्डुलिपि पढेर शुद्ध गर्ने काम थालेँ। यस क्रममा आफ्ना छिमेकी लोकगायक ठाकुरप्रसाद सिग्देलज्यूलाई पनि सम्पादन सहयोगी बनाएर केही कापीका पाण्डुलिपि हाजी साहेबले उहाँलाई दिनुभएछ। आखिरी नपर्दासम्म नआत्तिने र आखिरी परेपछि हतारिने स्वभावले गर्दा कविको चौरासी पूजा र रथारोहणको कार्यक्रम गर्ने तर्जुमा भएपछि हामीले आखिरी भयो भनी हतारिएर सबै

पाण्डुलिपि बटुली पुस्तक छाप्नका लागि प्रेसमा दियौ । मोटामोटी रूपमा दोहोरिएका कविता नराख्ने, पहिलेका प्रकाशनहरूमा परेका कविता नराख्ने र जथाभावी कोरेका कविता नराख्ने धारणा बनाएर कविताहरूको सम्पादन गरिएको छ। तर फ्वाँकीमा भिन्नता छ भने एउटा टेको दुई तीन ठाउँमा पनि रहेको छ, त्यस्तै एकादुई पंक्ति दोहोरिएका छन् र पुरा फ्वाँकी दोहोरिएको छैन भने ती पंक्तिहरू हटाइएका छैनन् । पहिलेका कुनै न कुनै कवितामा कुनै न कुनै पंक्ति दोहोऱ्याइहाल्ने कविको शैली भएकाले त्यस किमिसमका पंक्तिहरूमा सबै पंक्तिहरू हटाउन सक्ने स्थिति छैन। त्यसैले पाठकहरूले यस्ता कतिपय पंक्तिहरू दोहोरिएको देख्नुहुनेछ। त्यस्तै 'रुन्छन् मुसा क्यै छैन आँटीमा, बित्यो जीवन अँधेरी ठाँटीमा', 'बस्‌म बैनी आजको रात, फेरि भेट हुन्दैन अब त' जस्ता गीतका टेकाहरू पनि दोहोरिएको पाउनहुनेछ। लामा कविता र गीतहरूलाई विशेष शीर्षक दिएर अलग अलग पृष्ठमा राखे पनि स-साना टुक्रे कविता र गीतहरूलाई 'केही छुक्राहरू' मूल शीर्षक दिई राखिएको छ। यी सबै कविता वा गीतहरूमा मात्रा हेरेर शीर्षक दिने काम हामीले गरेका हौँ । कविले विना शीर्षक श्री लेखेर मात्र यी गीतर कविता कोर्नु भएको थियो। हाम्रो शीर्षक रखाइको उपयुक्तता र अनुपयुक्तताको लेखाजोखा पाठकहरूका ब्रह्मले गर्ने छ।

लोककवि र कविपुत्र हाजी हनिफज्यूको चाहना बमोजिम लोककविज्यूका चौरासियौँ वर्षप्रवेशका सन्दर्भमा शुभेच्छा शुभकामना व्यक्त गर्दै लेखिएका पोखराका साहित्यकार र साहित्यप्रेमिहरूले व्यक्त गरेका मन्तव्यहरू धेरै प्राप्त भएका छन् । तिनीहरूलाई कविता संग्रहका पूर्व भागमा राखिएको छ र प्रकाशक हाजी हनिफज्यूको अभिव्यक्ति 'केही कुरा' पुस्तकका अग्रभागमा प्रकाशकीयपछि राखिएको छ। बीच भोगमा लोककविका गीत र कविताहरू प्रस्तुत गरेपछि परिशिष्ट (क), (ख) र (ग) बनाएर क्रमशः लोककविका रेकर्डिङ भएका गीतहरू, लोककवि आफैले लोखेको गद्यात्मक जीवनी र कवितात्मक रूपमा ठाकुर प्रसाद सिग्देलज्यूले

लेख्नुभएको लेककविको जीवनी राखिएका छन्। १९९७-९८ सालदेखि हालसम्म ६ दशक भन्दा पनि बढी समय नेपाली लोकसाहित्यका फाँटमा लोकगीतको सङ्कलन  गर्दै र गाउँदै हिँड्नुभएको भएपनि आजसम्म लोककविका स्वरमा कुनै रेकर्ड गरिएका गीतहरू छैनन् र रेडियो, टेलिभिजन आदिमा सुन्न र देख्न पाइएको छैन। यसबाट वञ्चित हुनु हामी लोकगीतप्रेमी नेपालीहरूकै लागि दुर्भाग्यको कुरो हो। लोककवि गीत रेकर्डिङ गराउने चाहनामा पोखरा छोडेर अन्यत्र नजाने र धाउने, चाकडी गर्ने, दिक्क पार्नेहरूदेखि बाहेक अरू पनि मानिस छन् भनेर यी रेडियो नेपाल, नेपाल टेलिभिजनजस्ता संस्थाका सञ्चालक अनुसन्धानहरूले नसोच्ने नेपालको संस्कृति अनुरूप लोककविका स्वरमा गीत रेकर्डिङ हुन नसकेका हुन् र लोककविका स्वरमा लोकगीत सुन्ने सौभाग्य हामीले नपाएका हौँ। हाल यस अभावको पूर्ति गर्ने चाहनामा लेखनाथ साहित्य प्रतिष्ठानका सदस्य साथीहरू हरिदेवी कोइराला, पद्मराज ढकाल, शुक्राराज अधिकारी, मदन भण्डारी र रामबहादुर कोइरालाका सक्रियतामा लोककविकै स्वरमा गीत रेकर्डिङ्ग गराउने काम सम्पन्न भएको छस तर बुद्ध्यौलीको स्वर र संगीतको तालमेल मिलाएर अझ परिमार्जित गरेपछि मात्र त्यो लोककविका स्वरको रेकर्डिङ प्रचार प्रसारमा आउने हुँदा लोककविका स्वरमा रेकर्डिङ भएका ती गीतहरू यहाँ राखिएका छैनन्। लोकगायिका हरिदेवी कोइरालाले २०४५ सालदेखि आफ्ना स्वरमा र साथीभाइहरूलाई समेत संलग्न गराई समूह स्वरमा लोककविका गीतहरू गाउँदै आउनुभयो। हालसम्म अरूका स्वरमा रेकर्डिङ भएका लोककविका गीतहरू एघार पुगेका छन्। परिशिष्ट (क) मा रेकर्डिङ भएका तिनै एघारवटा गीत गायक र रेकर्डिङ मिति सहित राखिएका छन्। परिशिष्ट (ख) मा लोककवि आफैले लेखेको गद्यात्मक जीवनी र परिशिष्ट (ग) मा लोककविका पहिलेदेखि सहकर्मी रहनुभएका निकटवर्ती छिमेकी र लोककवि बारे राम्रो जानकारी राख्नुहुने कवि ठाकुरप्रसाद सिग्देलज्थ्यूले लेख्नुभएको लोकभाकाको जीवनी राखिएका छन्। यी सबै

शुभकामना मन्तव्यहरू र जीवनीहरूले लोककविको त्याग र वलिदान तथा लोकगीतप्रति समर्पणको इतिहास र वर्तमान अवस्थासम्मलाई बुझ्न सहयोग पुऱ्याउने छन् भन्ने आशा राखिएको छ।

आफ्ना विशेष परिस्थिति र परिवेशले धेरै अध्ययन गर्न नपाउनुभएका र पोखराको सेरोफेरो छोडेर काठमाडौँ धाउन नपाउनुभएका लोककवि अलिमियाँको विशिष्टता प्राकृतिक वातावरण र स्वावलम्बनमा रमाउनुसँग सम्बन्धित छ। उहाँले गीतहरू गाउने र पुस्तक छपाउने भएपछि मात्र लेख्ने साहस गर्नुभयो। प्रकृतिमा देखिएका र आफूले भोगेका कुराहरूलाई गीत बनाएर गाउने र त्यसलाई कापीमा उतार्ने गर्दागर्दै उहाँले लेख्न सिक्नुभयो। त्यसैले उहाँको भाषा केही जटिल हुनु स्वाभाविकै हो। सामान्य पाठकले उहाँका अक्षरहरू बुझ्दैनन्। 'घर' लाई 'ध्र' 'थर' लाई थ्र जस्ता अक्षर र 'उद्योगी' लाई 'उधेकी' 'गोडा' लाई 'गोणा' जस्ता शब्द बनाएर उहाँले कविता वा गीतहरू लेख्नु भएको छ। धेरै समय घोरिएर उहाँका लेखाइको आशय ठम्याउनुपर्छ, शब्द वा वाक्य मिलाउनुपर्छ। यस क्रममा लोककविका पाण्डुलिपिहरू हेरेर कविता वा गीतको रूप दिन ठाकुरज्यूले र मैले निकै मेहनत गऱ्यौ। एउटा कविता वा गीतमा परेका पंक्ति अर्को गीत वा कविताका बीचमा परेको छ भने त्यसलाई आफैले बदलेर अर्कै बनाइदिने कठिन प्रयास पनि ठाकुरज्यूले गर्नुभयो। तर यसरी साध्य पनि चल्दैन र लोककविको स्वत्व पनि हराउँछ भनेर पुरा फ्वाँकी नदोहोरिएका भए ती पंक्ति सामान्य सुधार गरेर राख्ने र पुरा फ्वाँकी वा कविता नै दोहोरिएका भए हटाइदिने पद्धति हामीले अपनायौँ। पछि यो सुधारको सबै जिम्मा ठाकुरजइूले मलाई नै छोडिदिनुभयो। जिम्मा अनुसार सबै शुद्धाशुद्धि गरेर प्रुफ हेर्ने काम म आफैले गरेँ। सकभर लोककविका भाषामा शुद्धीकरण गरिएको छ, मुद्राराक्षस भनिने प्रेसमा हुने गल्तीले अरूलाई जस्तै मलाई पनि प्रशस्त छकाएरको छ, तर आँ गर्दा अलङ्कार बुझ्ने क्षमता पाठकहरूको हुन्छ र त्यो अशुद्धिले नछेक्ला भन्ने आशा मैले राखेको छु। अक्षरहरूको अशुद्धि रहेपनि शब्द र पंक्तिहरू छुट्ने र दोहोरिने नभएकामा म विश्वस्त छु।

लगभग छ दशकको लोकगीत सङ्कलन  र गायनका निरन्तरताबाट आज लोककवि अलि मियाँज्यू, नेपाली लोकगीतका प्रतिमूर्तिका रूपमा उभिनुभएको छ। नेपालमात्र नभई नेपाली सभ्यता, संस्कृति र कलाको पहुँच रहेका अरू देशमा समेत आज उहाँको ख्याति पुगेको छ र नेपालीहरूको गौरव तथा पोखरेलीहरूका गर्वका रूपमा उहाँको शान र सम्मान बढेको छ। राष्ट्रिय स्तरका इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०४७), भद्राकुमारी लोकगायन पुरस्कार (२०५१), नारायण गोपाल संगीत सम्मान (२०५८), आदिकवि भानुभक्त पुरस्कार आदि र क्षेत्रीय स्तरका शिरोमणि पुरस्कार ( २०५०), कुमुदिनी कला तथा साहित्य पुरस्कार (२०५३), आदि उहाँलाई प्राप्त भएका छन्। हेमजा साहित्य प्रतिष्ठान, शिरोमणि साहित्य परिषद्, लेखनाथ साहित्य प्रतिष्ठान, अरण्यज्योति पुस्तकालय आदि पोखराका संस्थाहरूले लोककविलाई अभिनन्दन चढाएका छन्। अन्नपूर्ण एफ.एम. रेडियो पोखराका स्टेशन म्यानेजर प्रकाश सायमीको सक्रियतामा लोकगीत र लोकसाहित्यका साधकहरूलाई सम्मान गर्ने अलि मियाँ अक्षकोषको स्थापना भएको छ र कान्तिपुरका प्रतिनिधि भई पोखरा बस्न आइपुगेका अमृत भादगाउँले भाइले लोककवि अलि मियाँ शीर्षकको जीवनी प्रकाशित गर्नुभएको छ, यी राम्रा कामहरू हुन्। यसका साथै पोखराका सबै प्रतिभाहरूले लोककविकोृ सम्मान गर्ने तत्परता देखाउनुभएको छ। लोककविको चौरासीको पूजा गर्ने सन्दर्भमा कविलाई रथारोहण गराएर पोखरा नगर परिक्रमा गराउने योजना पोखरेली युवा सांस्कृतिक परिवारका संयोजकत्वमा सबै साहित्यकार कलाकार रङ्गकर्मी, बुद्धिजीवी, समाजसेवी पोखरेलीहरूले गरेका छौँ। यस सुखद परिवेशमा लोककविको यो 'अलि मियाँको आवाज' नामक कृति प्रकाशनमा आउँदै छ । यो पनि खुशीको कुरो हो। यसको सम्पादन गर्ने सुअवसर पाएका ठाकुरप्रसाद सिग्देलज्यू र म आभारी रहेका छौँ। 'सम्झनाको दियो' जस्तो लोककविको विशालकाय प्रतिनिधि कृति प्रकाशित गर्दा पनि नपुगेर फेरि आर्थिक भार वहन गरी यो कृति प्राकशित गर्ने कविपुत्र हाजी हनिफज्यूको जन्मे यस्तै शुरवीर पुत्र जन्मुन् हिक्मत हारा जन्मदै भो नजन्मून् भन्ने कवि तीर्थराज पाण्डेको

भनाइको सम्झना गर्दै हामी सराहना गर्छौं। बुबाका कृतिहरू प्रकाशन गर्ने क्रम अझै जारिरहने  छ भन्ने उहाँको भनाइ अझ स्मरणीय छ। उहाँको मनोरथ पुरा हुँदै जाओस्। यस कृतिको बाहिरी कभर डिजाइन गर्ने अमृतबाबु पौडेललाई धन्यवाद छ र प्रेसको व्यवस्था मिलाउने भाइ रवि सिग्देल तथा कम्प्युछर गर्ने बहिनी सरिता राना पनि धन्यवादका  सहभागी हुनुहुन्छ।

अन्त्यमा, चौरासी वर्ष प्रवेशका सन्दर्भमा पूजित र सम्मानित हुन लाग्नुभएका लोककवि अलि मियाँज्यूको जीवन स्वस्थ, क्रियाशील र दीर्घजीवी हुन सकोस् भन्ने तीव्र चाहना राखेर कलम बिर्साउँछु। हतपतको काम तलपत हुन्छ भन्ने कुराको मर्म बुझेर पनि सम्पादनमा खट्केका कुराहरूको सुधारतिर ध्यान पुऱ्याउन खोज्ने पाठक महानुभावहरूका सुझावको कदर गरिने छ र जानकारी गराउनु हुनेछ।

वसन्तपञ्चमी २०५८

**पुनश्च** : लोककवि ‘पहाडको उहार’ कविता सँगालो प्राप्त भई २०६१ सालमा अलि मियाँ अभिनन्दन ग्रन्थमा प्रकाशित भइसकेको कुरा दोस्रो संस्करणमा पनि छुट भएकाले तेस्रो संस्करणमा पाठक समक्ष जानकारी गराउँछु।

२०७५।०६।२१

रविलाल अधिकारी

# विषयसूची


| | |
|---|---|
| मेरो बाल्यकाल | २१ |
| मेरो पोखरा | २५ |
| देशका लागि आह्वान | २७ |
| केही गरी मर्नु छ | २९ |
| सृष्टि र स्वार्थ | ३१ |
| मानवतावादी वन | ३३ |
| अब के गर्ने ? | ३५ |
| ईश्वरको याद | ३६ |
| पसिनाको महत्त्व | ३७ |
| स्वाभिमान | ४१ |
| विसंगति | ४२ |
| पुराना कुराहरूको याद | ४३ |
| पोखराको माया सबैलाई | ४४ |
| सुखीलाई गुँदरी काम्लो | ४५ |
| नेपालीको अवस्था | ४६ |
| प्रकृतिको मोह | ४७ |
| नामर्द नेता | ४८ |
| कर्मको खेल | ४९ |
| नेताको अभाव | ५० |
| सावधान ! | ५१ |
| चिन्नै सकिने नेपाली ठिटो | ५२ |
| छुट्टिने बेला | ५३ |
| यहाँ यस्तै छ | ५४ |
| मेरी धोबिनी चरी | ५५ |
| यो माटो नै चोखो छ | ५६ |
| अब त जाऊँ दाजु घर | ५७ |
| सलल डुँगा फेवा तालैमा | ५८ |
| विकासको स्वतन्त्रता | ६१ |
| नभएको चिन्ता | ६२ |
| विदेशबाट देश हेर्दा | ६३ |
| मेरो चाहना | ६४ |
| लागू पदार्थको दोष | ६५ |
| तराना | ६६ |
| नेपालीको शान | ६७ |
| वासिङ्टनमा | ६८ |
| पुरुषार्थ नबिर्स | ७० |
| सबैको रहर | ७१ |
| न्याउलीको वेदना | ७२ |
| सावधान होऊ नेपाली | ७३ |
| अझै पनि आमा रोइरहेछिन् | ७४ |
| हामी कम्ती छैनौं | ७५ |
| राजमुकुटको शान राख | ७६ |

स्वर्गीय कविप्रति ७७
भैगो हजुर म हार खाएँ ! ७९
म क्रान्तिकारी ८१
नेपालीपन ८३
नजान्नेलाई कानून ८४
जीवनको हालखबर ८५
प्यारा साना नानी ८६
यस्ता पनि नेपाली छन् ९०
दण्ड दिनुपर्छ ९१
बाँचिरहने काम गर ९२
सत्यतामा बहादुरी गर ९३
यै धर्तीलाई स्वर्ग सम्झ ९४
चरीलाई बेल पाके के हुन्छ ९६
हजुर जस्तो पाइन ९७
बिग्रदै जाँदा ९८
आफ्नै बाटो खनौं १००
के-के होला ? १०१
बुढाको गन्थन १०२
नाबालकको नेपाल १०३
नेपालीको तुनेलो १०४
स्वदेशै रमाइलो १०५
अब के गर्ने हो ? १०६
न्याउली मन धर्काउने १०७
जोगाउँला नेपालीपन पनि १०८
यहीँ बाँच्नुपर्छ १०९
मेरो छाती ११०
चरीको बिलौना १११
कसको भर पर्ने ११२
हद्दर नखाऊँ ११३
धिक्कार छ ११४
देश बचाऊ ११५
भद्रगोल११६
क्या छ पैसा ११८
बसम् बैनी आजको रात ११९
नौलो मायाँ लाउन सबैलाई १२०
नौलो मायाँ न तिम्लाई न मलाई१२१
कुर्ची मात्र दाउ १२२
नौलो जमाना १२३
छक्कै परें १२४
हुँदैन साधु घस्तैमा खरानी १२५
जानै पर्ने होला १२६
गीत १२७
म आएँ दमौली १३०
केही टुक्राहरू १३१
परिशिष्ट १४५

# मेरो बाल्यकाल

गण्डकी अञ्चल यो कास्की जिल्ला रमाइलो पोखरा
त्यो बालककालको दुःख र सुख दिँदैछु पोखेर
यो पोखराको छ पूर्वी भेक सानु छ मिया गाउँ
म लेखुँ पैले बितेका पुर्खा ती भनी साँचो नाउँ ।

बहादुर बाजे दीना मोहमद पिता, माहातारी जहुरा
अठार मैना तीन वर्ष भित्र दुवैको टुहुरा
पचहत्तर सालको फाल्गुन मैना रहेछ जन्म दिन
कसरी बित्यो यो बाल्यकाल कसरी बिते दिन ।

दयाको खानी परमेश्वर एउटा दाइभाउजू सहारा
कसरी दिन्थे मलाई यिनले पेटभरि आहारा
लटपटे बोली रोएर न्याउली तीनवर्षे बालक
रोएँ हुँ कति आमा र बाबा सम्झेर झलक्क ।

यो छड्गाचुरे पिंढीको डिलमा लोटेर रोए हुँ
बलिन्द्रधारा आँसुका ढिक्का यै मुख धोए हुँ
हाइ कठैबरा भन्दिने को छ दैव नै सहारा
म रुँदा कति रोए हुन् पिरले ती छाँगा-छहरा ।

आङभरि भोटो पेटभरि रोटो को दिन्थ्यो भोकमा
आमा र बाबा रुँदा हुन् कति उही इन्द्रलोकमा
स्वर्गमा रुने माता र पिता म रुन्छु घरमा
भन्दा हुन् तिनी छाडेर आइयो दाइ भाउजू भरमा ।

मलाई देखी विह्वल हुन्थे ती मेरा छिमेकी
तिनीले भन्थे अँध्यारो त्यो घर बत्ती नै निभेकी
छिमेकी भन्छन् के देख्न पऱ्यो अन्याय बिजोक
दाइभाउजू भन्थे के पाल्नुपऱ्यो सधैँको रिफ्रक ।

अन्याय गऱ्यौ दैवले मलाई अचम्म निसाफ
दुःखका लहर के कति भोग केही छैन हिसाब
उडेर जाउँ कि डुबेर मरूँ विरह झोंकमा
मै जस्ता कति रुँदा हुन् शिशु यै मर्त्यलोकमा ।

के कति थियो आर्जेको तिनले पुर्खाको सम्पत्ति
लापत्ता भयो बितेर गयो थियो रे जे जति
पोखेर साध्य छैन रे हजुर यी दुःखका भकारी
यी सबैबाट ठगिदै आएँ सुख भोग नगरी ।

बितेर गए औँसीको रात परेवा लागेछ
शुक्ल पक्षको द्वितीया चन्द्र उदाउँदै आएछ
कसरी बिते पाँचसात वर्ष म भन्न सक्तिन
रुने र हाँस्ने के कति भयो त्यो गन्न सक्तिन ।

चाँदी र जोख्यो तोला र तोला सुन जोखे हिसाब
रुवाउँछ कैले हँसाउँछ कैले दैवको निसाफ
हर्दिने पनि भर्दिने पनि ईश्वरको मर्जी छ
सहन सके आउँदछ पालो पुर्खाको अर्ती छ ।

राँडीको पाइलो ओराली लागे टुहुराको आउँछ दिन
पुर्खाले भन्थे बिर्सनुपर्छ बितेका पैला दिन
इन्द्रका सामु स्वर्गको बयान कसरी म गरूँ
माझी छ कता उर्लदो भेल कसरी म तरूँ ।

औंलालाई भाँची गनेर आएँ भएछु देशको
बोली र भाषा सबैको बुझें आनन्द रसको
टुहुरो केटो हुर्केर आएँ अब भो रसिलो
तित्रो झैं टाठो कोइली झैं बोली अचम्म रसिलो ।

वनमा जाने घाँसपात गर्ने म बल्ल भएछु
अर्काले गाउँदा रहर मान्ने त्यो पनि भएछु
गाएका गीतको कानमा रन्को मलाई दिनभरि
विरह भेल उर्लन्थ्यो मनमा लाग्दैन निदरी ।

ईश्वरको कृपा यस्तै भो महिमा किस्मतको रै'छ खेल
हा ¤ कठै भन्ने कोही छैन घरमा विरह चल्थे भेल
न मलाई हुन्थ्यो रातीको निद्रा न दिनको घाम पनि
म जता हेर्छु मिल्दछ साँगुरो उभिने ठाउँ पनि ।

म घुम्न लागें रन र वन पाखा र पहरा
मलाई अति रमाइला लाग्थे ती छाँगा छहरा
दिन र दिन म बन्न लागें चौथीको चन्द्रमा
वेदना मनको म पोख्न लागें बाह्र र पन्ध्रमा ।

घरमा भन्दा रमाइलो पर बैंसालुपन पनि
त्यो बिना धागो उडेको चङ्गा त्यतिको मन पनि
फुटेको कपास फाटेको आकाश रमाइलो त्यतिकै
यो अँध्यारोमा बले झैं दियो तेल थपे जत्तिकै ।

जसरी टिप्थें ऐसेलु दाना वैशाखे काफल
त्यसरी टिप्थें गाएका गीत म हुन्थें, सफल
हाँस्ने र खेल्ने ती चराचरी आआफ्नै भाषामा
फुटेको कौडी थिएन हजुर त्यो बला साथमा ।

तर्कै वितर्क लहर उठ्छ जाँ हेर्छु उराठ
उर्लेर आउँथे वैरागी भेल चाहिन्थ्यो चुरोट
पैलेका पैसा गरुङ्गा साह्रै सक्कली तामाको
पाकेटमा छामे केही पनि छैन याद आउँथ्यो आमाको ।

के भयो तँलाई भन्ने कोही छैन एउटै छ सहारा
जसरी पनि जुटाइदिन्थ्यो दैवको आहारा
वनको सीठो घट्टको पीठो मागेको खुर्सानी
बाटो छ वनको चल्दछ रन्को कसरी बिर्सने ।

भीर पैरो चरी बाँदर बथान कसरी बाँचेका
ओल्ला र पल्ला वनबुटा डाली हाँसेर नाचेका
यिनका पुर्खा निरअङ्सी रै'छन् भएछन् बाँदर
हौसला थपी म हिँड्न लागें नभई काँतर ।

❍

## मेरो पोखरा

मेरो जन्मस्थल पवित्र धरती पोखरा नगरी
सुख छैन मलाई गाउँबेंसी नगरी
पर्दै नबाँच्ने जाँगर नछरी
देखिन्न स्वर्ग आफै नमरी

जहाँ म छु त्यहीं छन् विन्ध्येश्वरी
सधैँ हाँसिरहने हिमशिखर वरिपरि
कहिले ओढ्छिन् नौरङ्गी पछ्यौरी कैले सेतो पगरी
हाँसिरहन्छ माछापुच्छ्रे मख्ख परी बेसरी

प्रकृतिले सजिएकी पोखरा नगरी
बाह्रौकाल हराभरा यो नगरी गरिपरि
देवी भैरव नृत्य हुन्छ स्वर्गका अप्सरा सरी
दुधका लहर बहाउँछिन् शुक्ला पोखराभरि

सधैँ हाँसिरहने अन्नपूर्ण धौलागिरि
थरी थरी लालीगुराँस फूलमाला गलाभरि
जहाँ गाउँछन् नाच्छन् डाँफे मुनाल चराचरी
यो धर्ती त मलाई लाग्छ स्वर्ग सरी

यहाँ मस्जिद छ, बुद्ध सदन हजारौँ छन्, मठ मन्दिर वरिपरि
सबै धर्मावलम्बी छौँ, बाँचिरहेछौ नङमासु सरी
यहाँ छैन कुनै दिन पनि अमेल रन्चे झरी
यसैले पोखरा आनन्द शान्ति नगरी

आठै छन् तालैताल पोखरा वरिपरि

विश्वभरिका मित्र ऐश गर्छन् डुङ्गा भरिभरि
लेकसाइड देखिन्छ यतिखेर इङ्ल्यान्ड सरी
यसैले पोखरा देखिन्छिन् चौथीकी चन्द्र सरी

सधैँ हाँसी रहे जस्ती मेरी उपमहानगरी
गर्दैछन् कोरीबाटी मैलो धैलो धोइपखाली गरी
विश्वभरमा को होला र नेपाल आमा सरी
यो नगरी भन्छन् सबैले विश्वकी सुन्दरी

❍

## देशका लागि आह्वान

अब हामी मूल बाटोमा हेर्दे दायाँ बायाँ
विश्वभरि मित्रभाव नौलो लगाई मायाँ
उचालेर स्वदेशलाई अब विश्व हेर्ने
आयो पालो नेपालीले काँचुलीलाई फेर्ने

बिर्सनुछ अन्यत्रीको मुख हेर्ने बानी
पैल्याउनुछ आफ्नै घरको उन्नतिको खानी
चले गोडी फल्थ्यो बोडी जाँगरिलो बानी
छेउको सियो माझैमहाँ आउँथ्यो होला तानी

तेल बनेर छाँगाछागी कति झरिरा'छन्
जुनकीरी झैँ झल्किर'ने तारे पहरा छन्
माग्न सके के छैन र ¤ यी आमाको पेवा
सेवा गरे जसले पनि खान पाउँथ्यो मेवा

उन्नतिले उडिरा'छन् मानिस गगनमा
हामी सधैँ लोटेका छौँ आफ्नो आँगनमा
मागी खाने मानिसले दिन जान्दैन रे
दिने खाने मानिसले माग्न मान्दैन रे

उडिराख्ने चराचरी लडी मर्दैन रे
काम गर्ने कामदारहरू भोकै मर्दैन रे
गाउँबेसी काम गरौँ पसिनालाई छरौँ
उठौँ लम्को नेपाली हो देशका लागि मरौँ

के छैन र यो धर्तीमा जाग्र हुन सके

माना खाई मुरी ल्याउने उद्यम गर्न सके
तरौला चरौला रेल त्यो बाटो वनको
आँटेर ताके पुऱ्याउँछ दैव ईरादा मनको

यै धर्तीमहाँ खियाउनु छ र यी दश नङ्ग्रा
किटेर दाह्रा खोल्नुछ यहाँ उद्योगी तगारा
मर्दको छोरा नामर्द बनी के सुत्नु लडेर
दिएर खाने बन्नु छ हामी हिँड्नु छ डटेर

दिएर खाने बसालौँ बानी बरु खाऊँ मागेर
उठ न उठ नेपाली भाइ जुर्मुराई जागेर
सूर्य र चन्द्र बोकेर झण्डा जाऊँ सगरमाथामा
बहादुर नाम लेखाउनुछ रे अमर खातामा

सुख र दुःख दुई थोक हुन्छ जीवनभरिमा
गरेर देखाऊ दुई थोपा रगत छउन्जेल छातीमा
अर्काको दैलो कुरेर तिमी के बन्छौ लाहुरे
छेउको सियो माझैमा ल्याऊ आऊ न आऊ रे

❍

# केही गरी मर्नु छ

मुठी बाँधी जन्मदछौ मुठी खोली जाने
फेरि इच्छा गर्नु छैन यै धर्तीमा आउने
जन्मने हो एकफेर मर्ने एकै बाजी
यो सम्पत्ति बोकी लाने छैन कोही काजी

पृथ्वीको लाख तिरिन यो सबै छ साजी
वैतरणीलाई तारी लाने एउटै छ है माझी
आए गए कति जना स्वर्गवासीहरू
खाली आए रित्तो गए केको सोच गरूँ

मरे पनि बाँचिरहने लोकको सेवा गरूँ
मेरो देश अमर रहोस् यै भनेर मरूँ
घात गर्नुहुँदैन रे सेवै ठुलो धर्म
हरेस खानु हुँदैन रे मानिसको कर्म

पढी कैल्यै सकिँदैन विद्या भण्डार पनि
रित्याएर सकिँदैन समुद्रको पानी
गए आए चन्द्रलोक मङ्गललोक पनि
जन्मे होलान् यै धर्तीमा बृहस्पति लोक हेर्ने पनि

आँटे ताके पुर्‍याइ दिने छँदै छ रे दैव
कर्कलाको पानी जस्तै जिन्दगीको महिमा
खरानीको रेलोछेलो घर पोलेर होला
अहङ्कारी बन्नुछैन आखिर मर्ने चोला

जतिले भरिन्छ पेट त्यति तिम्रो हक
बाँडीचुँडी खान सिक दुःखीलाई नगठ
नेपालीले नेपाललाई ठगे पाप हुन्छ
युगौँभरि बाँचिरहने ठुलो मान्छे कुन छ

कामले मात्र मानिस ठुलो इमानदारी जुन छ
देशका लागि मरिमेट्ने त्यो चाहिँ ठुलो हुन्छ
जातले भने ठुलो बन्ने काम सानो गर्ने
त्यस्तालाई विचार गरी बल्ल छाला तर्ने

# सृष्टि र स्वार्थ

लोभीको भाँडो उत्तानो सधैँ कहिले हो भरिने
उठाई शीत भर्नुछ घैला कैले हो मरिने
भन्दछन् सबै वैतरणी पनि तार्दिन्छन् तर्दछन्
यहाँका जस्तै जापानी माझीको बीचमा छाड्दिन्छन्

हँसाइभन्दा रुवाइ धेरै यस लोकमा आएर
चौरासीवटा दसैँ र तिहार आधी पेट खाएर
एकदिन त नाम अवश्य आउला गरेमा काम पनि
खाली हात जालान् भरेका सबै विदेशी बैंक पनि

दुनियाँ चुसी लिएको धन लैजाने का'छ ठाउँ
मलामी गाउँले ती जन्ती गाउँले चाहिने आफ्नै गाउँ
धनीलाई स्वर्ग गरिबलाई नर्क कसको छ राजीनामा
एकदिन चर्नु खटिया माथि मुर्दार लेखी नाम

आफ्नो र अर्को धनैले गर्छ धनै हो काल पनि
बिरिन्छ हजुर एकफेर जरुर नाच्नेको ताल पनि
ती ऋषिमुनि तापेर धुनी एकान्त गर्थे ध्यान
ती पनि भुल्छन् संसारमा डुल्छन् छुटेर जान्छन् ज्ञान

एकबारको चोला मर्ने त होला घुमफिर नरमा
गरेको कामको दिनु छ जवाफ दैवको घरमा
फलेका फल मानिसले खान्छ हार खानु हुँदैन
सेवा नै धर्म मानवले गरोस् घात गर्नु हुँदैन

जातले मानिस हुँदैन ठुलो कि हुन्छ कामले

राष्ट्रको सेवा गरेर मात्र मर्नु छ नामले
कामले काजी मानौँला हामी खुसीका साथमा
सानो र ठुलो यी सबै गलत एउटै हो आँतमा

सानो र ठुलो कोही पनि छैन ईश्वरका सृष्टिमा
राष्ट्रका रैती सब एक हुन्छन् ईश्वरका दृष्टिमा
कोही सानो ठुलो भनेको छैन शास्त्रको वचन
कानुनमा पनि पक्षपात छैन मानिसले सोचेन

सानो र ठुलो खोई कसलाई भनूँ सब रगत रातो छ
जातको हैन कामको यहाँ सारै नै खाँचो छ
राम्रो काम गर्ने त्यो हुन्छ ठुलो जातले हैन है
जातको ठुलो हुँदछ भन्ने नीतिमा छैन कहीं।

❍

## मानवतावादी वन

## (अमेरिका प्रति)

कुनै घरमा झगडा टन्टा कुनै घरमा मेल
कुनै मैदानमा पैदल सवारी कुनै पर्वतमा रेल
कति हाँसिरहेछन् रङ्गमहलमा कुनै कुरेका जेल
थरी थरीका तरङ्ग चलाई मानिस खेलेका खेल

पश्चिमी देशको हावाहुरीले कुनै घरमा छैन मेल
कुर्लिरहेछ उर्लिरहेछ अशान्तिहरूको भेल
विश्वभरिको भाले बनेर मै हुँ भनी बासी रहेछ
लाखौँ मारी सोझा निमुखा ऊ एक्लौटी गरिरहेछ

नझुक्नेलाई झुकाइरहेछ आफ्नो गल्ती लुकाइरहेछ
साना देश खरानी बनाई आज दाँत फुकाइरहेछ
सारा महल खरानी बनाई डाँडाकाँडा भत्काइरहेछ
कैयौँ मार्‍यो निर्दोष व्यक्ति हूलदङ्गा मच्चाइरहेछ

बदमासलाई सजायँ दिनु यस लोकमा ठीक थियो
जरैसम्म उखाली मास्नु थियो जुन मुख्य विष थियो
देशै दुःखीको खराबी गरायो निर्दोष व्यक्ति कैयौँ मरायो
तातो रगतको खोला बगायो विश्वभरिमा निसाफ हरायो

बेहकमा मार्नु हुँदैन कुनै देशका कुनै पनि
दोषी ठहराई देऊ सजायँ निर्दोष नमार कुनै पनि
वीर पुरुष मानिस जन्मेको छैन विश्वभरिमा कोही पनि
निसाफ खोज्दा पाइँदैन राष्ट्र सङ्घ जहाँ भए पनि

सबै कुराको बलियो जो छ त्यही छ भीटो पावर पनि

निर्धो बेखोजी मरिरहेछ सधैँ भैरहन्छ ताहुर माहुर पनि
मारे कति गाईहरू जगजगाई रमाइरहेछन् बाघहरू
तेल नथप अग्निमहाँ कत्ति नबढाऊ रागहरू

मानव अधिकार देऊ सबैलाई विश्वलाई बँचाऊ
शान्ति शान्ति भन्दै जाऊ अशान्ति नमच्चाऊ
जल्दोबल्दो अग्नि निभाऊ गरीबीहरूको भेल सुकाऊ
फर्काई ल्याऊ सत्य युग न्यायहरूको ढोका खुलाऊ

नबनाऊ परयाणु अस्त्रहरू मार्नु हुँदैन कुनै पनि
धनका धनी छँदैछौ दयाका पनि बन धनीमानी
शान्ति शान्ति भन्दै जाऊ विश्वमा शान्ति गराऊ
देऊ सबैको मानव अधिकार गरीबीको भेल हटाऊ

दोषी ठहराई कारवाही गर निर्दोष मरे कति हुन्छ खती
यसको फल अवश्य भोग्नुपर्छ गल्ती गरे जे जति
विश्वभरिका धनी तिमी दुःखी माथि दया गर
हाडमासुका हामी सबै ज्ञानी बनी माया गर ।

# अब के गर्ने ?

खुस्के यहाँका सब बन्धनहरू
हुँदैछन् जम्मा इन्धन घोट्नेहरू- अब के गर्ने ?

गए कहाँ पुगे ती साथीहरू
कुखुरे निद्रा छ मलाई धरु- अब के गर्ने ?

जवाना उस्तै छ कोसित आँखा तरूँ
सबै जोखी कान चिरेका कसका भर परूँ- अब के गर्ने ?

देशभर नै टी.बी. रोग छ के उपचार गरूँ
बाँदरका हात नरिवल के गरूँ के गरूँ - अब के गर्ने ?

आसन नभएको डोको जस्तो अडिन्छ कहीं ?
जहाँ पनि यस्तै छ विना मियोको दाइँ - अब के गर्ने ?

कुकुरको पुच्छर कहिल्यै सोझो हुँदैन
बेइमानीको पनि सीमा हुँदैन- अब के गर्ने ?

काग जति नुहाए पनि कोइली हुँदैन
किन कागलाई बिस्टी नखाई हुँदैन,
कोइलीले बिस्टी छुँदैन - अब के गर्ने ?

जति नुहाइ पनि काग कोइली हुँदैन
अन्धाको देशमा कानो मान्छे नौलो हुँदैन - अब के गर्ने ?

# ईश्वरको याद

बोकेर पानी दौडन्छ बादल आकाशमा कसरी
गर्जन्छ मेघ चौपट्ट गरी थर्कन्छ जसरी
चल्दछ हुरी पोखिन्छ पानी पृथिवी भिजाउँछ
दुनियाँ पाल्छ अङ्गालो हाल्छ परमेश्वर रिझाउँछ।

जन्मन्छन् जति मर्दछन् त्यति त्यो तिनको खेती हो
कुनैलाई सुख कुनैलाई दुःख अचम्म भेटियो
मरेको जति लैजान्छ कहाँ फर्केर आउँदैन
सुख र दुःख त्यहाँको खबर कोही लेख्न पाउँदैन।

ईश्वरले दिन्छ जिन्दगी एउटा मानिसलाई खेलाउन
पिंजडा छोडी जाँदछ चरी पाउँदैन सेलाउन
जन्मेर हामी मरौंला भनी प्रतिज्ञा गरेको
धेरै त जसो यहाँबाट त्यहाँ भन्दछन् सरेको।

म कैले देख्छु आकाशमा तारा ती पनि झरेको
म कति भेट्छु सपनीमहाँ ती मानिस झरेको
दोहोरो हैन एकोहोरो मात्र बात पनि गरेको
यो जीवन एउटा रहेछ माटो खेलौना गरेको

हर्ने र भर्ने परमेश्वर छ है बिर्सनु हुँदैन
ईश्वर छ है त्यो पनि भन्छ जसले मुख धुँदैन
जसरी जीवन हरेर लान्छ एकफेर कालले
यो संसार एउटा बाँधेर राख्यो मायाको जालले

❍

पसिनाको महत्त्व

चुलामा मुढो घरमा बुढो नभए अगर
कहिले पनि खुल्दैन अरे त्यो घरको तगार
राज्यमा सबलाई सुख र शान्ति नभए अगर
जिन्दगीभरि बिराउनु पर्छ खोलीको बगर ।

छोडेर बाटो कुबाटो हिँड्न त्यो काम नगर
मनपरी लेखी झर्दछ सेंखी पुग्दछ रहर
गाउँ र बेंसी गर्नमा कत्ति अल्छ्याइँ नगर
देशको दुःख धोएर मात्र पुग्दछ रहर ।

मङ्गललोक पनि गएर आए ती मित्र छिमेकी
खाएर मुठी कमाउँछन् मुरी देशका निमेकी
यै धर्तीभित्र काम कति गरी पसिना छर्नु छ
आमाको भारा तिरेर मात्र यै देशमा मर्नु छ

मेची र काली सिमाना हाम्रा हिमाल हाँसेका
रमाई कति ती डाँफे मुनाल गाएर नाचेका
ती लाखौंलाख झरेका झरना ती छाँगा छहरा
किन हो कुन्नि खुलेका छैनन् उद्योगी तगारा ।

छाँगा र छुँगी ततेर तिमी टारीखेत भिजाऊ
उद्योगी धन्दा खोलेर सब लक्ष्मीलाई रिझाऊ
असार गरे मंसिर हुन्छ, त्यो तिमी जान्दछौ
गाउँ बेंसी गर पसिना छर आनन्द पाउँदछौ ।

मानिस त ठुलो कामले हुन्छ जातले हुँदैन
काम गर्ने मानिस बन्दछ ठुलो सानो त हुँदैन

उडेको चरो लोटेर कैल्यै मरेको देखिन्न
उदाउने सूर्य पाँचवटा औंला देखाई छेकिन्न ।

जानु छ हामी बोकेर भारी भंज्याङ्को चौतारी
भेटाउनु पर्छ छिमेकी हाम्रा ती बाला दौंतरी
गाउँ र बेंसी छ कति गर्नु छर्नु छ जाँगर
सिंगार्नुपर्छ कति हुन् कति दैलाको सँघार ।

बनेर तेल झरेका झरना ती छाँगा छहरा
जुनकिरी जस्तै झल्केका कति तर पारे पहरा
खुलाउनुपर्ने कति हुन् कति उद्योगी तगारा
हँसाउनुपर्ने नेपाल आमा पुऱ्याऊ रहर ।

जातको खाँचो छैन है थाहा कामको खाँचो छ
प्रकृति द्रव्य बोकेकी आमा काम गर्न बाटो छ
भाषणले स्वर्ग यो देश होला नदेख सपना
जाँगर छरे तैयार छ हजुर नयाँ युग फर्कन ।

मर्दको छोरा नामर्द भई हार खानु हुँदैन
विदेशी आई यो हाम्रा दुःख कसैले धुँदैन
विदेशको दैलो कुरेर मात्र के बन्नु लाहुरे
छेउको सियो माझैमा ल्याऊ नेपाली आऊ रे ।

किटेर दाह्रा पसिना छरे के छैन धर्तीमा
मर्ने र मर्ने नगर काम अर्काको अर्तीमा
खाएर मुट्ठी कमाउन मुरी त्यो बाटो हेर्नु छ

सर्पले जस्तै नेपाली पनि काँचुली फेर्नु छ ।

गाउँ र बेंसी छ गृहयुद्ध यो ठुलो दशा हो
भाइ र भाइ आपसमा मर्नु नराम्रो नशा हो
तिर्नु छ यहाँ आमाको भारा आपसमा गरौं मेल
नेपाली तिम्रो दैलामा पनि आइपुग्ने थियो रेल ।

चलाऊ गोडी, फलाऊ बोडी खियाऊ यी नङ्रा
किटेर दाह्रा खोल्नु छ यहाँ उद्योगी तगारा
नचाउनु छ रे फलामका फुर्का विद्युतको भरमा
सहकारी ढोका खोल्नु छ यहाँ नेपाली घरमा ।

चुसेर खाने बिर्साऊ बानी गरेर खानु छ
गरेर खाने बसालौं बानी मरे के लानु छ ?
डसेर खाँदा अघोर पाप छ बुद्धको भनाइ
मागेर खान्न वीर पुरुषलाई छँदैछ भनाइ ।

लाखौं छन् यहाँ झरेका झरना हिमशिखर रसाई
यसैले भन्छन् तपस्या त्यागी बसेको बसाइँ
मार खाए पनि हार खान हुन्न मर्दको हिम्मत
के मूल्याङ्कन को गर्न सक्छ छोराको किम्मत ।

प्रकृति पेवा कति हो कति आमाले राखेको
माग न माग नेपाली भाइ हात पर्ला पाखेको
अर्काको मुख हेरने बानी बिर्सनु पर्दछ
खाँदछ मुठ्ठी कमाउँछ मुरी देशभक्त मर्दछ ।

काम गर्नेलाई थान दिनुपर्छ अकामी मास्नु छ
देशका दुःख धोइदिनेलाई देखेर हाँस्नु छ
बालुवा पेली आउँदैन तेल तोरी नै छर्नु छ
नेपाल आमा सम्भेर स्वर्ग केही गरी मर्नु छ।

मरे पनि बाँचिरहने जसले काम गर्छ
गाउँ बेंसी काम ती गरी जुन पसिना छर्छ
यै धर्तीको मैले धैलो जुन वीरले धुन्छ
नेपाल आमा तिम्रो छोरा बुद्ध जस्तै हुन्छ।

## स्वाभिमान

धेरै मित्र चिने मैले मलाई छैनन् चिन्ने
कसले कठै भन्ने छ र घुँडा टेकी हिन्ने ?
जति पल्ट लोटे पनि लोट्यो भन्ने छैन
जति चोट लागे पनि ऐया भन्ने छैन
जति दुःख परे पनि भीख माग्ने छैन ।

टोपी झिकी पुछिरहुँला आँसु झरे पनि
पुच्छर बनी झुक्ने छैन भोकै मरे पनि
जसलाई पनि धन चाहिन्छ सन्यास लिए पनि
पोको पारी फालिदिन्छन् इमान्दारी पनि

मरेपछि मऱ्यो-मऱ्यो फर्किदैन फेरि
मानिसको मूल्य अङ्क इमान्दारी हेरी
हामी जस्तै हाडमासुका देव दैत्य पनि
यस लोकको सम्पत्ति ली बैकुण्ठको धनी

मेरो विचार छैन हजुर बेहकमा झुक्ने
नेता बन्नु छैन म त गाउँबेंसीमा भुक्ने
लाटा सीधा जन ठगी धन कमाउनु छैन
कुनैसित बेहकमा झुक्ने पनि छैन

मणि हुन्छ सारै सानो मूल्य हुन्छ ठुलो
खेतको गरो ठुलो हुन्छ सानो हुन्छ कुलो
मानिस ठुलो जीवनभरि विवेककारी भए
सबै ठुला धर्म भने सम्झनामा रहे

विसंगति

यहाँ मानिस कति हुन्छन् कति पुर्पुरो समाती रुने कराउने
कठै भन्ने कोही छैनन् तिनीलाई वारिघाट तराउने
यहाँ मानिस बन्न दोजिरहेछन् ह्विस्की ब्राण्डीले पेट भराउने
नत्र भने जस्तै बुद्धिजीवी पनि हुन्छ बाख्रा चराउने

यहाँ कति छन् कति चाहिंदा नचाहिंदा मरी मसान जगाउने
कुनै संविधानसित पनि नडराउने
अदालत पनि त्यस्तै छ पैसाले मात्र वकालत गराउने
जमाना पनि त्यस्तै छ मूर्खसित दैव डराउने

कुनै छन् यस्ता रात पऱ्यो फ्याउरो झैं कराउने
भाषण कस्तो आकाशमा तारा भुइँमा झराउने
काम गर्छन् कस्तो विना मियोको दाइँ गराउने
यै भएर त हो नि हाम्रा भाइ कुखुराको चल्ला झैँ हराउने

पूजा गर्न गए देवी देउतासित सबै डराउने
निसाफ माग्दा माग्दै त्यसै हराउने
नानी राम्राी भए मासु बोसो भए जो पनि मन पराउने
कस्तो जमाना आयो बोका बोकाको दाइँ गराउने

## पुराना कुराहरूको याद

गाउँबेंसी हजुर हरियाली वन पनि
झल्को लाग्छ हजुर बिग्रन्छ मन पनि

नागबेली गोरेटो बाटो पुर्खा कति हिंडे
वर पिपल चौतारो त पुर्खा तिनले चिने
कहीं बने ठाँटी पौवा कहीं पानीधारा
धर्म-कर्ममा मरिमेट्थे पुर्खाहरू सारा

काँधै बोकी हलो जुवा सधैं गाउँ बेंसी
निराशामा थिएनन् ती सधैं हिंड्थे हाँसी
कोसभरिको गाउँबेंसी पुर्खा तिनी धाउँथे
उरालेर रन्काइदिन्थे मीठा सिलोक गाउँथे

खनी खोस्री टारी टुक्रा मलजलले मोली
बर्खे खर्च चाहियो भनी छर्थे चैते तोरी
सुन छरे झै पहेंल्पुर सारा स्वदेशभरि
मरिमेटी कमाइ गर्थे पसिनालाई छरी

बेंसी झरे गाई गोठ लेक भेंडी गोठ
ती मार्फाली स्याउ जस्तै तिनका गालाओंठ
पसिनाले रुझीभिजी आÇनो मुख धुन्थे
जुन बेलामा जस्तो चाहियो त्यस्तै-त्यस्तै हुन्थे

हिमाल चर्ने डाँफे मुनाल बुकेनीको घारी
कोरीबाट सिंगारेको गुराँस फूलबारी
बाह्रैं काल हराभरा मेरो गाउँ बेंसी
मेरो गाउँ मेरो बेंसी मलाई लाग्छ काशी

# पोखराको माया सबैलाई

हिमाल चऱ्यो चौरी गाई, पोखराको माया सबैलाई
आठौं ताल झलमल यै पोखराभित्र
यिनलाईै हेरी छक्क पर्छन् आउने इष्टमित्र
पोखराको मुटुभित्र दुध जस्ती गंगा
छाती खोली देखाई दिन्छिन् सबै छोरासँग
नौलो मादल बज्यो दाइ, एउटै तालमा नाचौं दिदी भाइ
छाती फर्काई कसलाई हेर्छौ तिमी माछापुच्छ्रे
पोखरा छ झलमल त्यही तिम्रो रूपले
तिमी छौ कि म छु ठुलो बोल इमान्दारी
तिम्रो गाला कति राम्रो गुराँस फूलबारी
चोखो माया लाउनलाई, बोलाएको पाहुना सबैलाई

मलाई हेरी नहाँसन तिमी कहिल्यै पनि
मलाई हेरी नरोऊ तिमी जहिले सुकै पनि
भाङगिएका खोलानाला कसले अँगाल्छ र ?
मरिमेट्ने बल परे कसले समाल्छ र ?
अँगाल्नु छ सबैलाई नेपाली सब आÇनै दाजुभाइ

खोइ के छ र के दिऊँ मैले लैजाउ रुखो बोली
आफैं पाए पिउने थिएँ जहरको गोली
म त सधैं बोकिरा'छु यी दुःखको कुम्ला
नमस्कार छ माछापुच्छ्रे फेरि भेट हुम्ला
हिमाल चऱ्यो चौंरी गाई, पोखराको माया सबैलाई

❍

# सुखीलाई गुँदरी काम्लो

सुखीलाई गुँदुरी काम्लो, दुःखीलाई जाँ‘बसे उही राम्रो
सधैंभरि रुझीभिजी गर्छु गाउँबेंसी
मेरो गाउँ मेरो बेंसी मलाई लाग्छ काशी
जहिल्यै पनि आधी पेट हिंड्नु छैन हाँसी
न्याउली झैं सधैं रुन्छु कठै सुकुम्बासी ।
सुखीलाई गुँदरी काम्लो, दुःखीलाई जाँ‘बसे उही राम्रो
उराठिलो मेरो मन चैते बन जस्तो
कहिले रुन्छु कहिले हाँस्छु हुन्छु पागल जस्तो
कहिले मन उर्ली आउँछ साउनको भेल
म त पागल हैन हजुर विरहको खेल
चरीको काँ‘छ र घर, रात काट्यो डालीमा बसेर
जीवनभरि रुन्चे झरी बिदो हुने हैन
तिनको पेटमा सधैं मैला कहिल्यै धुने हैन
आकाश हेर्छु डम्मै बादल कहिल्यै खुल्ने हैन
भ्यागुताको धार्ने मासु कहिल्यै पुग्ने हैन
त्यो चरी डालीको भर, मेरो त को छ र जाऊँ घर
खित्को छोडी हाँस्छु भन्दा झन्-झन् रुनु पर्‍यो
सुखी हुन्छु भन्दाभन्दै दुःख पाई मर्‍यो
कति पुर्खा आए गए रित्तो टाकुरीमा
रिसाउनु छ खुसाउनु छ आÇनु पाखुरीमा
आएन चरीको दुध, भएन दुःखीको घरबार
रुन्छन् मुसा क्यै छैन आँटीमा, बित्यो जीवन अँध्यारो ठाँटीमा
सुखीलाई गुँदरी काम्लो, दुःखीलाई जाँ‘बसे उही राम्रो

# नेपालीको अवस्था

कैले भरी कैले बादल यै बादलको खेल छ
उद्योगीको पर्वतमा दौडिर'ने रेल छ
उद्योग धन्दा खुलिर'न्छ, जुन देशमा मेल छ
जुन देश सधैं पछि पर्छ जहान जुध्ने खेल छ ।

मानो खाई मुरी ल्याउने पुगे माथिमाथि
जुन देशमा कङ्गाली छन् दिनमा पार्छन् राति
जैले पनि हृष्टपुष्ट तिनी दुःख नाशी
स्त्रीपुरुष खाईपिई हिंड्छन् हाँसी हाँसी ।

त्यो देशमा नाङ्गो को छ न छ कोही भोको
बाह्रौ काल विदेशीलाई काम गर्नको धोको
गए आए चन्द्रलोक ती देशका कति
इच्छा गर्छन् मङ्गलको ती वैज्ञानिक जति ।

उराठिन्छ मेरो मन देशको देख्छु गति
गाउँबेंसी कुर्लिदैछन् दानवदैत्य जति
खाइसके देशको विकास बैठकले कति
टी.बी. रोगका फेला परे यी नेपाली कति ।

❍

# प्रकृतिको मोह

पन्ध्र दिन लाग्छ गुलाफ फुल्न फुल्दछ काँडामा
जसरी फुल्छ त्यो लाली गुराँस छङ्गाछुर डाँडामा
ऐसेलु चुत्रो त्यो पनि फुल्छ झुसिलो काँडामा
काफल फल्छ गुयेली फल्छ हरियाली डाँडामा ।

जसरी भुल्छन् मुखिया मौरी महका भाँडामा
मानिस भुल्छ जिन्दगीभरि बिग्रेको जाँडमा
भलायो फल्छ झोसिलो लाल मकिम्लो दैयालु
वियरका बोतल समात्न पाए जो पनि मायालु ।

चैतमा पाक्छ वनमा तिंजु मस्ताइनु जमुना
चोबिलो मीठो लप्सीको दाना सधैंको सम्झना
जङ्गली जन्तु छन् लाखौं थरी रमाउँछन् बनैमा
घोर जङ्गल पाए रमाउँथ्यौं कति भन्दा हुन् मनैमा ।

कन्दमूल खाई तापे हुन् धुनी ती त्यागी तपसी
ईश्वर मात्र जपे कतिले मुसुक्क नहाँसी
कन्दरामा बसी लेख्दथे तिनी ती वेदवेदान्त
दर्शन तिनले हमेशा पाउँथे बसेर एकान्त ।

# नामर्द नेता

ओठमाथि जुँगा पाल्ने मर्द मात्र को छ
कसका लागि टोपी बुन्ने अलिकति सोच
धोती छैन टोपी छैन मर्द चिह्न के छ ?
नाङ्गै हिँड्ने मर्द भन्ने एउटै चिह्न जे छ ।

न लिलाटमा ठाडो टीको न शिरमा टुप्पी
कुर्ची मात्र हट्ने छैन हट्छन् अरू खुबी
गाउँबेंसी भाषण गर्ने जनतालाई ढाँट्ने
कैल्यै हैन देशको लागि मर्नलाई आँट्ने ।

को हो मर्द को हो महिला एउटै लवाइखवाइ
डोकोभन्दा आँख्लो ठुलो यो देशमा खवाइ
लेक बस्ने बेंसी झरे पोखरामा आए
विदेश गई मरिमेटे बहादुरी ल्याए ।

जति जोगी आए यहाँ कान चिरेका आए
खट्टे मागे खट्टे दिए पोकोसम्म खाए
यी आमाका अङ्क चुँडी इष्ट राखी खाए
मर्द नेता नपाएर साऱ्है दुःख पाए ।

# कर्मको खेल

त्यो मायाले जाऊँ लाहुर भन्थ्यो, दुःख पाउनै करिमै के मान्थ्यो ।
आकाश छुने भंज्याङ्मुनि मेरो झोपडी छ
मन बुझाउने छैन बाटो रित्तो खोपडी छ
आकाश हेर्तु डम्मै बादल लेक सेतो कुहिरो
लथालिङ्क भताभुङ्क मनमा चल्छ पैरो

त्यो मायाले जाऊँ लाहुर भन्थ्यो, दुःख पाउने करिमै के मान्थ्यो ।
एकसरो चोलिया त एकसरो बर्की
सबैकुरा सम्झी ल्याउँदा मुटु आउँछ धर्की
घरका मालिक विदेशिए, ऋण लाग्यो भनी
उडी जाऊँ कि डुबी मरौँ ऋण लाग्यो भनी

ज्यान पऱ्यो झ्यालैमा बसने, कर्म पऱ्यो खरानी घसने
बर्मा गए कर्मसँगै लाहुर गए पनि
स्वर्ग सम्झी यै धर्तीमा भोकै मरे पनि
कैले आउने नयाँ युग कैले हुने सुखी
यै देशका भाइ बैनी सबै देख्छु दुःखी

घर मेरो चन्चला सिरी, बाँच्नु छैन संसारै नफिरी
सधैं गर्छु, गाउँबेसी कमाइ कोदो मकै
जीवनभरि 'ऐयाआत्थु मेट्नु छैन थकाइ
खान पाए खुशीराजी सबै देवीदेउता
जिन्दगीमा कठै भन्ने पाइन मैले एउटा
करीमैमा नभाको कुरा, बल गरेर भएन हजुर

# नेताको अभाव

सानो छ हीरा काम गर्छ ठुलो चिन्दिने क्वै छैन
यो झुठा संसार मुखमात्र धुने मन धुने क्वै छैन
दिएर खान जान्दैन अरे मागेर खानेले
मागेर खान मान्दैन अरे दिएर खानेले ।

सबैको लागि प्रलय होला आखिरी कुनै दिन
सेकेण्डभर पनि पाइँदैन मौका कुनैलाई एकछिन
न यहाँ भयो दुःखीको सेवा न देशको विकास
देशको धन चेली र बेटी विदेशमा निकास ।

त्यो ओठमाथि पालेको जुँगा जन्मेको छैन कि ।
कि नेपालमा यो प्रजातन्त्र आएको छैन कि ।
टी.बी. रोग भयो यी नेपालीलाई यो प्रजातन्तर
वापती नेता भएर होला उल्टा भो जन्तर ।

कि यतिखेर बाँचेको भए श्री ५ महेन्द्र
मासेर छाड्थे विषालु कीरा देशघाती दरिद्र
केही गरी छाडे ती मरिचमानले त्यो वीर नेपाली
त्यत्तिको पनि जन्मेको जस्तै छैन कि यसपाली ।

## सावधान !

विदेशको जहाज विदेशको तेल नेपाली सवारी
मलजल जत्ति विदेशमा जान्छ के फूल फूलबारी
पढ्नु छ 'क, ख' घरबारी सक विदेशको फेशन
नून पनि छैन तेल पनि छैन जुन हाम्रो देशमा

नेपालीपन नेपाली वन अलापी गैसके
त्यो विश्व भाषा इसाई धर्म देशभरि छाइसके
खन्नु छ यहाँ ती टारीटुक्री लिएर कोदाली
सनातन धर्म अलापी गयो याद राख नेपाली

त्यो डोको भन्दा आँखो है ठुलो बोक्दैछ नेपाली
याद राख यहाँ लेखौला तिमी त्यो तमसुक कपाली
टी.बी. रोग जस्तै लागेको छ है नेपालीपनमा यी
डढेलो लाग्न कत्ति बेर छैन हरियो वनमाथि

❍

# चिन्नै सकिने नेपाली ठिटो

तितो टर्रो गुलियो मीठो
किन टोपी लाउँदैन नेपाली ठिटो

खन्दा कोदाली खाँदा पिठो
किन बिर्सेको लिलाटमा टीको

कैले हिमाल भेडीगोठ यै नेपाली ठिटो
भोक तिर्खा मेट्ने बाँझो वनको गीठो

भोक मीठो कि भोजन मीठो
ऐले किन इङ्गलिसमेन भएछ नेपाली ठिटो

मान्छे भएर पनि कुकुर झैं एउटै हाडमा लडिरहेछ
पिठो त के यहाँ डालोसम्म ढलिरहेछ

जहाँ पनि साना माछालाई ठुलो माछाले खाइरहेछ
नयाँ संसारकोले विश्वभरि भीटो लाइरहेछ

यिनै त हुन् विश्वभरि क्रान्ति गराउने
आगोमा तेल थपी निर्धो मराउने ।

❍

## छुट्टिने बेला

बस बैनी आजको रात, फेरि भेट हुँदैन अब त

हिमालचुली बहुतै ठुली देवीको थपना
काखैमा बसी रोएको देखें आजको सपना

मरे झैं लाग्छ डुबेर म त एकमुठी पानीमा
म तिम्रो मायाँ कति दिन राखूँ आँखाको नानीमा

बिरह मेट्न हजुरलाई भेट्न म जान्थें मेलामा
मोती जस्तो आसुँ यो मेरो गिऱ्यो छुट्टिने बेलामा

घुमी र घुमी टुसा र भाँचे निलागी गाँझैमा
सुनौला अक्षर त्यो तिम्रो माया यो मुटु माझैमा

बाबारज्यूको भितरीबारी फूल फुल्यौ बरिलै
ढुङ्गो खोज्दा देउता पो मिल्यो सुन बैनी भेट भयो बरिलै

## यहाँ यस्तै छ

मुरी चोर्नेलाई धन्यवाद मुठी चोर्नेको खोजी हुन्छ
जुन मूली उसको सिङ्कै विकास अटाउने गोजी हुन्छ ।

वापती जत्ति सभापति बन्छन् जहाँ पनि सम्मान हुन्छ
हाइकोटमा पनि अग्लो कुर्सी उनैलाई रोजी हुन्छ ।

जसले धेरै खरानी घस्छ त्यो चाहिँ जोगी सक्कली हुन्छ
रोजी रोजी मुसा खान्छ साधु बिरालो चोखो हुन्छ ।

जसले सय भारी खर काट्दछ त्यो यहाँ निमुखो हुन्छ
त्यही सय भारी खरमा जल्ले आगो लाउँछ त्यो चोखो नेता हुन्छ ।

अब यहाँ विकास गर्नुपर्दैन भाषणै-भाषणले स्वर्ग हुन्छ
यो ठगी विद्या देख्दा मेरो मन अति रुन्छ ।

मिठो भनेर जुठो खान्छ त्यो त एउटा अछुत हुन्छ
मासु भनेर जेको पनि खाने त्यो सधैंको गिद्ध हुन्छ ।

यस्ता विसालुका जरा नउखाल्नु हाम्रो पनि कमजोरी हुन्छ
एउटा धोबी राम्रो चाहियो देशका दुःख सबै धुन्छ ।

# मेरी धोबिनी चरी

कति भक्ति मनकी मेरी धोबिनी चरी
सधैं सबेर उठ्छिन् पैले पुकार्छिन् हरि ¤ हरि ¤¤
मीठो बोल्छिन् चिरबिर गरी
कति भक्तिनी यिनी धोबिनी चरी ¤

आÇनो भाषा बोल्छिन् अति मीठो गरी-गरी
चुर्रफुर्र नाच्छिन् हाँगाहाँगी सरी-सरी
'बाँच्नुपर्दछ यहाँ आÇनै चुचो चरी-चरी
आÇनै पखेटा उड्छौं साहसिलो मन गरी' भन्छिन् धोबिनी चरी

भन्छिन् वर्षा लाग्यो आयो अलि-अलि सरी
आश्रय लिन्छौं हामी अनेकौ डाली सरी-सरी
चर्छौं आÇनै चुचो बाँच्छौ पसिना छरी-छरी
हाम्रो आशा एउटै छ उनै दयालु भगवान् भन्छिन् धोबिनी चरी

आकासिन्छन् रमाइरहन्छन् गिद्ध वनभरि
'यो माटो लाग्छ स्वर्ग सरी' भन्छिन् धोबिनी चरी
हुँदैन बिदो सधैं सिमसिम झरी
'यो देश कैले होला स्वर्ग' भन्छिन् धोबिनी चरी ¤

# यो माटो नै चोखो छ

यै माटो नै चोखो लाग्छ विश्व घुमे पनि
विश्वलाई चिनाउने सगरमाथा छ नि ।
अर्का देशका गोरा मुलुक फुले फले पनि
मेरै देश स्वर्ग लाग्छ दुःखी भए पनि ॥

एशियामा जापान हेर उद्योगी छन् कति
इङ्गल्याण्डमा गोरा मुलुक फुले फले जति ।
जैले पनि स्वर्ग लाग्छ मेरो गाउँ बेंसी
पसिनाको दैलोमैलो सधैं हिँड्छौ हाँसी ॥

पहिले भन्थे सुनको लङ्का अहिले वासिङ्टन छ
सबैलाई अङ्कालेर रिंगाइदिन्छु भन्छ ।
नमान्नेलाई मनाउँछ पैसा दिई किन्छ
'विश्वभरमा मै भाले हुँ' भन्दै पनि हिंड्छ ॥

संसारमा गहकिलो जनवादी चीन छ
सवा अरब जनताको रक्षा गरिलिन्छ ।
दायाँ बायाँ छिमेकीको सेवा पनि गर्छ
कुनैसित झुक्दैन रे मर्न परे मर्छ ॥

❍

## अब त जाऊँ दाजु घर

अब त जाऊँ दाजु घर, घरको मायाँ लाग्दैन तिमीलाई ¤
ऋण लाग्यो घरबार बिक्यो विदेशिनु पर्‍यो
जन्मँदाको साइतले गर्नुसम्म गर्‍यो
विदेशीको दैलो कुरी सारा केश फुले
केही गरी छाड्छु भन्दा जन्मभूमि भुले

अब त जाऊँ दाजु घर, घरको मायाँ लाग्दैन तिमीलाई ¤
वृद्ध कालमा माता पिता छाडी विदेश आएँ
साहूको सोझो गर्छुभन्दा झन्झन् धोका पाएँ
पितृ सराप परे जस्तै जहाँ गए पनि
बर्मा गए कर्मसँगै जहाँ रहे पनि

अब त जाऊँ दाजु घर, घरको मायाँ लाग्दैन तिमीलाई ¤
न त गरे देशको सेवा न त गरें घरको
जता हेर्छु तारे भीर थकाइ पर्‍यो चर्को
मलाई सम्झी माता पिता सधैं रुँदै होलान्
बलिन्धारा आँसु झिकी मुख धुँदै होलान्

अब त जाऊँ दाजु घर, घरको मायाँ लाग्दैन तिमीलाई ¤
उता रुन्छन् घरका जहान यता म नै रुन्छु
सबै कुरा सम्झी ल्याउँदा त्यसै पागल हुन्छु
मनको कुरा हुन्न पुरा जहाँ गए पनि
जन्मभूमि स्वर्ग लाग्छ दुःख पाए पनि
अब त जाऊँ दाजु घर, घरको मायाँ लाग्दैन तिमीलाई ¤

## सलल डुँगा फेवा तालैमा

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
दही जस्तै जमिरा'को हेर फेवा ताल छ
माझै तालमा बाराही मन्दिर कनि राम्रो चाल छ
थरीथरी डुंगाहरू विश्व भरका पाहुना
सबै आउँछन् पोखरामा चोखो माया लाउन

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
पारिपट्टि अनदु डाँडा हरियाली वन छ
अल्लि माथि बुद्ध सदन सधैं झल्किरहन्छ
वारिपट्टि लेकसाइड भरिभराउ पाहुना
प्राकृतिक दृश्य हेरी सबै लागे गाउन

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
घुइँचो चल्छ भक्तजनको पूजापाठको जात्रा
डुँगामाथि अबेर गर्ने हजारौंको यात्रा
विश्वभरका पाहुनाहरू आउँछन् थरी-थरी
कालाभन्दा गोरा धेरै होटल भरी-भरी

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
सातरङ्गी देखिन्छ रे फेवातालको पानी
पानीमाथि खेलिरन्छिन् ती गोरेनी नानी
फूलबुट्टे गलैचा झैं हेर्दा तालको छायाँ
जता हेरे रङ्गीचङ्गी हेर्दा दायाँ बायाँ

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।

फेवातालको माझै मुटु बाराहीजीको मूठ छ
माछाहरू हाँसको बथान त्यहीं लड्छ उठ्छ
स्वर्ग जस्तो लाग्छ मलाई यो हो चोखो भूमि
दिनभरमा सकिदैन फेवाताल घुमी

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
तालको पानी तेल बनेर बलिरहेछ बत्ती
छक्कै पर्छन् पाहुनाहरू पोखरा हेर्ने जति
यहाँ जस्तो कहाँ छ र प्राकृतिक दृश्य
कति पाहुना पोखरा हेरी स्वदेश जान बिर्से

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
सधैं हेर्छन् फेवाताल माथि धौलागिरी
अन्नपूर्ण, माछापुच्छ्रे लाउँछन् दन्तबिरी
प्राकृतिक दृश्यकला शृङ्खलाको सिरी
अचम्मको देखिन्छ रे यहाँ तिरीमिरी

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
छताछुल्लै सर्दी मर्दी सुसाउँदै सेती
खित्को छोडी हाँसिरा'को पोखरालाई भेटी
सधैं हेर्छन् काहूँ कास्की गर्छन् कुराकानी
पोखरालाई मान्नुपर्ने मुख्य राजधानी

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
वज्रवखान बाँधमाथि साल सल्लाको घारी
फेवाताललाई हेरेपछि बस्छन् मख्ख परी
स्वर्ग हुन्थ्यो यो भूमि त कोरीबाटी भए
कति आए परमुखी भाषण गरी गए

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
आठै ताल झलमल्ल यै पोखराभित्र
हेरेपछि छक्क पर्छन् सबै इष्टमित्र
नजरले खामिदैन हेर्दा फेवाताल
विश्व आउँछन् हेर्छन् जान्छन् यहाँ पालैपालो

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
कैल्यै मन अघाउँदैन रारा हेर पनि
रुपाताल र वेगनास ताल त साथी छँदै छ नि
यिनकी बैनी मैदी, दिपाङ अर्की खास्टे ताल छ
न्यूरेनी र गुँदे, बुडुवा यहाँ आठौं माल छ

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।
परमेश्वरको कस्तो दया हेरे यो प्रकृति
नझुकेको को होला र देखी लाउँछन् प्रीति
नेपालका नेपालीको नौलाख थरी देउता
पोखरालाई जन्माउने परमात्मा एउटा

सलल डुँगा फेवा तालैमा, म पनि डुबेको माया जालैमा ।

❍

# विकासको स्वतन्त्रता

केही गरी बाँच्छु भन्नेलाई बाँच्न देऊ न
जीवनभरी तपस्या पुरा गरी हाँस्छु भन्नेलाई हाँस्न देऊ न
नेपाली सङ्गीतको तालमा नाच्छु भन्नेलाई नाच्न देऊ न

जीवन एउटा वर्षाको भेल हो तर्छु भन्नेलाई तर्न देऊ न
सारङ्गी जस्तो रित्तो पेट भर्छु भन्नेलाई भर्न देऊ न
देशका लागि केही गरी मर्छु भन्नेलाई गर्न देऊ न

जिन्दगी क्षणभरको खेलौना हो खेल्छु भन्नेलाई खेल्न देऊ न
कुनै वीर मरेर दुर्गन्ध भेल तर्छु भन्नेलाई तर्न देऊ न
तेन्जिङ्ले झैँ सगरमाथा चढी विश्व हेर्छु भन्नेलाई हेर्न देऊ न

आÇनै थाप्लामा हात राखी जल्छु भन्नेलाई जल्न देऊ न
म हीरा भएर फुल्छु भन्नेलाई फुल्न देऊ न
म साना-साना झोपडमा बत्ती भएर बल्छु भन्नेलाई बल्न देऊ न

## नभएको चिन्ता

यत्ति लामो खडेरीमा वर्षा हुन पाए
'है' गरेर हिंड्नेलाई होस्टे थप्न पाए
मेरा पीठमा विष्णु हुन आउँथे तर गरुड हुन पाए
वर्षदिनको बाह्रौ मैना मङ्सिर हुन पाए

आकाशको नौलाख तारा सबै टिप्न पाए
स्वदेश सबै स्वर्ग हुन्थ्यो झिलिमिल ज्योति छाए
सबै हुन्थ्यौं खुशीराजी नयाँ युग आए
झोपडीमा चीसा चुला तताइदिन पाए

सबै भन्थे सुनको लङ्का ऐले हेर काँ'छ
त्यै घरमा ऐले हेर भन्डाराको नाच
गाउँ-गाउँमा लड्छन् कुकुर हाडहड्डी भनी
देशको लागि मर्नेछन् सोच नेता भनी

काँक्रो लाएँ थाँक्रो दिएँ थाँक्रो भयो धनी
बाँदरलाई नरिवल झै जैलेसुकै पनि
बिरालाले मुसालाई बसे जस्तै समाई
जन्मदाको साइत हो कि उस जुनीको कमाइ

❍

# विदेशबाट देश हेर्दा

सधैं मन्टा छिमलिन्छन् कैले पलाउने
घाट कुरे पर्छ मौका किन सेलाउने
बिरालोले मुसालाई झैं सधैं खेलाउने
कैले उखु पेले सरी सधैं पेलाउने

चुलिनसम्म चुलियो सबैलाई चाहिने गुलियो
आफू रोटा भोटो फेर्न अर्काको दैलो डुलियो
दिनहुँ भाषण-भाषण भन्दै भुलियो
आफू जन्मेको थलो पनि भुलियो

कति समाउने हाँगो टेक्ने ठाउँ तपाईं विदेश हराए
कति चेलीबेटी बम्बै पुऱ्याए
'खाने पिउने रामे, चोट पाउने चामे' यस्तो गराए
आफू सिंहदरबार पुगे अरूलाई मराए

कति पटक चक्काजाम गराए
कतिका छोराछोरी हराए
कतिको तातो रगत छराए
आखिर पिठो त के टालो पनि डढाए

❍

## मेरो चाहना

म तिमीले क्रान्ति गर्दा कैल्यै पछि पर्दिन
अर्काको पुच्छर भएर म अघि सर्दिन
किन ? कैल्यै पनि मर्दिन अन्याय पनि गर्दिन ।

म अन्याय-अत्याचारको पाइलो गन्दछु
कालोलाई कालो भन्दछु तिनको पाइलो गन्दछु
म सामन्तको लागि सामन्त बन्दछु यही नै भन्दछु ।

म युग अनुसारको नयाँ नौलो गीत गाउँदछु
म मानव अधिकार सबैलाई ल्याउँदछु
किन पैले त झोपडीमा चिसा चुला तताउन भन्दछु ।

किन बाँच्ने अनेकौ जाल झेलमा अल्झिएर
यति दुःख भो तल्लागामको रोग यहाँ सल्किएर
कति मरि मेटेर ल्याएको दुध भुँवरामा पऱ्यो ।

# लागू पदार्थको दोष

भट्टीवाला रक्सी पार्दा पैले जाँड बनाउँछ अरे
जाँड बिग्रियो भने साह्रै दुर्गन्ध गनाउँछ अरे
जाँड सपर्‍यो भने खाएपछि सही मान्छे पागल हुन्छ अरे

धेरै टाढाको सीनो गिद्धले नजिक देख्छ अरे
पाँचवटा औंलाले सूर्य पनि छेक्छ अरे
पाँच रु. दिनेले पच्चीस पनि लेख्छ अरे

जसलाई पनि निर्धो देख्छ अरे
त्यसकारण जसलाई पनि हेप्छ अरे
जब मस्त भै रातो-रातो आँखाले हेर्छ अरे

ठुलाठुला डाँडाकाँडा पनि होचाहोचा देख्छ अरे
यस्ता विषालु चिज सेवन गरी कति बैंसमा मरे ।

# तराना

अब कुन गोरुले जोत्ला मेरो मोती फुल्ने टारी
चोरी चोरी माछा मारी उसको बाटो घारीघारी
बैदामको बारी आर्वाको घारी
माझ्ठानको टारी यति पाए माया मारी
सातवटा श्रीमती गर्ने थिएँ जारी

तल्ला गामबाट एक हल गोरु डुल्यो जल्लुँडे खान मात्र खोज्ने
आफू बुढो गोरु गाईको बथान देख्न नहुने
मार्न आउने कुनैले हाँक्न पनि नहुने
मौका छोपेर लामो घाँस जहाँ छ त्यहाँमात्र चर्ने
यो मोरो जल्लुँडे जैले पनि अघि अघि सर्ने

कुनै आएर म जोतचास गर्छु हुँदैन मेरो सँधियारा भन्छ
आÇनो लंगौटी ततेरेको छैन हामी सबैको भरले बन्छ

बरा जल्लुँडे ऐले आफैं लोट्यो थला पऱ्यो तल झऱ्यो
ऐले माले गोरु अघि सऱ्यो जोत्ने पाएछ आफै मऱ्यो
यो रावण जस्तो उल्का रहेछ ठुलो भुमरीमा पऱ्यो
नेपाली जंजीरमा पऱ्यो ।

# नेपालीको शान

संसारको अग्लो धुरी नेपाल राजधानी
विश्व आई पूजा गर्छन् स्वर्गतुल्य जानी
जसको बग्छ समुद्रमा दुध जस्तो पानी
विद्युत भण्डार जसलाई भन्छन् लाखौं द्रव्यखानी

विश्व ओढ्ने हाम्रो छाता भन्छन् सगरमाथा
पासाङ् शेर्पाले लेखी छाडिन् झन् सुनौला खाता
धन्य वीर बहादुर तिमी पनि शेर्पा
मरे पनि बाँचिर'ने परमेश्वरको क्रिया

सगर चढ्ने मूलबाटो खन्थ्यो तेन्जिङ् शेर्पा
होल्लौरीलाई भुलाउने तिम्रै केवल क्रिया
जहाँ पनि निकै ठाडो नेपालीको शिर छ
नेपालीको बहादुरी कुन देशले तिर्छ

आÇनो मुटु दान दिएर मित्र लाउने
कम होलान् संसारमा भलो चिताउने
नपुगेको कहाँ छ र यिनको बहादुरी
संसारभरि झल्किरै'छ सगरमाथा चुली

## वासिङ्टनमा

वासिङ्टनमा दुई नजर भन्छन् सबै सुन्छु
जति टाढा देखे पनि म त नजिक हुन्छु
मानव अधिकार छैन त्यहाँ भन्छन् काला गोरा
न्याय नपाई मर्छन् अरे कालापक्ष छोरा ।

प्रजातन्त्र भन्ने दैशमा किन पक्षपात छ
जहाँ पनि निर्धोमाथि सामन्तको हात छ
मानव अधिकार छैन भने प्रजातन्त्र बाँच्छ ?
खै उज्यालो देखिदैन सधैंभरि रात छ ।

के काला के गोरा रैती छोरीछोरीमा
मानव अधिकार हुनुपर्छ विश्वभरिमा
शान्ति भए जुन देशमा किन गोली चल्दछन्
त्यो तिम्रो घरमा रैती किन जल्दछन् ।

ठुलो भएर सानो काम गर्न केही हुँदैन
पक्षपात नभए रैती रुँदैन
पेलिस्टेनीहरूमा न्याय गरेनौ
मानव अधिकार दिने नेता भएनौ ।

प्रजातन्त्र भन्ने एउटा बनौटी
ततेर्दैनौ किन आÇनो लंगौटी
फुट्ला राष्ट्र सङ्घ जुट्ला अर्कै जुट्ला
फेरि दुनियाँ जुर्मुराइ उठ्ला ।

जहाँ पनि भीटो लगाउँछौ

जहाँ छ शान्ति अशान्ति जगाउँछौ
तिम्रा चरित्र सबैमा घीन भैरहेछ
तिम्रो शासन विश्वलाई रिन भैरहेछ ।

तिम्रै अधिकार जुनलाई पनि नाकाबन्दी लगाउने
काम गर्छौ तिमी सबै अघाउने
पक्ष लिएर बेहिसाबन गर
फुटे दुनियाँ पुग्ला रहर ।

## पुरुषार्थ नबिर्स

वन डढ्यो भने मन पनि डढ्ला होला कि उदास
मन मिल्यो भने जीवनदान दिने नेपाली सुवास
पाखामा हैन पानीमा मात्र माछाको हुन्छ बल
जुन छोड्छ सत्य त्यसैलाई हत्ते त्यसैले पाउँछ फल

प्रेमको बीउ मनैमा उम्र्यो मानिसमा जीवन जल
हमेशा जीवित बाँचेको हुन्छ मानिसको आत्मबल
मागेको भिखले के भरिएला त्यो रित्तो भकारी
पहरो फोरी आउँछ र हीरा हिम्मत नगरी

पिलीन्को पङ्खा के धेर घुम्ला झन् छिटोघुम्छ मन
यी सबै कुरा सोचेर ल्याउँछु चकनाचुर हुन्छ मन
अल्छीलाई बल्छी खेलेको हुल पाखुरे हान्छ जाल
हजारौं मूल जुटाइकन जन्मेको फेवाताल ।

उर्लन्छ मन कुर्लन्छ पाप कुकर्म गर्नेको
हुँदैन कैल्यै मूल्यको चिनो पसिना छर्नेको
दिनभरी बाँझो जोतेको गोरु बेलुका उकाली
रामकाली गाई बसे त भैगो हाडहड्डी फुकाली

❍

# सबैको रहर

आकासे डाँडा बतासे भंज्याङ् हरियाली वन मेरो
छाछङ् र छुछुङ छहरे खोला सन्तोषी मन मेरो
ती चराचरी चुर्रफुर्र गरी रमाई नाचेका
यी सबै चरी आÇनै चुच्चो चरेर बाँचेका

स-साना डाली अङ्कालो हाली पथरा पथरी
यो वनको शोभा कति हो कति बालबच्चा ततेरी
अमृत सम्झी कन्दमूल वनको जीवनमा आहारा
खोइ कठै भन्ने को छ र अरू दैवको सहारा

सानो छ हीरा काम गर्छ ठुलो चिन्दिने को छ र
यो लुच्चो संसार मुखमात्र धुने मन धुने को छ र
लाटाको धन बाटाको खर्च यिनैले गर्दछन्
स्यावासी पाउनु कुनै दिन हैन सित्तीमा मर्दछन्

मालपार पनि चाल पाउनु छैन यै लाग्छ फिक्कर
पाइँदैन यहाँ भन्दिने कठै यै लाग्छ धिककार
बँचाउनु-बाँच्नु सबैको इच्छा सबैको रहर
न धन पत्थर बन्नु छ यहाँ रसाउने पहरा

## न्याउलीको वेदना

नरोए वनकी न्याउली, वन डढे रोएर कहाँ जाउली
उराठ लाग्दो चैतको महिना झन् लामो खडेरी
उदाङ्ग भयो हरियो वन लागेर डढेली
खरानी भए कलिला डाली ती साना पथरा
गुहार नपाई मरे हुन् कति न्याउलीका बचरा

नरोए वनकी न्याउली, वन डढे रोएर कहाँ जाउली
रोएर अति कुर्दछ्यौ कति ती तारे पहरा
खुल्दैनन् कैल्यै जिन्दगीमहाँ सुखका तगारा
आङभरि भोटो पेटभरि रोटो भोकैले खाउँला कि
मुढाको मुख झिंजाले पोल्ने त्यो दिन आउला कि ।

नरोए वनकी न्याउली, वन डढे रोएर कहाँ जाउली
वन जल्छ जति झन् रुन्छ कति मन हुन्छ भरङ्ग
न राती निद्रा न दिनको भोक चलेर तरङ्ग
कुसुन्डा जस्तो यो वनको पाले के वन पाल्छ र
वनकी चरी मनपरी गरी नमारी पाल्छ र ?

नरोए वनकी न्याउली, वन डढे रोएर कहाँ जाउली
त्यो तल वनको आगाको राँको यो वनमा सल्केर
यो वनको फलफूल सखापै पारे ती बाँदर पल्केर
त्यसै त मालिक यो वनको पाले बढेछ अझ भाउ
कसरी गरूँ गैंडाको सिखार त्यति मात्र हेर्छ दाउ

नरोए वनकी न्याउली, वन डढे रोएर कहाँ जाउली

# सावधान होऊ नेपाली

हावा-हावामा उडे नेपाली
ऋण-ऋणमा डुबे नेपाली
बाहिर-बाहिर गए कति गुमे नेपाली
अर्कैको निम्ति जीवन होमे नेपाली

आÇनाले आÇनालाई लखेट्दै छन् नेपाली
भाडाका हतियार बनी मर्दैछन् नेपाली
टुप्पीसम्म बिक्दा पनि याद गर्दैनन् नेपाली
तमसुक कपाली अझ लेख्दैछन् नेपाली

विदेशी दलालका हात परे नेपाली
बिरालोले मुसा खान्न भन्दा विश्वास गर्ने नेपाली
अर्काको तालमा किन नाच्छौ नेपाली
विचार गर आÇनै मूलको चिसौ पानी खाएर बाँच्छौ नेपाली

नेपाल आमाको भारा लाग्छ हामीले तिर्नुपर्छ नेपाली
मन खाएर धन कमाउन सिक्नुपर्छ नेपाली
मुठ्ठीभित्र के छ भन्दा बाहिरबाट जान्नुपर्छ नेपाली
आइलाग्नेलाई जाइलाग्न सिक्नुपर्छ नेपाली

## अझै पनि आमा रोइरहेछिन्

दुधाउँली भुम्राभरि भैरहेछ
जन्मेका छोराछोरी उल्का भएर
आमाको मन रोइरहेछ

बाँदरका मुख हेर्दा टीठ लाग्दो
काम गर्छन् विष लाग्दो
रौ किन हाँसौ भैरहेछ, आमाको मन रोइरहेछ

आमाको मूल परेका यी छोराछोरी
जन्मेका थिए सपूत छोरा गए मरीमरी
छन् छोरा कुलङ्गार भैरहेछ, आमाको मन रोइरहेछ

काँक्रो लाए थाँक्रो दिनुपर्‍यो
थाँक्रो धनी हुन्छ
खानभन्दा पोखी गैरहेछ, आमाको मन रोइरहेछ

उन्नतिभन्दा खती धेरै भो
कुलङ्गार छोरा मरे भो
मेरो मन पनि धमिलो भैरहेछ, आमाको मन रोइरहेछ

# हामी कम्ती छैनौं

तेल हुन् हाम्रा यी गङ्गा पानी भएर बगे पनि
आज हामीसित लाखौं लाख छन् कुनै दृष्टिले ठगे पनि ।

जसका घरमा विश्वभरिमा उच्च हिमशिखर छन्
हाम्रा उच्चा पहरा मणि-मणिले झल्किरहेछन् ।

हाम्रा अनेकौ विद्युत भण्डार छाँगा-छहरा
हाम्रा झल्केका छन् प्राकृतिक उच्चा पहरा ।

नहेप हामीलाई हेपेर हेपिदैनौं कैले पनि
मर्न मान्दछौं हामी भने मार्न पनि जान्दछौं छैनौ कमी ।

जुठो खाँदैन नेपाली जतिसुकै मीठो भए पनि
चोखो खान्छ नेपाली आÇनै बनको गिठो भए पनि ।

इमान्दारी छ भने नेपालीमा छ निमेकको सोझो गर्छ पनि
बहादुरी छ भने नेपालीमा छ ऊ मर्छ पनि मार्छ पनि ।

नहेप हामीलाई दुई ढुङ्गोको तरुल जस्तै भए पनि
हामी जाइलाग्नेछौं हामी हेर्दा थोरै भए पनि ।

नेपालीको मुटु हिमाल जत्रै छ हामी कछारे भए पनि
आइलाग्नेसित जाइलाग्नेछौं एक थोपा रगत रहे पनि ।

# राजमुकुटको शान राख

जीवनभरि गाउँ र बेसी पसिना बेसरी
आँगभरि भोटो पेटभरि रोटो बाँच्नेछ यसरी
घन घोटी घोटी बन्चरो बनाऊ जाँगरिलो भएर
नहटी कत्ति अगाडि बढौँ उचाली पयर

मार खाए पनि हास खान हुन्न बलमा बेसरी
छेउको सियो त्यौ माझैमहाँ जानु छ जसरी
आउँदैन हीरा ती तिम्रा हात पहरो नफोरी
यो विश्वभरि झल्काउनु छ रे अबेर नगरी

पसिना पिई जानु छ हामी भंज्याङ्को चौतारी
हिम्मत गरी भेटाउनु छ रे छिमेकी दौंतरी
पेटभरि खाऊ आँगभरि लाऊ नगरी मन परी
चन्द्रमा जस्तै उज्यालो राखौं राष्ट्रको पगरी ।

कोरी र बाटी नेपाल आमा सिंगारौं बेसरी
खाएर मुठ्ठी कमाऊ मुरी उब्जन्छ जसरी
नेपाली वीर उभ्याऊ शिर पछाडि नसरी
यो प्रजातन्त्र बचाउँने मन्त्र श्रीपेच सिंगारी

❍

# स्वर्गीय कविप्रति

स्वर्गीय कविजी तिम्रो सम्झना गर्ने नेपाली तमाम छ
स्वर्गीय कविजीलाई मेरो लाखलाख सलाम छ
तोपको भन्दा पनि ठुलो आवाज दिने तिम्रो कलम थियो
थप्तैछन् तेल, साथीहरू बाल्दैछन् दीयो ।

जस्तै तारा बृहस्पतिमै ठोक्कियो यहाँ पनि ठोकिन्छ कि ।
मलाई त दुःख लाग्छ नेपालीको रगत फेरि पनि पोखिन्छ कि ।
इच्छा त थियो नेपाल आमाको प्रजातन्त्र जन्माउने
जन्मेको रहेनछ प्रजातन्त्र खेलाउने ।

थपिदैछ भारी पाइँदैन ठाउँ बिसाउने
जन्मेको छैन नेता हाम्रा दुःख बिर्साउने
वापती सभापति भई आपसमा लडिरहेछन्
मानाको भाउ मुरी बनाई नेपाली आपतमा परिरहेछन् ।

नौलो खबर यस्तै छ आमाका अङ्क चुँडिदैछन्
नेपाली चमेरो झैं बीचमा झुन्डिरहेछन्
न्याय निसाफ पैसा तिर्नेको अचम्म भैरहेछ
प्रजातन्त्रको जरा धमिरोले खायो मर्दै-मर्दै गइरहेछ ।

भन्दिनु कविहरूलाई नौलो खबर यस्तै छ
आपसमा मारामार छ भाँडभैलो जस्तो छ
कुनै मारिए कुनै पुर्पुरो समाती रोइरहेछन्
आÇनै पसिनाले आÇनै धोइरहेछन् ।

जहाँ जाऊँ अन्याय, अत्याचार भैरहेछ

सधैंको रुन्चे झरी नदी जस्तो भैरहेछ
मरे पनि बाँचिरहने साथीहरू काम गर्दैछन्
तिमीलाई अन्भऱ्याउन शीत उभाएर घैला भर्दैछन् ।

युगौंयुगसम्म हामी सम्झना गर्दैछौं
कविको चिर शान्तिको लागि प्रार्थना गर्दैछौं
भन्छन् वेद-वेदान्तमा सेवा धर्म तमाम छ
स्वर्गीय कविहरूलाई मेरो लाख लाख सलाम छ ।

# भैगो हजुर म हार खाएँ !

सात सालमा फिऱ्यो वसन्त बहाडी
खुशीराजी छन् सारा पहाडी
थुपुक्क बसे पुराना अमाली
बीराना मामाली-म हार खाएँ ¤

गर्छु भन्नेलाई मुखमा ठेल
हप्काउनेलाई मुखमा ठेल
कुर्चीमा बस पकाऊ सेल
हलो समाउनेलाई पसिनाको भेल- म हार खाएँ ¤

थुम्को फोरेर खाडल पुर्छन् भने
बाँभ्को फोरी धुलो पार्छन् भने
फुटे फाटेको सबै ढाल्छन् भने
तँ यस्तै रहेछस् भनी कोही चिन्दैन भने- म हार खाएँ ¤

युग हेरेर नाच्दैन भने
सिन्को काटी दुई भाँच्दैन भने
हमेशा रेल हाँकिरहन्छन् भने
त्यस्तैको निम्ति ढोका खुल्छ भने- म हार खाएँ ¤

देख्नु न सुन्नु ठीक छ भनी देख्छ भने
घुम्नु न फिर्नु इतिहास लेख्छ भने
पाँचोटा औंलाले सूर्य छेक्छ भने
कोठामा बसी चन्द्रलोक देख्छ भने- म हार खाएँ ¤

ओरालौ लागेका मृगहरू झैं
तिनकै पाइलामा परेछु हरे मैं
चकनाचुर परेछु झरे झैं
मेरै पाकेटमा हात हाल्ने- भैगो हजुर म हार खाएँ ¤

❍

# म क्रान्तिकारी

म हुँ क्रान्तिकारी
कोरीबाटी गर्छु गुराँस फूलबारी
अब उठाउँछु कुटो कोदाली
मोती फलाउने छु बाँझा टारी

जाली झेली मारी
यो माटोमा पसिना झारी
हीरा मोती फुल्ने फल्ने पारी
म हुँ अचम्मको क्रान्तिकारी

मीठो पाए जुठो खान उफ्रने विचारी
घुस नखाए ज्वरो आउँछ भन्ने कर्मचारी
भाषण मात्र गरी दिन बिताउने हरामकारी
सुख छैन काला व्यापारी नमारी

आÇनै घरको हलगोरु आफै बन्छु हली
आÇनै घरकी खेताल्नी बैनी मखमली
यै पवित्र माटोमा जीवन बिताउँछु चली
युग नयाँ ल्याउनु छ हटाउनु छ कली ।

म हुँ क्रान्तिकारी
सैतानका छाला तारी
दुनियाँ चुसिलिनेको जफत घरबारी
मैले बनाउनु छ रुने हाँस्ने बराबरी

थुम्काथुम्की फोरी सम्म पारी
बाँझो टारी धुलो पारी
मलतज हाली ठीक्क पारी
मोती झुलाउनु छ फलाउँछु पवित्र बारी ।

हटाउनु छ महङ्गी ल्याउनु छ सहकारी
सुख छैन तब त पसिना नझारी
बिताउनु छ जिन्दगी गाउँबेसी गरी
हुँदैन शान्ति क्रान्ति नगरी

गुँडको ढिक्का देखाई इँट्टा हान्ने छन् लाखौं थरी
यै देशका लागि गए वीरहरू मरी
हाम्रो पसिना लगे विदेश बैङ्ग भरी
आउँदैन नयाँ युग क्रान्ति नगरी

❍

## नेपालीपन

पङ्खी बनेर गगन बीचमा विश्व घुमेका मित
कुना-कुनामा शिक्षा छरेका गरिरहेका हित
उद्योगीलाई ढोका खुला छ चाहे आकाश पाताल
कुनै कुरामा कोही कमी छैनौं भन्दछ यो नेपाल ।

क्रान्ति नगरी जित्न परेको सारा मित्रलाई
खियाइलेऊ कुटो कोदालो केवल पानी खाई
चोक्टा-चोक्टी अंश दिलाऊ कत्ति नगरी मुख लाल
छोराछोरी सबका एक हुन् भन्दछ यो नेपाल ।

झुप्रा-झुप्री लहरीघर टुक्रा टुक्री टार
धार परेको गोरेटो बाटो खाइरहेका मार
डोके-चोके बोकिरहेका पिछडिरहेको नाल
सुतेकालाई होश दिलाऊ भन्दछ यो नेपाल ।

फूल दाना मकै मोहीको ठेकी पवित्र पृथ्वीको आहार
चाहिएन मलाई चम्चा कुर्सी फोड्नु परेको पहाड
सुटबुट लगाई के म बनुँला कोरीबाटी कपाल
फेशनबाट विकास हुन्न भन्दछ यो नेपाल ।

## नजान्नेलाई कानून

जैले पनि हत्केलाले सूर्य नारान छेक्ने
सबको हक बराबरी यति मात्र लेख्ने ।
जान्नेलाई नून मात्र नजान्नेलाई कानून
यो घरका कान्छा दाइ कति हिँड्न मानून् ॥

जुटाउँला जसले गरी गरीबलाई जुटाउँला भात
जसले भन्ला नेपालमा नेपाली हो जात ।
एउटै मूलको चिसो पानी मिलीजुली खाउँला
हातेमालो गरी-गरी भंज्याङ्मा जाउँला ॥

मेरो घर सधैं चुहुने कैले होला छाउने
छेउको सियो माझैमहाँ कैले होला आउने ।
आए-गए कति ढाक्रे सधैं रित्तो ढाँटी
मेरी माया सन्तोषीलाई कैले कोरीबाटी ॥

आए-गए कति जोगी गए झोली भरी
सबै जोगी कान चिरेका यहाँ थरी थरी ।
कैल्यै बिदो हुने हैन यो घरको झरी
शीत उघाई घैला भर्छु हुन्छ मनपरी ॥

## जीवनको हालखबर

मागेर खाने खोजेर सुत्ने यो दिन रहेछ
जुन मित्र मेरो म बिन्ती गर्छु बिरानो भएछ
हाइ बरा भन्नै पाइँदैन कुनै बिरानो जो पनि
धिक्कार-धिक्कार यो मनले भन्छु रोएर म पनि

बगेको पानी बितेको बैंस के आउँथे फर्केर
छोरा र छोरी कोल्टे मुख गरी हिंड्दछन् तर्केर
कसरी बित्यो त्यो लालुपाते फूलको जीवन
ठिटा र ठिटी आजीवन भरी रहन्छौ नभन ।

कैलेको बालक कैलेको बैंस, यो वृद्ध अवस्था
नपाई गुहार पार्टीमा सुत्ने लाखौं छन् म जस्ता
फर्केर आउँछ घुमेर यो दिन सबैले भोग्नेछन्
नगर हेला परौला फेला यो मज्जा लिने दिन

बाँधेर मुठी जन्मन्छ मानिस जाँदछ खोलेर
खोलेर मुठी जानु छ एकदिन सबै चिज भोगेर
ठगेका डलर को बोकिलान्छ मरेर स्वर्गमा
मरिन्छ भन्ने गर्दैनन् याद मनुष्यवर्गमा

जन्मेर एकदिन हरण गर्छ जसरी कालले
त्यसरी एकदिन नर्कमा पर्छ अधर्मी चालले
जो मरे पनि हमेशा बाँच्ने जो काम गर्दछ
त्यसैलाई भन्छन् सक्कली मानिस न कैल्यै मर्दछ

## प्यारा साना नानी

फराकिलो साहस गर मेरा साना नानी
विदुर जस्तै ज्ञानी बन्ने बसाल्नु छ बानी
अचम्मको तेजिलो छ हाम्रो मूलको पानी
विश्वले नै तौलने छ तिम्रो बुद्धिमानी ।

शीत उघाई घैला भर्ने बसाल्नु छ बानी
भोलि तिमी चन्द्रलोकमा होला आउने जानी
छाँगापिछे बत्ती बल्छ छहराको पानी
तिम्रो पाला ऐंचो पैंचो तिर्ने होला बानी ।

फेरि यहाँ जन्मनेछ पृथ्वी जस्तो राजा
जति देश उनले आर्जे ऐले छ है आधा
भोक लाग्थ्यो यिनी खान्थे मकै भुटी खाजा
नाङ्गो एउटा खुकुरीको भरमा लड्ने राजा

थुम्कैपिच्छे राजा थिए कति मारे मरे
रगतको तलाउमा हिम्मतले तरे
बलभद्र, वीर थापा, पाण्डे अघि बढे
देशका लागि कति वीरले आÇनो रगत छरे ।

ईश्वरबाट वरदान पाए बने क्रान्तिकारी
मेचीकाली एउटै मुस्ट गुराँस फूलबारी
देरादुनको सेरोफेरो भाक्सू जालन्धरमा
यिनी सबै मेरो अङ्क भन्छिन् नेपाल आमा ।

मोरटार फीरङ्गीसित हिम्मतले लडे

लखनऊबाट गोरखपुर निजी आÇनो गरे
दार्जलिङ्को उजेलडाँडो नेपालीको हो नि
सबै अङ्क नेपालको हो जुनले ठगे पनि ।

त्यति दुःखी छैनौ हामी जत्ति ठगे पनि
हाम्रो भण्डार सिङ्कै छ नि जति लगे पनि
जति ठग्नु ठगे पनि अब ठगिदैनौं
आइ लाग्नेलाई जाइ लाग्नेछौं पछि हट्ने छैनौं ।

हकमा मर्नु देशको लागि पुर्खाको हो धर्म
आइलाग्नेसित जाइलाग्नु पनि वीरताको कर्म
कति पुर्खा बिते हाम्र अनेत्रीको लागि
मरिमेट्नु पर्छ हामी आÇनै देशको लागि

क, ख पढ अघि बढ राम्रो कलम चलाऊ
स्वर्ग सम्झी गाउँबेसी हीरामोती फलाऊ
कुनै चिजमा कमी छैनौं उद्योग गर्न सके
हीराबाट कीरासम्म यै धर्तीमा छ के ।

गए आए चन्द्रलोक मङ्गलको दाउ छ
माथि लोकको भ्रमण गर्न शिक्षाबाट पाउँछ
आकाशको तारा गन्छन् मान्छे पढाइबाट
परमाणु शस्त्र अस्त्र बने पढाइबाट ।

पैलेपैले पुर्खा लड्थे खाली मन्त्र जप्थे
युद्ध गर्थे तैपनि ती इमान्दारी थप्थे
ऐलेका यी वैज्ञानिकले बम प्रहार गर्छन्
ती अपराधी काँ छन् काँ छन् लाटा-सुधा मर्छन् ।

शिक्षाले इच्छा पुऱ्याऊ भाइबैनी मेरा
विश्वभरी झल्काउनु छ नेपालका तारा
ऊन टिपी सुन बनाऊ फूल टिपी केश
तिम्रा पाला स्वर्ग होला नेपालीको देश ।

घरघरमा उद्योगधन्दा होला तिम्रा पाला
जहाँ जाऊ सम्मान होला लाउँदै फूलको माला
दुःखी पनि सुखी  हुन्छ पायो भने धन्दा
जहाँ जाऊ सम्मान गर्छन् नेपालीलाई धन्दा ।

कति सुते यी नेपाली आसामेको गोठ
अलपिए कति खाना फेर्दा रोटो भोटो
कैले लड्का, कैले लदाखा नेपालीका छोरा
पेटको लागि छर्दा होलान् तातो रगत बरा ।

शिरको शोभा रातो टीका हातका रानी चुरा
कति फुटे नेपालीका हृदयका हीरा
विदेशमा छरिएका बाटो नपाएर
यति दुःखी किन भयौ शिक्षा नपाएर

नेतालाई ठुलो चिन्ता कता कुर्सी जान्छ
अर्को चिन्ता यिनलाई के छ कसले धेरै खान्छ
बन्चरोलाई उद्याएर आÇनै गोडा हान्ने
बिरालोले मुसा खान्न कसले साँचो मान्ने ।

शिक्षा जस्तो अति ठुलो कहाँ हुन्छ धन
आÇनो घरको राज्यधनको आफै मालिक बन

मेरो तिम्लाई आशीर्वाद छ प्यारा साना नानी
जिन्दगीमा नबिर्से है स्कूल जाने बानी ।

मरेपनि बाँचिरहने जसले काम गर्छ
कैले गाम कैले बेसी पसिनालाई छर्छ
कैले पनि नबिर्स है मेरो सानो अर्ती
युगैभरि झल्किरहे तेल थपेको बत्ती

❍

## यस्ता पनि नेपाली छन्

हिउँखानीमा जन्मेर हिउँको आधारमा
बाँच्ने पनि नेपाली छन्
जन्मेर मर्ने बेलासम्म
मुख नधुने पनि नेपाली छन् ।

त्यहाँ छैन हरियो वन
नाङ्गा डाँडा छन्
त्यहाँ घोडा खच्चड, गदाहा छन्
चौंरी, लुलु गाई मात्र छन्

भेडा-च्याङ्ग्राको पालना गर्दछन्
तिनै चौपायाको गोबर गुइँठा बाल्दछन्
खेती गौं, जौ, उवा गर्दछन्
तीते फापर, राम्रो फापर खेती गर्दछन्

कहीं स्याउको खेती राम्रो गर्दछन्
त्यहाँ फूलगोपी, बन्दागोपी राम्रो गर्दछन्
आलु, सिमी, साग, मूला उत्पादन गर्दछन्
त्यहाँको तरकारी अति मीठो मान्दछन् ।

## दण्ड दिनुपर्छ

डलरको भाउमा बिकिरहेछन् मै हुँ भन्ने नेता पनि
कैले कोइली बन्दैन कौवाले जत्तिसुकै नुहाए पनि
लाजै कत्ति नमान्ने मीठो पाए जुठो खान पनि
थाहा छैन यिनीलाई बन्चरो उद्याई आÇनै गोडामा हाने पनि ।

मुरी पकाई पाथीको गाँस खाने यिनै हुन्
कता कुर्सी जान्छ त्यसको मात्र धुन
'ताक परे तिवारी नत्र गोतामे' भन्ने यिनै हुन्
मीठो पाए जुठो खाने पनि यिनै हुन् ।

सबै गए भोट मदेश कामी गए गोल
काँचो फलाम तह लाउने तिनको खोइ त मोल ।
चिसो फलाम तह लाग्छ तताउन जाने
परमुखी तह लाग्छन् बोतल झिकी हाने ।

# बाँचिरहने काम गर

म हिमाल झैं सधैं रसाइरहूँ
कस्तुरी झै सदा बसाइरहूँ
तारा आकाशमा सदा खसाइरहूँ
रुनेलाई सदा हँसाइरहूँ

चिने सेवा नै धर्म हो
मानिस मरे पनि बाँचिरहने काम गर्ने कर्म हो
मान्छेले मानिसको बुझ्ने मर्म हो
मानिसले मानिस नचिन्नु शर्म हो

सर्वनाश चिजबाट जोगिने जोगी हुन्छ
अर्काको पसिना लुट्ने लोभी हुन्छ
बाँडेर खाने त्यो धनी हुन्छ
सबैमा हैन कुनै सर्पमा चिन्तनमणि हुन्छ ।

कति मानिस पाए अजम्बरी
कतिले गरे बहादुरी
कतिले देखाए आƒनो इमान्दारी
मै हूँ भन्नेले गरिरहेछन् मनपरी ।

❍

# सत्यतामा बहादुरी गर

धनीले धन कमाएर धन चिन्दैन भने
मान्छेले इष्ट र मित्र चिन्दैन भने
विद्वान्‌ले मूर्खलाई चिन्दैन भने
प्रजातन्त्र देशमा मानव अधिकार पाउँदैन भने ।

विष नभएको सर्प, ईख नभएको छोरो
विवेक नभएको सभा, वृक्षा नभएको चौतारो
के काम बरा यिनको
खोल आँखा थरी-थरीका चित्र बनाऊ
दुध हैन मूलको पानी सँगाली दही जमाऊ ।

लौरी भनेर सर्प समात्नु हुँदैन
मर्द भएर नामर्द बनी तिघ्रो कमाउनु हुँदैन
सत्यताको फल त कुहुँदै-कुहुँदैन
मर्दको छोरा नामर्द हुँदै हुँदैन ।

मरेपनि बाँचिरहने काम गर
कोहीले रगत छरे तिमीले पसिना छर
नजाऊ विदेश स्वदेशमा मर
कहिले नपर अर्काको भर बहादुरी गर ।

❍

# यै धर्तीलाई स्वर्ग सम्झ

स्वर्ग जस्तो लाग्छ मलाई मेरो गाउँ बेसी
कैले हुन्न रुन्चे मुख सधैं हिंड्छु हाँसी
नागबेली गोरेटो बाटो हिंड्छु आफै खनी
सधैं हिंड्छु आÇनो बाटो साहसिलो बनी ।

रातो माटे चहकिला नेपालीका घर
विश्वभरि चिनिरह्यो यी नेपाली थर
आÇनो मूलको चिसो पानी मिलीजुली खाने
हाम्रो इच्छा यही नै छ भंज्याङमा जाने ।

हरियाली बनबुट्टा थरीथरी चरी
चुर्रफुर्र नाचिरा'का सारा वनभरि
छाँगाछुँगी छहराको पिउँदै चिसो पानी
आÇनै चुच्चो चरीरा'का आनन्दले मानी ।

यै वनका कन्दमूल सधैं भोजन गरी
मिलीजुली सबैसित चोखो माया भरी
हाँस्छौं हामी नाच्छौं हामी पसिनालाई छरी
चोखो माटो पवित्र छ लाग्छ स्वर्ग सरी ।

तिरे-मिरे टारी टुक्रा छरी चैते तोरी
सुन छरे झै पहेंलपुर गामवेंसी भरि
पसिनाले मुख धुँदै गामबेंसी गरी
आए गए कति पुर्खा यै धर्तीमा मरी ।

नागबेली गोरेटोलाई फराकिलो खनी
आÇनो घरको ऋण धनको आफैं मालिक बनी
कैले आउने नयाँ युग कैले हुने सुखी
सयकडा अन्ठानब्बे नेपाली छौ दुःखी ।

सधैं धाउँछु गाई गोठ बोकी बाँसको ढुङ्ग्रो
जीवनभरि नेपालीलाई हलो काटी मुङ्ग्रो
बर्मा गए कर्मसँगै लाहुर गए पनि
स्वर्ग सम्झी यै धर्तीमा भोकै मरे पनि ।

❍

## चरीलाई बेल पाके के हुन्छ

निराश भइन् वनकी चरी पाकेर आयो बेल
गुडुल्के डुँगा किनारा लागे उर्लेर आयो भेल
पित्तलको मुख न देख्न पाउने सुनको गर्ने भाउ
कुवामा बस्ने भ्यागुतो कीरो सागरको गर्छ दाउ ।

आउँदैन कैले चरीको दुध, बालुवा पेली तेल
हेरेर थाके दुई नजर मेरा यहाँको जादूखेल
लाटाको धन बाठाको खर्च अन्याय भैरा'छ
पाँचोटा औंला देखाई सूर्य छेकेर भैरा'छ ।

न्याय र निसाफ पैसाले किन्यो पाइँदैन गुहार
उज्यालो हुन पाएन कैल्यै दुःखीको मुहार
कमाउने गोरु खाइदिने घोडा नभए अगर
जिन्दगीभरि के पीर हुन्थ्यो खोलीको बगर ।

बेस्से को होला विश्वास बरु नेताको हुन्न भर
भत्कन्छ जता बनाउँछन् दैलो बलियो हुन्छ घर
मलाम जान्न म काट्टो खान्न न जन्त गई भोज
यसैलाई भन्छन् स्वतन्त्र देश बाठाले गर्ने मोज ।

❍

## हजुर जस्तो पाइन

रुख चढ्न सकिन भुईंको काफल खाइन
जस्तो तस्तो नजर लाइन हजुर जस्तो पाइन

यतिखेर के गर्दी हुन् मेरो मनकी मायाँ
कतातिर फर्के होला वरपिपलको छायाँ
दिन बित्यो रात बित्यो हेर्दै दायाँ बायाँ
धेरै-धेरै सम्झना छ मेरो मनको मायाँ ।

कैले मन लथालिङ्ग बिरहले छुँदा
लाखौं लाख झरे होलान् यी आँसुका बुँदा
के भो भन्ने को छ मेरो मध्यराती रुँदा
छिन छिनमा पागल हुन्छु बिरहले छुँदा ।

मनको व्यथा मनमा हुन्छ कोही छैन धुने
रुँदै बित्यो यो जिन्दगी कैले निको हुने
एकदिन भयो झम्के भेट भंज्याङ चौतारीमा
मनको बह सबै पोखें बाल दौंतरीमा ।

जन्मेपछि मर्नुपर्छ छैन अजम्बरी
तिनको मात्र झल्को लाग्छ मलाई घरिघरि
मनको तिर्खा म मेटुँला तिम्रो मुहार हेरी
म बिर्सने छैन हजृ'र जिन्दगानीभरि ।

लाख गाई दान गरे झैं मिल्ला तिम्लाई पुन्ने
केवल एउटा ईश्वरमात्र मेरो उजुर सुन्ने
माछो कहाँ बाँच्न सक्छ नपाएर पानी ?

देऊ छुन एकफेर होला मेहर बानी ।

कति मीठो चिसो पानी लाँकुरीको छायाँ
मुटुभित्र राखिरौंला तिम्रो चोखो मायाँ
मलाई छाडी गयौं कहाँ जीवनभरको साथी
तिम्लाई सम्झी रुँदै फाट्यो यो पहरे छाती ।

जन्मेपछि मरौला भनी प्रतिज्ञा त थियो
तेल छँदै निभिदियो बलिरा'को दीयो
अजम्बरी कसलाई छ र एकदिन मरौला नि
हुम्ला भेट मरे पछि बैकुण्ठमा पनि ।

चरीलाई पाल्यो पोस्यो वनमा जान खोज्छ
ईश्वर पनि त्यस्तै छाती इमान्दारी रोज्छ
कैले सुख कैले दुःख जन्मदाको फल छ
जति पनि मछलीलाई पानीसित बल छ ।

## बिग्रदै जाँदा

खरानी भित्र आगाको कोइला खोस्रेर पाखामा
गान्धारी हैन नबाँध पट्टी यो मेरा आँखामा
सपनाभित्र पाएको धन ब्यूँझदा हातमा
जन्मेको हुन्छ बुझाउने पनि रोएको आँतमा ।

सुख र दुःख कस्ता लेख्छ यसको खातामा
मरौंला भन्ने सम्झना हुन्न मानिसको जातमा
सुख र दुःख दुई थोक हुन्छ जीवन बारीमा
गरेर देखाऊ दुई थोपा रगत छउन्जेल छातीमा ।

जो मरे पनि बाँचिरहने जो काम गर्दछ
त्यसैलाई भन्छन् नेपालको छोरो पसिना छर्दछ
रामका हामी हौं ससुराली माइती हौं सीताका
बहादुर बनी गर्दैछौं सेवा छिमेकी मितका ।

देशको लागि जीवनदान दिने देखियो नेपाली
देश नै चुसी विदेश लाने पाइन्छन् यस पाली
ऋण धन बोकी को जाने छ र अन्त्यको बेलामा
देशको लागि बन्नेछ योगी हिंड्दछ सहीमा ।

❍

# आफ्नै बाटो खनौं

साहसिलो मेरो मन हिमाल हेरेपछि
विश्वभरको अग्लो छाता मैले ओढेपछि
सिङ्गो नेपाल उचालेर विश्व हेरेपछि
विश्वभरि मित्र मेरा घरै बसी बसी ।

बेल्जियम् पनि दिल्ली पनि छिमेकी गामले
विश्वभरि मित्रै मित्र बहादुरी नामले
सूर्य चन्द्र झण्डा झल्क्यो इमान्दारी कामले
फराकिलो मूलबाटो खन्नु छ है हामले ।

आÇनै मूलको चिसो पानी मिलीजुली खाऊँ
हातेमालो गरी-गरी भंज्याङ्तिर जाऊँ
बाँडीचुँडी खाने पनि बसाल्नु छ बानी
छेउको सियो माझै महाँ ल्याउनु छ है तानी ।

माल पाएर चाल नपाउने बसिरा'को बानी
जसलाई पनि पवित्र भै खान निसापानी
बिर्सनु छ अन्यत्रीको मुख हेर्ने बानी
पैल्याउनु छ आÇनै घरको उन्नतिको खानी ।

## के-के होला ?

खरानीको रेलोसेलो घर पोलेर होला
कहाँसम्म लाहुरे दाइ रित्तो बोकी झोला ?
यै वनको गैडा हात्ती पोको पारी झोला
प्रकृतिको फेला परे सबको हक होला ।

घर कुखुराले गाली गर्छ वनको कुखुरालाई
मरे पनि बाँचिरहने नाम छ हजुरलाई
सबै भन्छन् सुनको लङ्का ऐले हेर कहाँ छ
ऐले हेर त्यो घरको भण्डाफोरी नाच ।

कता कुर्सी जान्छ भन्ने ठुलो चिन्ता होला
भाषण गर्दा कति बगे पसिनाका खोला
जनता भन्दा नेता धेरै केको लागि होला
फेरि झोला भरिनलाई गाऱ्है गाऱ्हो होला ।

तोलै-तोला मा पनि आजकल घट्दो होला
रुन्चे मुहार किन तिम्रो चिन्ता बढ्दो होला
असार गरे मङ्सिर तिम्रो पक्कै पनि होला
मीठो पाए जुठो खान नबिर्सनु होला ।

## बुढाको गन्थन

गाई पालें बाघैले खाइदियो, छोरा पाएँ लोप्रे हात लाइदियो ।
तीतो र टर्रो पाउँछु वचन साँझ र बिहान
बिर्सेर हिंड्न सकिन मैले जन्मेको चिहान
आउँदैन पानी उपल्ला गरामा त्यो तल्ला गराको
नपर भर कुनै दिन पनि अधर्मी छोराको

गाई पालें बाघैले खाइदियो, छोरा पाएँ लोप्रे हात लाइदियो ।
सातोटा छोरा चौधोटा नाति यो मेरो भाँती छ
दुधको कराइ कुरेर बस्ने बिरालो साँची छ
दिएर पाएँ भन्दैन कोही न खाएँ भन्दछ
यो वृद्ध मालिक घरको मालिक र कोही भन्दछ

गाई पालें बाघैले खाइदियो, छोरा पाएँ लोप्रे हात लाइदियो ।
बाघ हेर्नु किन बिरालो हेरे छ बैरी जस्तै भाइ
पेटभरि खाई भोकै छु भन्ने चिनियो दाजुभाइ
के भयो तँलाई भन्ने क्वै छैन यस्तो भो भन्ने छन्
मानमाथि पनि भुक्तमान थप्ने यस्ता छन् मित्रजन

गाई पालें बाघैले खाइदियो, छोरा पाएँ लोप्रे हात लाइदियो ।
आङको मासु आङैमा सुक्यो हाड छाला बाँकी छ
दिएर आÇनो बनाऊँ भने यो रित्तो ठेकी छ
सानो छ हीरा काम गर्छ ठुलो चिन्दिने कोही छैन
यो लुच्चो संसार मुख मात्र धुने मन धुने कोही छैन

गाई पालें बाघैले खाइदियो, छोरा पाएँ लोप्रे हात लाइदियो ।

# नाबालकको नेपाल

भोकै भोकको सभा बस्यो
पीठो त के डालैले डस्यो
सबैकुरा उर्ली आकाश छोयो
इमान्दारी मानिसको सबै रोयो ।

मर्छ कि यो बच्चा गुहार पाएन
रुँदारुँदा मर्छ कि यो नानी सहारा भएन
जे पनि हप्काउने बालकको सातो त गएन
मर्छ होला यो बालक उपचार भएन ।

औषधि जति अर्कै वैद्यको हात परे
पैलेका वीरहरू सित्तीमा परे
सञ्जीवनी बुटीले निजी पाकेट भरे
यतिखेर यो सानो शिशुलाई साञ्है अन्याय गरे

झोलुङ्गामा रुन्छ बालक कैले-कैले कुनैले तान्छ
स्याहार सुसार केही छैन यो बालक किन मान्छ १
कठैबरा कसैले भन्दैन यो बालक मरे पनि
कसैको आँसु पोखिएन ती वीरहरूले रगत छरे पनि ।

## नेपालीको तुनेलो

मूलढोका जाने मूलबाटो यही हो मोटर चल्दैन
कुना र काप्ची अँधेरो गल्ली बिजुली बल्दैन
सुसाई हिंड्छन् खोला र नाला खाऊँ खाऊँ भनेर
गर्दैनन् बर्तुन् दिदैनन् जनै जात् तिन्को भनेर ।

उकाली जाऊँ ती तिखा ढुङ्गा ओराली जाऊँ भीर
सहेर हिंड्छन् नेपाली बाबु भोगेर ठुलो पीर
साहुको भारी पुऱ्याउँला पारि भोलि नै गएर
रोक्कियो जाँगर सक्कियो पीठो बस्तछन् रोएर

बाटो छ बाङ्गो तिमी छौ नाङ्गो दिन धेरै लाग्नेछ
वर्षाको झरी हिडौं के गरी छाता न छत्री छ
सामन्ती क्याम्पा फुटेका घ्याम्पा ती लामा चौडा छन्
नेपालभरि दुःखीका घर पराले झुप्रा छन् ।

जडी र बुटी विदेश पुग्छन् कौडीका मोलमा
नेपाली दुःखी सन्तोष लिन्छन् पातीका झोलमा
मलाई तेसै परीक्षण गर्छ अदृश्य शक्तिले
भाँडी र कुन्जा भए नि ढोक्छु के गर्छ शक्तिले ।

***नोट : २०१५ सालमा रत्न मन्दिरमा राजा महेन्द्रलाई सुनाएको कविता ।***

# स्वदेशै रमाइलो

संसार पनि साँगुरियो अब ललाटको टीको भो
अघिको हाम्रो एकदिनको बाटो ऐले त छीनमा भो
हेरन कुनै त्यो पारि घाट्मा बसेर रोइराछ
कुनैलाई फेरि संसार सबै पँधेरो भैराछ।

म जस्ता कति बालेर सिठो गाउँबेसी हिंड्दैछन्
ती अरू ठुला-ठालुका घर बिजुली बल्दैछन्।
त्यो पनि मान्छे म पनि मान्छे के हुन्छ भनेर
सिठो र मीठो भागेका आए बेलायत घुमेर

म पो हुँ एउटा नेपाली ठीटो गाउँबेसी धाइर'ने
के दिन रात झलमल सधैं उज्यालो भैर'ने
बेलायत जान पर्दैन मलाई स्वदेशमै रमाइलो
त्यो माछापुच्छ्रे फेदीको घाम लाग्दछ घमाइलो

❍

## अब के गर्ने हो ?

नचिने जस्तो नगर देशका निमित्त मर्नेलाई
को होला भनी नभन गाँठे रगत छर्नेलाई
बिर्सन हुन्न फलामे पर्खाल कुइँनाले तोड्नेलाई
नेपाल तिम्रो काखमा राख भनेर छोड्नेलाई ।।

छोडेर गए तोडेर दुष्ट राणाको शासन
यो मातृभूमि आमाको दरो बनाई आसन
मरेको छैन त्यो जीवितै छ शहीद नामले
आशीरवाद दिएर हो कि सीता र रामले ।

हिम्मती यस्ता शहीद अब जन्मन गाऱ्हो छ
असत्य सत्य छुट्ट्याई हेर्ने आँखामा छारो छ
मूलबाटै भुली यो प्रजातन्त्र खै कहाँ पुग्ने हो
सूर्य र चन्द्र भनिद्यौ मलाई अब के गर्ने हो ¤

❍

## न्याउली मन धर्काउने

घरमा बसौं सबैले थर्काउने, वनमा बसौं न्याउली मन धर्काउने ।
जैले पनि बाह्र बज्छ यो घरको खाना
पेटभरि पाउनु छैन एकमुटी चना
मुटु मेरो भक्कानिन्छ चिरिएर छाती
जीवनभरि रुनु भन्दा छिटै मर्नु जाती

घरमा बसौं सबैले थर्काउने, वनमा बसौं न्याउली मन धर्काउने ।
कोशभरिको उकालीको मेरो गाउँ बेसी
बिर्सीसक्नु छैन हजुर यो मायाँको फाँसी
देश छोडी हिंडौ भने बेस्से बन्नुपर्छ
वन जङ्गल पसौं भने त्यसै आँसु झर्छ

घरमा बसौं सबैले थर्काउने, वनमा बसौं न्याउली मन धर्काउने ।
सासू मेरी अलछिनी झारिदिन्छे आँसु
जन्मदाको साइत मेरो यो अचाने मासु
सारै मन उराठिन्छ धिक्कारिलो मन
न्याउलीसित सँगै रुन्छु बरु जान्छु वन

घरमा बसौं सबैले थर्काउने, वनमा बसौं न्याउली मन धर्काउने ।

❍

## जोगाउँला नेपालीपन पनि

बचाउँला हरियो वन पनि, जोगाउँला नेपालीपन पनि ।
जैले पनि रमाइलो छ मेरो गाउँ बेसी
जैले पनि पवित्र छ मेरो देश काशी
रमाइलो मेरो देश हेर्छ विश्व हाँसी
मुटुभन्दा प्यारो लाग्छ मेरै गाउँ बेसी

बचाउँला हरियो वन पनि, जोगाउँला नेपालीपन पनि ।
चिनाजानी नेपालको भयो विश्वभरि
मेरो देश मलाई लाग्छ प्यारो स्वर्गसरी
हिरामोती यहीं फल्छ हाम्रो जाँगर छरे
शान्ति झन्डा फहराउँला भोलि हैन भरे

बचाउँला हरियो वन पनि, जोगाउँला नेपालीपन पनि ।
दशनङ्ग्री खियाएर मेरै कमाई खान्छु
म कसैको ऋणी छैन भाग्यमानी मान्छु
जतिसुकै मीठो होओस् जुठो खाने छैन
देशको निम्ति मरिमेट्न पछि पर्ने छैन

बचाउँला हरियो वन पनि, जोगाउँला नेपालीपन पनि ।

## यहीँ बाँच्नुपर्छ

हरियाली डाँडाकाँडा माथिमाथि लेक
झकमक लालीगुराँस हिमालको लेक
नाचीरा’का डाँफे मुनाल बुकेनीको घारी
हिजोभन्दा आज अर्कै गुराँस फूलबारी

तिरिमिरे टारिटुक्रा रातोमाटे घर
गरिरा’को गाम बेसी यो नेपाली थर
नागबेली बाङ्गो बाटो कोशभरिको बेसी
मेरो गाउँ मेरो बेसी मलाई लाग्छ काशी

आÇनै गोठको हलगोरु आÇनै गाउँको हली
आफै भरकी खेताली त बैनी मखमली
तोरी फुल्छ मोती झुल्छ मलजल गरे
माटोमाथि पसिनाको थोपा थोपा छरे

खियाएर कोदाली त पाखुरीको भर्छ
ठाडो भोटो त्यसै माथि डोको बोक्नुपर्छ
कठै भन्ने छैन कोही सबै काला सर्प
पसिनाको भल बगाई यहीं बाँच्नुपर्छ ।

# मेरो छाती

खित्का छोडी हाँस्न पाइन सधैं रुन पऱ्यो
धनी हुन्छु भन्दाभन्दै दुःख पाई मऱ्यो
बेमानीको भर पर्दा गर्नुसम्म गऱ्यो
केही गर्छु भन्दा भन्दै अकालमै मऱ्यो

भएभरका गइसके बचपनका साथी
विरहको भेल उर्ली आयो अझै माथि
लठाभद्रै पोकापोकी बसै काँधै माथि
जता हेऱ्यो अन्धकार दिनै भयो राती

लाखौं बेथा बोक्न भन्दा छिनमै मर्नु जाती
च्याँ-च्याँ चुँ-चुँ रुन्छन् मुसा कोही छैन साथी
तेलछैन कति बलोस् आखिरीको बत्ती
मैलाई हेरी छक्क पर्छन् वनका न्याउली जति

अधेलाको लिनदिन छैन रूपैयाँको खति
विरहमा को जाला र दुखियाको सती
यस्तै चोटले थला पर्छन् वनका पनि हात्ती
लाखौ बाण बज्रे जस्तो भा'छ मेरो छाती

❍

## चरीको बिलौना

कसले सुन्छ न्याउली तिम्रो पुकार,
कसले गर्छ न्याउली तिम्रो सुधार

जन्म मेरो यो वनमा त्यही माथि लेक
कैलेकाही तीर्थ जान्छु हिमालको भेक
भार्र-भुर्र उड्छु म त यै वनको डाली
रुँदै बित्यो यो जिन्दगी सधैं सिठो बाली

कसले सुन्छ न्याउली तिम्रो पुकार,
कसले गर्छ न्याउली तिम्रो सुधार

यै वनको कन्दमूल सधैं भोजन गर्छु
दुई नजरका आँसु पनि यै वनमा छर्छु
स्वर्ग सम्भी कुरिरन्छु यै वनको डाली
बित्यो हरे ¤ यो जिन्दगी सुस्केरा नै हाली

कसले सुन्छ न्याउली तिम्रो पुकार,
कसले गर्छ न्याउली तिम्रो सुधार

आÇनो चुचो चर्नेलाई नहान है गोली
पोखेपछि तातो रगत थाहा होला भोलि
उराठिलो चैते वन सधैं रुने चरी
माया गर्ने नपाएर रुँदा रुँदै मरी

कसले सुन्छ न्याउली तिम्रो पुकार,
कसले गर्छ न्याउली तिम्रो सुधार

कसको भर पर्ने

यो चरी डालीको भर, जस्लाई सम्झ्यो भैदिन्छ उही पर
आफैँ रुन्छे आफैँ हाँस्छे यो वनकी चरी
नरौ बरी कसले भन्ने यिनलाई कठैबरी
घाँटी सुक्ला खान्छु पानी तल छहराको
पानी परे ओत बस्छु तारे पहराको ।

यो चरी डालीको भर, जस्लाई सम्झ्यो भैदिन्छ उही पर
रङ्क लाग्दा कैलेकाहीं भार्र-भुर्र उड्छु
बैराग लाग्छ झोक्राएर रित्तो डाली कुर्छु
यै वनको कन्दमूल सधैं भोजन गर्छु
नजरका आँसु मेरा यै वनमा छर्छु ।

यो चरी डालीको भर, जस्लाई सम्झ्यो भैदिन्छ उही पर
कराइरन्छु हराइरन्छु यसै वनभित्र
जीवन बित्यो चिन्न नपाई आÇना इष्टमित्र
कहाँ जाऊँ बेग हानी कहाँ खोजूँ बास
यै वनका गिद्धहरू सधैं यिनकै त्रास

यो चरी डालीको भर, जस्लाई सम्झ्यो भैदिन्छ उही पर
आफै उड्छु पखेटाले आÇनै चुचो चर्छु
आÇनै गीत गाउँछु मन आÇनै भाका फेर्छु
शक्ति छैन के गरूँ खै सहारा क्वै छैन
जीवन पनि बितिसक्यौ अब पोइल गइन ।

यो चरी डालीको भर, जस्लाई सम्झ्यो भैदिन्छ उही पर

हद्दर नखाऊँ

गाउँ जाऊँ की बेंसी जाऊँ दोधारे मन छ
काफल पाक्यो चरी नाच्यो खोइ के गरौं भन्छ ।
अजम्बरी रगतमा यो नेपालीपन छ
काम गर स्वर्ग जस्तै मातृभूमि बन्छ ।।

जहाँ जाऊँ अघि सर्छ यै नेपाली भाषा
जति देश घुमेपनि आÇनै देश खासा ।
नेपालीले बचाउनु छ भाषा र संस्कृति
बारम्बार फलाक्नुछ लोकप्रिय प्रीति ।।

पढ लेख विश्व भाषा नेपालीपन बचाऊ
आÇनै गर गाउँबेंसी टारीटुक्रा जोताऊ ।
जहाँ जाऊ गाऊ गीत लोकप्रिय बन
कन खाएर धन कमाऊ मूलबाटो खन ।।

पैसा भए ऐसा हुन्छ तुमको लगे कैसा
विदेशीको फेरमा परे हुन्छौ बयल जैसा ।
जति हेऱ्यो त्यति राम्रो नेपालीकै पन छ
मलाई हेरी अटल बन माछापुच्छ्रे भन्छ ।।

सुन छरे झैं पहेंलपुर छर चैते तोरी
दही छैन पानी जमाऊ अब देशैभरी ।
जुन देश आर्जे वीर पुर्खाले एउटै खुकुरीले
यो देश भोलि स्वर्ग होला एउटै उजुरीले ।।

## धिक्कार छ

पवित्रको सीमा छैन कामी गए पनि
मेरो मन धमिलो छ तिमी हाँसे पनि ।
कठै भन्ने को छ यहाँ वनै मासे पनि
ऐले मौका तिम्रै रैछ नाङ्गै नाचे पनि ॥

शिवधुनी ताप्छु भन्दा आफै पोलिएछ
जिन्दावादको नारा पनि व्यर्थै बोलिएछ ।
घिन लाग्छ आज भोलि भाषण सुन्दा पनि
गनाइरन्छ राजनीति नाक थुन्दा पनि ॥

थारी बस्ने महिलालाई डेलिभरीको केश
पोको पाऱ्यौ धोको पुग्यो अब बसाइ के छ ?
अब कति बाँचौला र मन्मा यही चल्छ
भोलि हुँदा तिम्रो बिहा निलो बत्ती बल्छ ॥

बाँच्न पनि धिक्कार लाग्छ जिउँदै गन्हाएर
उखेलेसी जम्मै जरा नाङ्गै बनाएर ।
कैल्यै पनि नपुरिने खाडलहरू खन्यौ
गिद्ध जस्ता रैछौ र पो साहु जस्ता बन्यौ ॥

## देश बचाऊ

सपना कि विना हो लौ न मलाई भन
इलामखोला पल्लो भेक रमाइलो वन ।
दार्जलिङ्को सेरोफेरो नेपालीको बस्ती
छोराछोरी सबै मेरा भन्थिन् आमा अस्ति ।।

घुम्दा-फिर्ता सेरोफेरो नेपालीकै पन छ
दार्जलिङ्को ढुङ्गोमाटो नेपाली हुँ भन्छ ।
नेपालीको अङ्क छैन कुन देशले भन्छ
देशका लागि मरिमेट्ने सारै मेरो मन छ ।

सिलगढीको सोभ्को बाटो गोरखपुरको स्टेशन
जहाँ पनि भल्किरा'को नेपालीको फेसन ।
लखनऊबाट पश्चिम लागे पुगें देहरादून
नेपालीको अङ्कदेखि लागे म त रुन ।।

देहरादूनको सेरोफेरो नेपालीका छोरा
कैले जुनी फेर्न भनी रोइरहेका बरा ।
कैल्यै पनि नबिर्स है यो नेपालीपन
देहरादूने तिमी पनि आऊ नेपाली बन ।।

देहरादूने नेपालीलाई देहरादूनको धुन छ
कस्का पाला फर्कने हो कैले नेपाल हुन्छ ।
धेरै मरे यी नेपाली अरू देशका लागि
देशका लागि मरिमेट्ने खै त सहभागी ?

## भद्रगोल

बाख्रो हिंड्छ बाख्रासित भेडो भेडैसित
लायो माया बिरालाले किन मुसासित ।
यतिखेर विश्वभरि अमेरिकाको गीत
कैल्यै सोझो हुने छैन एशियालीसित ।।

कालले मर्न पाउने छैनन् एशियाका मान्छे
राष्ट्र संघको भतेरमा बिरालो छ भान्छे ।
ठेक्कै भयो अमेरिकालाई लगाउँछ भीटो
मारिदैछन् काला मान्छे नसकिदै पिठो ।।

जहाँ जाऊ मारिदैछन् बेहकमा काला
मुसालाई खेलाएर बिरालोको चाला ।
एशियालाई देब्रे नजर बालिरा’छ सिठो
फले फुले देख्न हुन्न पछि धुलो पीठो ।

भन्दाखेरि ‘शान्ति-शान्ति’ भन्छन् तिनै गोरा
पेटले भने पर्खेस् भन्छन् मुखले कठैबरा ।
राजनीतिमा खपि रै’छन् अमेरिकाने गोरा
मौका पर्दा खनिहाल्छन् एशियाको जरा ।।

आपसमा मारामार छ जुन देशमा जाऊ
काला मर्छन् आपसमा सेता हेर्छन् दाऊ ।
नामको भने राष्ट्रसङ्घ छ अमेरिकाकै हात छ
कालो मर्दा सेतो भाइ उफ्री-उफ्री हाँस्छ ।।

काला जति एकै बन इच्छा भए बाँच्ने

नत्र भने विश्वभरि गोरा भए नाच्ने ।
एशिया र युरोपको एउटै बनाऊ झण्डा
नत्र भने गोरा आई हान्छ तातो डण्डा ।।

❍

## क्या छ पैसा

साहूँको गोदाम भरिदो छ असार गरे पनि
कैल्यै सुधार नहुने भो रगत छरेपनि ।
गुहार माग्दा पाइँदैन छाला तरे पनि
कठै भन्ने पाइँदैन भोकै मरे पनि ॥

जैले पनि नेताजीको मन्त्री हुने दाउ छ
गाईगोठ बस्ने दाइ रङ्गमहल धाउँछ ।
उहार गुहार चाइयो भने हाम्रै दैला आउँछ
गरीबको आँसु पुछ्ने सेखी मात्र लाउँछ ॥

जतातातै सरकारले चोर पनि पाल्छ
देशको निम्ति मरि मेट्ने सबैलाई फाल्छ ।
मरिमेट्ने तल पर्छन् जैलेसुकै पनि
काँक्रोलाई थाँक्रो दिँदा थाँक्रै हुने धनी ॥

पैसा भए पाइनीरै'छ निसाफ किन्न पनि
शक्ति भए पाइनेरै'छ जहाँ हिंड्न पनि ।
खोस्न सके पाइँदोरै'छ दिन्न भन्न पनि
निर्धो मारी बन्दारै'छन् मान्छे ठुला धनी ॥

❍

## बसम् बैनी आजको रात

बसम् बैनी आजको रात, फेरि भेट हुँदैन अब त ।
हिउँदै भन्नु माघको महिना वर्षालाई भन्नु जेठ
उदाउने तिमी अस्ताउने मै छु मौकाले भयो भेट
बाबा र ज्यूको त्यो भित्रीबारी फूल फुल्यो लरिलै
ढुङ्गोमा खोज्दा देउता पो मिल्यो बेस् भयो बरिलै

बसम् बैनी आजको रात, फेरि भेट हुँदैन अब त ।
मरे झैं लाग्छ डुबेर म त एकमुठी पानीमा
त्यो तिम्रो माया कति दिन राखूँ आँखाको नानीमा
मोहोडा तिम्रै अति नै सुन्दर बहुतै अनुपम
एक् झल्को देख्दा बेहोसै हुन्छु बिर्सन्छु सबै काम

बसम् बैनी आजको रात, फेरि भेट हुँदैन अब त ।
त्यो हिमचुली बहुतै ठुली देवीको थपना
काखैमा बसी रोएको देखें मैले त सपना
बिरह मेट्न हजुरलाई देख्न म जान्थे मेलैमा
मोती झैं आँसु तपती झऱ्यो छुट्टिने बेलैमा ।

बसम् बैनी आजको रात, फेरि भेट हुँदैन अब त ।

❍

## नौलो मायाँ लाउन सबैलाई

हिमाल चर्‍यो चौंरी गाई, नौलो मायाँ लाउन सबैलाई ।
हाँसिराको हिमचुली थुप्रो हिउँ बोकी
बुके फूल लालीगुराँस दैलामुनी रोपी
चरीरा'को चौंरीगाई कस्तुरीको बथान
नाचीरा'को डाँफे मुनाल कति राम्रो वचन

हिमाल चर्‍यो चौंरी गाई, नौलो मायाँ लाउन सबैलाई ।
अल्कापुरी नयाँ नेपाल हिवैं हिउँको रास
हरियो डाँडा छहरे पानी मैदानको बास
दिनरात बराबरी हिउँको थुप्रो हेरी
बाँचेका छन् लाखौं लाख प्राणी थरीथरी

हिमाल चर्‍यो चौंरी गाई, नौलो मायाँ लाउन सबैलाई ।
आकाशमा चन्द्रसूर्य पहिले हिमाल हेर्छन्
सिमसिमे पानी पर्दा इन्द्रेणीले घेर्छन्
नागबेली खोला नाला पहाडबाट झर्छन्
ऋतुराजा वसन्तले बल्ल चोला फेर्छन्

हिमाल चर्‍यो चौंरी गाई, नौलो मायाँ लाउन सबैलाई ।
भंज्याङ्बाट बोलाउँदा बेंसीसम्म सुन्ने
छरिएको फूल टिपी एउटै माला उन्ने
सिङ्कै नेपाल उचालेर विश्वलाई हेर्ने
कैले मौका मिल्ला कठै यो काँचुली फेर्ने

हिमाल चर्‍यो चौंरी गाई, नौलो मायाँ लाउन सबैलाई ।

# नौलो मायाँ न तिम्लाई न मलाई

देब्रे नजर नगर मलाई, नौलो मायाँ न तिम्लाइ न मलाई
गोरु जोती थाकिसके गाई जोत्ने होला
दशैंलाई त कोला कोला तिहारलाई होला
सधैं गर्छु गाउँबेंसी रित्तो बोकी झोला
मरी मेट्ने सधैं तल सधै रुँदो होला ।

देब्रे नजर नगर मलाई, नौलो मायाँ न तिम्लाइ न मलाई
मूलबाटोमा लोटे पनि उठाइदिने को छ ?
डाँको छोडी रोए पनि नरोऊ भन्ने को छ ?
टाढै परे आÇना भन्ने बनाएका नेता
कहीं गई भन्नु छैन यो मनको बेथा

देब्रे नजर नगर मलाई, नौलो मायाँ न तिम्लाइ न मलाई
कठै भन्ने कोही छैन थपिंदो छ भारी
उखालेर मासिसके वरपिपलु डाली
दुःख भयो हन्तकाले नेता खोजी खोजी
ठुलो कोट सिङ्कै विकास अटाउने गोजी

देब्रे नजर नगर मलाई, नौलो मायाँ न तिम्लाइ न मलाई
जैले पनि रित्तो पेट त्यै सारङ्गी जस्तो
आन्द्राभुँडी कुस्ती खेल्छन् लाग्छ सङ्गीत जस्तो
थुंका फोरी सम्मै पार्ने मेरो इच्छा थियो
यस्तै यस्तै सपनीमा बढिसक्यो फियो ।

देब्रे नजर नगर मलाई, नौलो मायाँ न तिम्लाइ न मलाई

## कुर्ची मात्र दाउ

डम्मै छ बादल पर्दैन पानी झन् लामो खडेरी
जलेर जङ्गल सखापै भयो लागेर डढेली ।
ती इन्द्र पनि रिसाए छन् कि भने झैं लाग्दछ
महादेव पनि रिसाए जस्तै अचम्मै लाग्दछ ।।

के कति गल्ती देखेर हाम्रो रिसाए महादेव
भनिदेऊ गल्ती पारिदेऊ पानी भक्तको क्षमा लेऊ ।
दुनियाँ पाल्न अँगालो हाल्न ईश्वरलाई लाग्छ कर
नदिए पानी विश्वमा हानि झन् ठुलो लाग्छ डर ।।

हैजाको हावा देशमा चल्यो निर्दोषी मरे झन्
इष्ट र मित्र सोलत्रै परे कसरी बुझाऊँ मन ।
खाइसक्ने छैन किनेर पनि बढेर सारा भाउ
देशको चिन्ता कसैलाई छैन कुर्चीको मात्र दाउ ।।

लोभी र पापी पुग्दछन् माथि भागबण्डा लगाउँछन्
दाजु र भाइ पिटापिट् गर्छन् रगत बगाउँछन् ।
जलेर गए गाउँका गाउँ भए हुन् खरानी
कति हो कति मरे हुन् भाइ निर्दोषी परानी ।।

पहिलेका पुर्खा दयाका खानी देवता समान
मिली र जुली बाँडेर खाने त्यो थियो जमाना ।
लोभी र पापी उर्लेर आए डरलाग्दो जमाना
नजिकको मित्र त्यो पनि भयो वैरीकै समान ।।

# नौलो जमाना

उडेको चरा लोटेर कैल्यै मरेको देखिन्न
झुल्केको सूर्य पाँचोटा औंला देखाई छेकिन्न
फोरेर बज्र फुटेको मूल केही गरी सुक्तैन
मर्दको छोरा नामर्द बनी बेहक्मा झुक्तैन ।

कामले काजी बन्दछ मानिस सेवा नै धर्म हो
गरेर देखाऊ दुई थोपा रगत छोराको कर्म हो
कीर्तिको हकदार मर्दैन कैल्यै उदाइरहन्छ
देशको लागि नखाऊ मागी इतिहास कहन्छ ।

मूलको पानी कुलकी नानी पुर्खाले कहेको
सुख र दुःख बेला र मौका सबैले सहेको
शिवको गला नागीनको माला हेर त कस्तो छ
त्यागीको सामु जहर पनि अमृत जस्तो छ ।

सुखको साथी संसारै हुन्छ दुःखको साथी मित
रूपको छोरी सिपको छोरो मौकामा हुन्छ हित
विरानो देशमा विद्या हो मित्र अमृत समान
बनेर छोरा फर्काई ल्याओस् त्यो नौलो जमाना ।

## छक्कै परें

सबै चिजले सीमा नाघ्यो छैन धर्म कर्म
मर्म व्यथा भनौं भने लाग्छ मलाई सर्म
कतै भन्ने ठाउँ छैन पारिदैछ मर्म
यतिखेर कहीं छैन इमान्दारी धर्म

निसाफ खोज्ने ठाउँ छैन सबै ढोका बन्द
हेरौं जस्तो कतै छैन जतातत्तै गन्ध
देशका लागि कति वीरले आÇनो रगत छरे
खेर गए ती सपना बेहकमा मरे ।

आÇनो मुख नधुनेले हाम्रो मुख के धुन्थ्यो
सबै काम राक्षसीको केको देउता हुन्थ्यो
काशी गयो बिरालो त घट्तै गए मुसा
कतैबाट खुल्दो छैन नयाँ युगको उषा

क्रान्तिको बिगुल फुकिहाल्ने मेरो इच्छा थियो
युगभरि बनाई दिने सम्झनाको दियो
बेइमानको फेला परें सारै भएँ हेला
छक्कै परें जिन्दगीमा हेर्दा जादु खेला

## हुँदैन साधु घस्तैमा खरानी

देशको दुःख हट्ला र कैल्यै गरेर भाषण
भाषणले मात्रै उठ्ला र कुन्नी इन्द्रको आसन ।
पाथिको भाउ मानाले खायो बजारको रासन
जो पनि आउँछन् थपेर छोड्छन् महङ्गो शासन ।।

फाटेको लुगा ढाँटेको कुरा लुकाई लुक्दैन
लुकेर खान पल्केको साँढे धपाई धपिन्न ।
इन्द्रका सामु स्वर्गका कुरा कसैले नगर
जाँगर तर्दा कामिन्छ भने नगर रहर ।।

हात्तीको दाह्रा मर्दको बोली को छ र पुऱ्याउने ?
खाएर सुर्ती के गर्नु फुर्ती जिब्रो नै उद्याउने ।
घाट कुर्न सके मुर्दार त्यहाँ अवश्य पाइन्छ
मुढाको मुख भिंजाले पोल्ने दिन पनि आउँछ ।।

रोग हेरीकन उपचार गर जाँचेर बिरामी
बनेर साधु काम गर्छौ जादू बन्दछौ हरामी ।
पैरेर गेरु घसेर मात्रै आड्भरि खरानी
भनिन्न हजुर त्यस्तालाई साधु घस्तैमा खरानी ।।

❍

## जानै पर्ने होला

उफ्रिएर म पुगेछु माथि चन्द्र लोकमा
खाँदा-खाँदा मुरी खाएँ धेरै दिनके भोकमा
एकै दिनमा विश्व घुमें बैंसालुको झोंकमा
साइतैले जन्म्यारैछु आमा तिम्रो कोखमा

बच्चा भएँ युवा भएँ वृद्ध हुँदै आएँ
नर्क स्वर्ग दुवै घुमें फेरि फर्की आएँ
धनी हुने कर्मै छैन दुःखी जिन्दगानी
दान गरी दुःखी भयो धनी बेइमानी

माछो कैले बाँच्नेछ र पानी छैन भने
यो देश कैले बाँच्नेछ र उद्योग छैन भने
स्वर्गभन्दा मन परेको आÇनै झुप्रे घर
मेरो देश स्वर्ग बन्ने देऊ ईश्वर वर

नर्क स्वर्ग भोगी सकें भोग्नु केही छैन
शाखा सन्तान देखी सकें देख्नु केही छैन
बोकी हिंड्छु नयाँ नेपाल बनाउने झोला
यमराजले डाक्यो भने जानै पर्ने होला

## गीत

भेट हुने सोल्टी कैले हो कैले
ज्यादी माया सोल्टी लाइछाड्यौ ज्यान तिम्ले

हिमचुली सोल्टी बहुतै ठुली
त्यहीं माथि सोल्टी देवीको थपनी
काखै बसी सोल्टी रोएको देखें
होनी साँच्चै सोल्टी आजको सपनी

भेट हुने सोल्टी कैले हो कैले
ज्यादी माया सोल्टी लाइछाड्यौ ज्यान तिम्ले

रानी वनको सोल्टी चिरुवा दाउरा
बाल्दा भयो सोल्टी फूल जस्तो खरानी
रोएको छ कि सोल्टी हाँसेको होलानि
मेरो तिमी सोल्टी हितैको परानी

भेट हुने सोल्टी कैले हो कैले
ज्यादी माया सोल्टी लाइछाड्यौ ज्यान तिम्ले

ईनारैको सोल्टी पानी र झिक्ने
होनी साँच्चै सोल्टी बाबिया लसरी
हिंडेको दम्को सोल्टी बोलेको रन्को
अब मैले सोल्टी बिर्सने कसरी

भेट हुने सोल्टी कैले हो कैले

ज्यादी माया सोल्टी लाइछाड्यौ ज्यान तिम्ले

रूप तिम्रो सोल्टी चौथीकी चन्द्र
लाग्छ मलाई सोल्टी बहुतै अनुपम
एक झल्को देख्छु सोल्टी बेहोसै हुन्छु
मैले अब सोल्टी बिर्सिएँ सबै काम

रातो माटो सोल्टी सिंदुरको साटो
झल्को लाग्छ सोल्टी हिंडेको यो बाटो

उडेर जाऊँ कि सोल्टी चुडेर पठाऊँ
मेरो त सोल्टी ढुँडेर थाक्यो मन
नमरी जानु सोल्टी न गरी खानु
मलाई सोल्टी आखिरी पर्‍यो झन

रातो माटो सोल्टी सिंदुरको साटो
झल्को लाग्छ सोल्टी हिंडेको यो बाटो

विरह मेट्न सोल्टी हजुरलाई भेट्न
हो साँच्चै सोल्टी छक्काली बेलैमा
मोती जस्तो सोल्टी आँसु मेरो गिर्थ्यो
हो साँच्चै सोल्टी छुट्टिने बेलैमा

एउटीको सोल्टी मायाँले गर्दा
टोपी खस्यो सोल्टी दुइटीको माझमा

एकै मुठी सोल्टी जिरीको साग
दिनु छ सोल्टी राजाको भान्छेलाई

मनको कुरा सोल्टी क्यै भन्न पाइन
मैले त सोल्टी अर्काको मान्छेलाई

एउटीको सोल्टी मायाँले गर्दा
टोपी खस्यो सोल्टी दुइटीको माझमा

सबै लुगा सोल्टी त्यो तखतैमा
छ साँच्चै सोल्टी गलबन्धी झोकैमा
मरे पनि सोल्टी भेटै र होला
एकफेर सोल्टी उही इन्द्र लोकैमा

लाहुरेको रेलिमाई नौरङ्के झोला
फेरि भेट सोल्टी होला कि नहोला
भेट हुने सोल्टी कैले हो कैले
ज्यादी माया सोल्टी लाइदियौ ज्यान तिम्ले

## म आएँ दमौली

तिमीलाई भेट्न विरह मेट्न म आएँ दमौली
यी लाखौं-लाख सलाम छ मेरो पवित्र दमौली ।
मादी र सेती दुई दिदी बहिनी भेट हुने दमौली
पुरानो मित्र आएछ भेट्न अवश्य भनौली ।

आरामै होला अरू मै के छ यो नौलो खबर
पहिलेको भन्दा अहिले त तिमी बैसालु दोब्बर ।
सुनको औंठी नगीना हीरा यो सानो शहर
तेल थपी-थपी बलेको बत्ती हेर्नलाई रहर ।

मित्रको चिनो पुलको माला मादीले लाएछ
देशले एउटा निकै नै राम्रो सम्मान पाएछ ।
साहित्यक्षेत्र, राजनीतिकेन्द्र यही नै गनिन्छ
ती आदिकवि जन्मेको थलो पवित्र भनिन्छ ।

यी ऋषिमुनि त्यो तपोभूमि भन्दछन् दमौली
यी सुनमाथि सुगन्ध थप्ने तिमी नै बनौली ।
कन्दरा कुरी लेखे हुन् वेद पौराणिक पुर्खाले
उठाई कलम के लेखूँ मैले विरह भेल चले ।

पवित्र पाएँ व्यासको दर्शन त्यो गुफा भित्रमा
तुरुन्त बोल्छन् भन्ने झैं लाग्यो त्यो चित्र हेर्दामा ।
वियास नामको रहेछ यहाँ यो नगरपालिका
त्यो लामो पाउ पार है छोटो यी सबै जालीका ।

देशको लागि मरेर मेट यसै न भ्यालीका

ती तिम्रा निम्ति आउँदैनन् होला मेची र कालीका ।
डसेर खाने बिर्साऊ बानी बुद्धको भनाइ
बलभद्र जस्तै खुकुरी लिई नाच्नु छ रमाई ।

❍

## केही टुक्राहरू

### (क) अराजकता

किन होला यो घरमा सधैं रुन्चे झरी
देशभरि ज्वरो खरो टी.बी. रोगसरी
गौडा गल्फा फुटे सबै भयो मनपरी
निर्दोष व्यक्ति मारे मरे यो देशमा बेफाइदा गरी

नगर न नगर बिना मियोको दाइँ
राजा नभएको देश हुन्छ काहीं ?

❍

### (ख) स्वर्ग झैं लाग्छ झुपडी मेरो

के सोझो होला कुकुरको पुच्छर ढुङ्ग्रामा हालेर
के नाफा होला घुस्याहा कुकुर घरमा पालेर
उदासिलो देख्छु बनबुट्टा पनि सोझा बोट ढालेर
मर्द हुँ भन्न लाज पनि लाग्छ जुँगालाई फालेर

त्यो लाटीसित के माया लाउनु अङ्गालो हालेर
केही न होला फाटेको टोपी नौ ठाउँमा टालेर
स्वर्ग झैं लाग्छ झुपडी मेरो सीठो नै बालेर
पहिरेर गेरु कुरौंला गुफा केश लट्टा पारेर

❍

## (ग) आफन्त वैरी

सानो छ हीरा काम गर्छ ठुलो चिन्दिने कोही छैन
यो लुच्चो संसार मुख मात्र धुने मन धुने कोही छैन
बाघ हेर्नु कि न बिरालो हेर वैरी भन्नु भाइ
एक पाथी खाई भोकै छु भन्ने यहाँछन् दाजुभाइ

❍

## (घ) मानिसको मूल्य

हिंड शीतल पाटीमा दिन त गए जाउँला रातीमा
सास फेरेर खलाँतीलाई त्यसलाई मानिस भन्ने
नबुझेर हाँस्नेलाई केको मानिस गन्ने
देउता भन्दा दैत्य हेर देशमा हरे कति
देशभरि फैलेको छ कत्रो विसङ्गति ।

❍

## (ङ) पश्चिमाञ्चल पोखरा

होला पवित्र जो शिवरात्रिको तापेर शिवधुनी
मानव अधिकार यै हो धर्म स्वतन्त्र हुन्छ जुन पनि
मेरो कास्की जिल्ला अति पवित्र भन्छन् जुन पनि
यो हो अति चोखो कश्यप ऋषिजीको तपोभूमि ।

अहो ¤ कास्की जिल्ला जता हेरे अचम्म कति चहकिलो

के हो औंसी पूर्णे सदा भल्किरहने कति गहकिलो
यही पोखराभित्र आठै ताल र अनि गङ्गा शुक्ला
इच्छा गर्छ जुनले देखी पोखरा कुन मित्र यहाँ नभुक्ला

प्रजातन्त्रप्रेमी पश्चिमाञ्चलमा लमजुङ् तनहुँ
जन्मस्थल आदिकवि भानुभक्तको म किन नभनुँ

❍

## (च) घरज्वाइँ नेता

प्वाल परेछ कि यो धर्तीलाई केही राखे पनि रहँदैन
टी.बी. फैलिएर यो देशमा केही खाए पनि सहँदैन
विसङ्गतिको बस्ती यो धर्मकर्म हराइसक्यो
कता फर्केर गुहार माग्ने न्याय निसाफ हराइसक्यो ।

चन्दन घोटे भैं घोटिरहेछन् लोट्ने लोटिरहेछन्
चोखो चाहिँदैन मीठो चाहियो भने जति ओहोटिरहेन्
दिनहुँ गाउँ बेंसी हल्लाइरहेछन् भाषणमात्र गरेर
यी घरज्वाइँ खानाको मात्र धुन छ देखाउनु छैन केही गरेर

❍

## (छ) नेपाली वनका फल

मेरो जिब्रो वनको निउरो चोखो कन्दमूल
समयको अनुराग महिमा हुन्छ ठैलो
लेक चर्छु गुहेंली त झुप्पा झुप्पा पाक्छ
कैलाशको चिसो हावा मलाई स्वर्ग लाग्छ

टोप्रो झिकी ऐसेलु त काफल टिपी दाना
अमृत हुन्छ नेपालीलाई बहारको खाना

❍

## (ज) सम्झेर रुनलाई

भक्किम्लो पाक्यो झुप्पाका झुप्पा लालुपाते वनचरी
चिने त मैले राख्थे नी बैनी त्यो बोली पेटभरि ।

आँखाको घेरो दुखेछ मेरो सुन्दिन बडै कान
त्यो माया नजिक आइदेउन गाँठे दिम्लानी जीवनदान ।

त्यो धोबी धारा जानु छ मलाई रुमाल धुनलाई
त्यहीं आए बैनी दिउँला नि औंठी सम्झेर रुनलाई ।

❍

## (झ) अलपत्र परेको प्रजातन्त्र

उम्ल्यो दुध खरानीमा पऱ्यो
त्यो मोरो उम्ल्यो तल झऱ्यो
बाँदरको हात नरिबल गऱ्यो
आÇनो हात आÇनै थाप्ला राखी आफै मऱ्यो

आफू वैतरणी गर्छु भन्दा नर्कमा झऱ्यो
शहीदहरूको रगतले सराप गऱ्यो
नेपालीहरूको भाग्य हऱ्यो
प्रजातन्त्र अलपत्र पऱ्यो

## (ञ) प्रत्यागमनको झल्को

बोकाले दाइँ हुने भए गोरु किन चाहियो
न धोती न टोपी न ओंठमाथि जुँगा मर्द चाहियो
अचार खाइयो विचार पनि पाइयो
आÇनो मुखमा आफैले लोप्रे हात लाइयो ।

कोही न कोही अब आउने भो पुरानो पोइ
मिलीसकेका होलान् जोईपोइ
नामर्दको स्वास्नी हुनुभन्दा मर्दको कमारी रोइ
यिनका रात दिनका भाषण गयो रोई रोई

## (ट) केही नपाएर

सधैं भन अँधेरो छ चित्त नबुभ्रेर
सधैं खोली धमिलो छ तीर्खा नबुभ्रेर
मणि पनि मिल्काइदिएँ द्रव्य नचिनेर
जता हेर्छु तारे भीर बाटो नचिनेर

मन खोलेर बोल्न पाइन साइनो नपाएर
आÇनो मुख हेर्न पाइन ऐनो नपाएर
लाहुरे पनि चाउरे भएँ मौका गुमाएर
माभ्री पनि पाजी भए डुङ्गा गुमाएर

## (ठ) परिवर्तन

हिजोभन्दा आज अर्कै आजभन्दा भोलि
भोलिभन्दा पर्सी अर्को मलजलले भोलि
नयाँ नौलो चौतारीमा सार्दा वर पीपल
मलजलले हुर्केपछि बल्ल हुन्छ शीतल

## (ड) नयाँ वर्षको सोच

आए जमका लिदै बाउन्न नयाँ वर्षा
यहाँ घुमिरहेछ नयाँ नौलो चर्खा
उठ देशबासी गाउँघरका
दिन्छिन् शुभकामना नयाँ वर्ष

अब कोही पनि नतर्क आÇनै गाउँघरमा फर्क
पसिनाले नपुगे रगत पनि छर्नु पर्छ छर्क
यहाँ बुढी मरी भन्ने हैन काल पल्क्यो भन्ने डर छ
धेरै कुरा सोची बाँच्नु पर्छ।

## (ढ) उल्टापाल्टी

कामीको भजालो चुहुने
सिकर्मीको घर चुहुने
धोबीले सबैको लुगा धुने आÇनो नधुने
नेताकी स्वास्नी रुने
गाई बिग्रै बैला बुहारी बिग्रे अर्को दैला
खेती बिग्रै भुल्का छोरा बिग्रे उल्का
चरीलाई बेल पाकेर के भो
हामीलाई प्रजातन्त्र आएर जे भो त्यही भो

गाई पाले बाघैले खाइदियो
छोरोपाएँ लोप्रे हात लाइदियो

बिरालो काँसी जाने भए मुसा किन हराउँथे
भोकाले बाँडीचुँडी खाने भए दुःखी किन कराउँथे

❍

## (ण) दिक्दारी

बाघ हेर्नु किन बिरालो हेर हो वैरी जस्तै भाइ
पेटभरी खाइ भोकै छु भन्ने यहाँका दाजुभाइ
चिरेर छाती देखाऊ साथी त्यो चोला हामीलाई
कामले काजी मान्दछु म त काम गर्ने कामीलाई

भाषणले मात्र देश बन्ने भए को पसिना बगाउँछ
ज्यूँदालाई मुर्दार बनाइरहने त्यो गिद्ध अघाउँछ
अर्काको भर परे सारा जिन्दगी बन्दछ
बिर्सनु छ रे मुख हेर्ने बानी समय भन्दछ

खोइ के छ र के दिऊँ मैले लैजाऊ रुखो बोली
आफैं पाए पिउने थिएँ जहरको गोली

❍

## (त) इच्छा पुगेन

ईच्छा त थियो नेपाल आमाको प्रजातन्त्र जन्माउने
नेता जन्मेको रहेनछ प्रजातन्त्र खेलाउने
अमृत देऊ न भन्दा नेता छन् जहर दिलाउने

यस्तै छन् परमुखीहरू ज्यूँदै खाडलमा मिलाउने

कति सपूतहरू यहाँ शहीद भए
पक्कै यिनको रगतले सराप दिने भए
न्याय निसाफ सबै हराइ गयो
पाँच पैसाको माल पच्चीस हुन गयो

महङ्गी उर्लेर बृहस्पति लोकमा थियो
लामपुच्छ्रे तारा ठोक्किंदा आफैं धुजा भयो
आउँदैछ तारा यही लोकमा ठोक्किन
फेरि पन सपूतहरूको रगत पोखिन

❍

## (थ) बिर्सना

म चिल हैन म गिद्ध भएर उडिरहेछु
म चङ्गा हैन म हावा-हावाको भरमा डुलिरहेछु
म सेतीमा काँस भएर फुलिरहेछु
मैले भोलि के गर्नुपर्छ ती सबैकुरा भुलिरहेछु।

❍

## (द) कसैलाई वास्ता छैन

जालझेलले अल्झेको नेपाली र नेपालीको घर
कसैले कसैको पनि मान्दैन डर

बिग्रँदैछ नेपाली को थर किन अर्काको पर्नाले भर
विदेशीको गुलामलाई बताउन केको डर

मरे बज्यैको छोरा बाँचे मेरो पोइ
यहाँ बाँच्नु छ रोई-रोई
न्याय खोइ निसाफ खोइ, खोइ-खोइ
किन बच्ने आँसुले मुख धोई धोई

उल्लू जोइटिङ्ग्रेको पोइ
यी आमाका अङ्क कति चुँडिए कल्ले खोज खोइ १

❍

## (ध) देशको धनको दुरुपयोग

बाहरको फलफूल अर्कैले खान्छ यै हाम्रो वनको
विरह व्यथा कोसित पोखुँ वेदना मनको
मलजल बगी विदेश जान्छ हरियाली वनको
हिना र मिना बनाए कति नेपाली धनको

❍

## (न) हाम्रो विकास

खन्नु छ सधैं ती टारी टुक्रा कोदो र मकै
जन्मेको थलो लाग्दछ भलो केही छैन थकाइ
ओडाली ढिंढो खाएर हिंड्यो तरकारी भट्टको
राईस मिल हाम्रा छहरे खोला मैदा छ घट्टको

❍

## (प) प्रजातन्त्रवादीको काम

ठुलो काम गरे प्रजातन्त्रवादीहरूले
दासढुङ्गा अम्बर गराए यी घातीहरूले
मदन भण्डारी र जीवराजको स्वर्गमा डिउटी खटाए
नेपालको निजी सम्पत्ति डाँडा कटाए
चेलीबेटी बम्बै पठाए
यहाँका परमुखी अचम्मले हटाए
गन्धर्वको सारङ्गी जस्तो पेट थियो बल्ल मोटाए
कोशी पठाए, काली पठाए डाँडाकाँडा पढाउने हत्केलीमा नै
पाथी खाए मुरी जम्मा गरे भकारी भरे अन्तै पठाए
मित्रदेशको अनुदान आयो अमिलो झैं चढाए।

## (फ) पञ्चायतको विकास

चैतको मैना झन् उराठिलो डढेलो वनभरि
खडेरी लामो सुकेको स्याउला जलेका मनपरी
यहाँ ओइरो हाल्ने कोही छैन पैरो चलाउने मात्र छन्
बेचिए गङ्गा जमुना विदेश लाँदैछन्

नेता भनाउँदा साऱ्है भोका रहेछन्
कुनै बाघ भएर गर्जिरहेछन्, कुनै मख्ख परिरहेछन्
वर्षा लाग्यो भाषण र पञ्च ऱ्याली गर्दछन्
कैले बाढी र गोली चल्दछन्

❍

## (ब) शिक्षा र कवि

दुध पिलाउँछु सर्पलाई खालि विष बहाउँछ
बैगुनीलाई शिक्षा दिन्छु काँडा भई बिझाउँछ
सही साँचो मानव बन्छ सरस्वती रिझाउँछ
शिक्षा ज्योति जग्मगाउँछ विश्वव्यापी चिनाउँछ

घ्यू चिनी नराखेको खालि हलुवा भोजन गरी
केवल पानी पिएर कवि अमृत बहाउँछ थरीथरी
मानव अधिकारको बिकुल फुकी मरिन्थे जीवनभरी
सर्प विसालु गला धरी कवि शिव सरी

❍

## (भ) हाम्रो कर्तव्य

ज्ञानी महाँ विदुर सरी कुवेर भन्दा धनी
रणमा गए अर्जुन सरी दानी महाँ वली
कैले फाइदा हुने छैन बेरुलसित बोली
सबै मिली हटाउनु छ यो देशको कली

यहीं जन्मे वीरहरू देशका लागि मर्ने
आयो पालो युवा पिढीका पसिनालाई छर्ने
फुटे पर्खाल फलामका भए सबै ध्वस्त

फर्काइ ल्याए नयाँ युग हिंड्छौ नौलो रस्ता

कहाँ छैन स्कुल कलेज कहाँ छैन पानी
कुन जग्गामा के चिजको दुःख के छ खानी
कहाँ छैन सुख शान्ति कहाँ छैन मेल
कहाँ-कहाँ नाच्छ भनी गरीबीको भेल ।

❍

## (म) लोभ

आउ हेर मेरो पनि कस्तो हिमाल जत्रो छात्री
दैवी चोट नआओस् है कैले ममाथि
समयको हुरी बतास ठुलो रुखमाथि
मौका परे थला पर्छन् वनका पनि हात्ती

नुन खाए झैं झोक्राउँछन् मै हुँ भन्ने भाले
आफैलाई टोकिदिन्छ लोभी कुकुर पाले
दुई नजर एकै ठाउँमा यहाँ कसले हेर्छ
मीठो पाए जुठो खान्छन् इमान्दारी फेर्छ ।

❍

## (य) भाइ नजुध

मुर्छामा छिन् नेपाली आज ऊ विन कठै आँशुको
कति किन बौलाको होला चौतारीमा रगतको

कति फुटे हातैका चुरा मर्स्याङ्दीमा रातैको
रोइराका छन् गाउँभर चरी लालावाला टुहुरा
सान्है रोयो नेपाली मन्त नलडीदेउ एउटै भाइ आफूमा
मुर्छामा छिन् नेपाली आमा डुबिन कठै आँशुको आहल
कति फुटे हातैका चुरा मर्स्याङ्दीमा रातै छु ।

❍

# परिशिष्ट

## (क)

## रेडियो क्यासेटमा रेकर्ड भएका गीतहरू

लोककवि अलि मियाँले जीवनभर धेरै धेरै गीतहरू यत्रतत्र गाएर हिँड्नुभयोý तर उहाँका स्वरमा रेकर्डिङ्क भएर कुनै गीत रेडियो, टी.भी. मा गाइएनन् । उहाँका गीतका लयलाई बचाउन र संरक्षण गर्नका लागि हरिदेवी कोइरालाले उहाँकै इच्छा अनुसार २०४५ सालमा रेडियो नेपालमा पहिलो गीत रेकर्ड गर्नुभयो। दोस्रो गीत प्रेमराजा महतले “घर पनि छैन दाइ” गाउनुभयो अति “आकाशमा वादलु डम्मै छ” गीत हरिदेवी र प्रेमराजाले रेडियोमा गाउनुभयो। त्यसैगरी पद्मराज ढकालले गोठमा बाच्छा फर्की आएँ, पद्मराज र हरिदेवीले “नजाउन कान्छादाइ” गाउनुभयो। २०५८ सालमा लेखनाथ साहित्य प्रतिष्ठानको सक्रियतामा रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र पोखरामा अलि मियाँकै स्वरमा ६ वटा गीतहरू रेकर्ड गरिएको छ। जसलाई हरिदेवी कोइराला, पद्मराज ढकाल, उहाँकै सुपुत्र हाजी हनिफ मियाँको सक्रियातामा सुरक्षित राखिएको पनि छ। उहाँकै शुभजन्मउत्सवको अवसर पारेर हरिदेवी कोइरालाले म्यूजिक नेपालसँग समन्वय गरी “अलि मियाँका गीतहरू” भन्ने अडियो क्यासेट र भी.सी.डी. प्रकाशन गरी उहाँप्रति समर्पण गर्नु भएको थियो। उक्त अवसरमा उहाँ धेरै खुशी हुनुभएको थियो। उक्त क्यासेट भी.सी.डी. को आम्दानी (रोयल्टी) अलि मियाँ वाङ्मय प्रतिष्ठानलाई प्राप्त हुने गरी प्रकाशित गरिएको छ। यो क्यासेटमा ठाकुर सिग्देल, दुर्गा रायमाझी, पुरुषोत्तम न्यौपानेले पनि स्वर दिनुभएको छ। यी सबै पक्षहरूलाई संयोजन गर्नमा रामबहादुर कोइरालाको ठुलो मेहनत परेको छ। सुन्दर उद्घोषण गरेर प्रकाश सायमीले धेरै गुन लगाउनु भएको छ। गायन, संयोजन, उद्घोषण जस्ता कार्यका निम्ति उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ। उहाँका गीतहरू क्रमशः रेकर्ड मिति सहित यस प्रकारका छन् :

## १. सुखीलाई गुँदरी काम्लो

सुखीलाई गुँदरी काम्लो, यो दुःखीलाई जहाँ बस्यो उही राम्रो ।
आउदैन चरीको दुध, कहिले होला दुःखीको घरबर ॥

............

रुन्छन् मुसा कैयै छैन आँटीमा, बित्यो जीवन अँधेरो ठाँटीमा ।
सुखलाई भएन रति, दुःख पऱ्यो भनेर रुम कति ॥

............

मन पनि रोइ'न्छ मेरो दिन पनि भैर'न्छ अँधेरो ।
दुःखी तिमी रोएको किन, कैले पनि फर्केन सुदिन ॥

गायन : हरिदेवी कोइराला
२०४५ सालमा रेडियो नेपाल

## २. घर पनि छैन दाइ मेरो

घर पनि छैन दाइ मेरो, डर पनि लाग्दैन कसैको ।
कति गरें पूजाआजा जीवन नै गयो
कति लगाऊँ माया प्रीति पुरा भारी भयो ।
जून हेरे जूनै राम्रो घाम हेरे घाम
कहीं कतै पाइन दाइ दुःख राख्ने ठाम ।

घर पनि छैन दाइ मेरो, डर पनि लाग्दैन कसैको ।
कठै ¤ भन्ने को छ मेरो के भो भन्ने को छ
लामो घोंचो तिखारेको जुन चाहिने छ होंचो
जन्मदैको कुसाइत कि भाग्य हो कि खोटो
कैले पनि टुटेन दाइ यो हरमा भोटो

गायन : प्रेमराजा महत (रेकर्ड मिति : २०४९)

## ३. आकाशमा बादलु डम्मै छ

आकाशमा बादलु डम्मै छ, मनमा के छ भन्नेलाई सम्मै छ।

केटा - घर त मेरो लथालिङ्ग पानी मात्र छाउँछु
वर्षा खानेपर्ने छैन बालीमात्र लाउँछु
जसका पनि दुई नजर बराबरी हेर्ने
कैले मौका पर्ला हजूर यो काँचुली फेर्ने।

आकाशमा बादलु डम्मै छ, मनमा के छ भन्नेलाई सम्मै छ।

केटी - केको हात्ती अँगाल्दो हो मुसा नछुनेले
केको मायाँ लाउनु छ र पैसा नहुनेले
एकैपटक हँसाइ देऊ न सधैं रुनेलाई
हृदयमा राखिरौंला मन धुनेलाई।

आकाशमा बादलु डम्मै छ, मनमा के छ भन्नेलाई सम्मै छ।

दुवै - मेरो मायाँ फिजाऊँ भने संसारभरि पुग्छ
मेरो आँसु पोखौं भने सगरमाथा डुब्छ
छाती खोली देखाऊँ भने माछापुच्छ्रे झुक्छ
मनको तिर्खा मेटौं भने फेवातालै सुक्छ

आकाशमा बादलु डम्मै छ, मनमा के छ भन्नेलाई सम्मै छ।

गायन : प्रेमराजा महत, हरिदेवी कोइराला
रेडियो नेपाल रेकर्ड मिति : २०५०

## ४. त्यो मायाँले जाऊँ लाहुर भन्थ्यो

त्यो मायाँले जाऊँ लाहुर भन्थ्यो
दुःख पाउने करीम के मान्थ्यो ।

............

आजभोलि भन्दैमा दिन गयो
बैंस गयो पापी मन झन् रोयो ।

............

नून तेल छैन सबै चिज परको
कल्ले मायाँ मान्दिने घरको ।

............

घरबारेलाई घरैमा जाम जाम
बैरागीलाई वनैमा बसीराम ।

गायन : हरिदेवी कोइराला
रेकर्ड : २०५८

## ५. नदेखे कहाँ देखौं हुने

नदेखे कहाँ देखौं हुनी, देखे माया बोलचालै नहुनी
केटा - वनको सिठो घट्टको पिठो मागेको खुर्सानी
बाटो छ वन्को चल्दछ रन्को कसरी बिर्सनी ।
आमा र बाबु दाजु र भाइ देख्दैछु अँधेरा
सुख र दुःख कोसित पोखूँ बोल्दैनन् सँधेरा ।

नदेखे कहाँ देखौं हुनी, देखे माया बोलचालै नहुनी

केटी - अहिलेको दशैं सरियो बसैं धनीका गोठैमा
हिमालमा बादल लागेको जस्तै कलेठी ओठैमा ।
आँखामा आँसु केको खाऊँ मासु यो वृन्दावनैमा
उडेर जाऊँ कि बुडेर जाऊँ कि भैरा'छ मनैमा ।

नदेखे कहाँ देखौं हुनी, देखे माया बोलचालै नहुनी

दुवै - जतिमा धोयो त्यतिमा राम्रो फलेको चामलु
झलर झली मै सम्झिराख्छु आफनै दामलु ।
एक र मुठी जिरीको साग तेल घीउले झानेको
अहिले र सम्म क्यै खबर छैन बैकुण्ठ जानेको ।

नदेखे कहाँ देखौं हुनी, देखे माया बोलचालै नहुनी

गायन : हरिदेवी कोइराला, दुर्गा रायमाझी, ठाकुर सिग्देल
रेकर्ड : २०५८

## ६. साँच्चै भन मायालु

केटा - साँच्चै मन मायालु रेशम रुमाल कति परेको
मेरो अरू को छ र हजुर जस्तो मन परेको ।
केटी - हेर कति रमाइलो डाँफे मुनाल हिमाल झरेको
म बिर्सने छैन है चोखो माया मलाई गरेको ।
चिसो पानी कति मीठो लाँकुरीको छायाँ
जिन्दगीमा कसको होला हाम्रो जस्तो मायाँ ।

साँच्चै भन मायालु रेशम रुमाल कति परेको
मेरो अरू को छ र हजुर जस्तो मन परेको ।

दुई दिनको जिन्दगीको छैन केही भर
चिनी जस्तो मीठो बोली कहिले बिर्सिन्छ र ।

साँच्चै भन मायालु रेशम रुमाल कति परेको
मेरो अरू को छ र हजूर जस्तो मन परेको ।

चाँदी जोखौं तोला-तोला सुन जोखौं रति
तेल थपेर राखिरम्ला सम्झनाको ज्योति

साँच्चै भन मायालु रेशम रुमाल कति परेको
मेरो अरू को छ र हजूर जस्तो मन परेको ।

हिमाल चढ्ने कस्तुरीको अनमूल्य बिना
चोखो मायाँ राखीरम्ला हामी दिन-दिन ।

साँच्चै भन मायालु रेशम रुमाल कति परेको

मेरो अरू को छ र हजूर जस्तो मन परेको ।

बाँचिञ्जेल रुखो सुखो एकमुठी खान्छौं
मरेपछि बटुलेर के पो बोकी लान्छौं ।
साँच्चै भन मायालु रेशम रुमाल कति परेको
मेरो अरू को छ र हजूर जस्तो मन परेको ।

गायन : हरिदेवी कोइराला, दुर्गा रायमाझी, ठाकुर सिग्देल, पुरुषोत्तम न्यौपाने (२०४८)

## ७. यो चिठ्ठी मूल ढोका दिनु

यो चिठ्ठी मूल ढोका दिनु, गरीबलाई सन्चै छ भन्दिनु ।

गाउँघर ठुलो डर फटाहाको धाक
मौका परे शोषकले पार्छन् एकै छाक ।
छल पारी चितुवा झैं दफानेर बस्छन् ।
गरीबको घाँटी समाई तीखा नङ्ग्रा धस्छन् ।

यो चिठ्ठी मूल ढोका दिनु, गरीबलाई सन्चै छ भन्दिनु ।

घरभित्र अन्नपात एकमुठी छैन
अल्नो साग सिस्नु पनि त्यसै निलिदैन
चुलाभरि वरिपरि माकुराको जालो
नमिच न गरीबको पानी भर्ने पालो ।

यो चिठ्ठी मूल ढोका दिनु, गरीबलाई सन्चै छ भन्दिनु ।

आधार उमेर गइसक्यो पहराको बास
कल्ले आई मेटाउला र गरीबको आश
एउटै हुन्छ महाजाल हजार हुन्छन् गोटी
डराएर बाँच्नुपर्ने पोखरीको भोटी

यो चिठ्ठी मूल ढोका दिनु, गरीबलाई सन्चै छ भन्दिनु ।

गायन : हरिदेवी कोइराला (२०५८)

## ८. छैन के यो वनमा चरी

केटा - छैन के या वनमा चरी
भए त बोल्दी हो क्यै गरी

केटी - सुन्न पाए मुरली रन्को
पीर पनि हराउँथ्यो यो मन्को

केटा - उँभो हेरौं त्यो काली लेक सुनमाया उँदो त निरह
लाग्छ मलाई ज्यान तिम्रै मायाँ सुनमाया चल्दछ विरह।

केटी - उराठे कराउँदा न्याउली सुनबरै चैतको वन पनि
घुमी आउँला मै बुझाइ दिउँला सुनबरै उराठे मन पनि।

केटा - बाबाज्यूको त्यो फूलबारीमा सुनमाया पाकेको सुन्तला
नबोलाऊ नचलाऊ मलाई सुनमाया छैन मन चञ्चल।

केटी - गाईले हैन भैंसीले हैन सुनबरै आगोले खायो वन
संसार हेरी बुझाउ न चित्त सुनबरै गर न धिर्जे मन।

केटा - हीराको औंठी हरायो मेरो सुनमाया त्यसैलाई खोजेको
ढुङ्गा खोज्दा देउता पो मिल्यो सुनमाया यै मनले रोजेको।

केटी - सुसाउँदै बगेर आइन् सुनबरै शुकला गण्डकी
नरोऊ मायाँ हाँसेर बिताऊ सुनबरै दुई दिनको जिन्दगी।

गायन : हरिदेवी कोइराला, ठाकुर सिग्देल, दुर्गा रायमाझी, पुरुषोत्तम न्यौपाने (रेकर्ड : २०५८)

❍

## ९. न पानी दर्केर आउनी

न पानी दर्केर आउनी, न त बादल फाटेर घाम लाउनी ।
केटा - वर्ष दिनको एकफेर मान्नुपर्दा दशैं
शिरमाथि अक्षर लेखी सर्नुपर्छ बसैं
सातमानाको सुसेपाथी भर्छन् कोल्टो पारी
पाँच रुपियाँको डोको दिंदा लेख्छन् घरबारी ।
न पानी दर्केर आउनी, न त बादल फाटेर घाम लाउनी ।
केटी - गाँस छैनबास छैन, वनको चरा जस्तै
यो धर्तीमा बाँझो बारी छ नि आफू सस्तै
जैले पनि आधी पेट हिंड्नु छैन हाँसी
न्याउली सरी सधैं रुन्छन् कठै ¤ सुकुम्बासी ।
न पानी दर्केर आउनी, न त बादल फाटेर घाम लाउनी ।
केटा - बिर्सेछ कि पहरामा फुल्नै छोड्यो प्याउली
रोइलाग्छन् मैले रुँदा ती वनमा न्याउली
घीन लाग्छ रुचाउँछिन् बाँकी पुरा जूठो
सबैभन्दा मिठौ लाग्छ बाँझो वनको गिठो
न पानी दर्केर आउनी, न त बादल फाटेर घाम लाउनी ।
केटी - मास कुटी मस्यौरी त गहत कुटी बरी
जन्मभरी कमाइ गर्दा दुःख कपालभरि
घर पनि पर पनि दुःखीलाई पीर
घाँस काटी दुध दुहुन्छन् अर्कैलाई खीर ।

गायन : हरिदेवी कोइराला, ठाकुर सिग्देल (रेकर्ड : २०५८)

## १०. लोकगीत

गोठमा बाच्छा वनभरि थिए गाई
भर्ती हुन मन लाग्यो मलाई

नौतुनामा चढेर रेलैमा
हिंडे म त लाहुरे हुनलाई
घरको मायाँ मारेर बेलैमा

चुहिएको घर नै नछाई
भत्किएको कटेरो नबनाई

नौतुनामा चढेर रेलैमा
हिंडे म त लाहुरे हुनलाई
घरको मायाँ मारेर बेलैमा

फुर्के घाँस नकाटेर पाँजो
दैलामुनि राखी सबै बाँझी

नौतुनामा चढेर रेलैमा
हिंडे म त लाहुरे हुनलाई
घरको मायाँ मारेर बेलैमा

नयाँ-नयाँ लुगा लगाएर
ठुटे भोटो भाङ्ग्रो फुकालेर

नौतुनामा चढेर रेलैमा
हिंडे म त लाहुरे हुनलाई

घरको मायाँ मारेर बेलैमा

स्वर : पद्मराज ढकाल (रेकर्ड : २०५१)

❍

## ११. स्वदेशगान-१

नजाऊ न कान्छा दाइ विदेश, बनाउनु छ आÇनै यो देश
नदेखिने अँधेरोमा दियो लगाएर
पालैपालो पँधेरामा घैला भराएर
पर्म लगाई मिलीजुली खेत खनाउँला
परमुखी बन्ने बानी सधैं छुटाउँला

नजाऊ न कान्छा दाइ विदेश, बनाउनु छ आÇनै यो देश
युगले छुने दुःख धुने आइरहेछ दिन
उकालीको पसिनाले तिरौला नि रिन
पैले सबै मिलिजुली आÇनो बाटो हिन
हाँसि-खेली बिताउनु छ आÇनै घरमा दिन

नजाऊ न कान्छा दाइ विदेश, बनाउनु छ आÇनै यो देश
विश्व फिर्ने दुःख तिर्ने जसले मौका पायौ
साना-ठुला सबैसित दिल जोडेर आयौ
अब तिम्रो खाँचो भयो नेपाल आमालाई
बनाउनु छ मिलिजुली आÇनै गाउँघरलाई

नजाऊ न कान्छा दाइ विदेश, बनाउनु छ आÇनै यो देश

स्वर : हरिदेवी कोइराला, पद्मराज ढकाल, ओम विक्रम ओझा
सङ्गीत : पद्मराज ढकाल (रेकर्ड : २०५१)

## १२. स्वदेशगान-२

फर्की आएँ छाडेर विदेश
हिंडे म त बनाउन यो देश

जति भाका फेरेपनि आÇनै गीत गाउँछु
विश्वजति घुमेपनि देशकै माया लाउँछु
अजम्बरी बन्नेवुटी अब आमा चिने
लाहुरे हुने हैन म त बाटो खन्न हिनें

फर्की आएँ .........

स्वर्ग सम्झी स्वदेशलाई म त फर्की आए
भंज्याङ्को चौतारीमा नौलो गीत गाएँ
डम्फू बोकें मादल बोकें मीठो लोकगीत गाएँ
दिदीबैनी गाउन लागे म त नाँच्न लाएँ।

फर्की आएँ .........

अमृतभन्दा सान्है मीठो हाम्रो मूलको पानी
बिर्साउनु छ नेपालीहरू विदेश जाने बानी
विदेशको मीठो भन्दा आÇनै देशको पीठो
जान्न म त विदेशमा बरु खाउँला गीठो

फर्की आएँ .........

स्वर : पद्मराज ढकाल
क्यासेट : धरतीका गीतहरू

(ख)

## आफ्नै गन्थन जीवनीका रूपमा

मैले आÇनो जीवनी लेख्दा “इन्द्रका सामु स्वर्गको बात” गरें जस्तो छ। म जस्तो सामान्य व्यक्रिको जीवनीबाट पाठकहरूमा के पो प्रभाव पर्ला र तैपनि सानो चिनारी त गर्नै पर्‍यो जस्तो लाग्यो। मेरो जन्मस्थल कास्की जिल्लाको पोखरा उप-महानगरपालिका वडा नं. १३ कुँडहर हो। मेरो सानो झोपडी छ। म यही झोपडीमै बस्छु। पिता दिनमोहमद मियाँ र माता जहुरा मियाँको ३ छोरामध्ये म कान्छो हुँ। दाजु र दिदीबैनी गरी १३ जनामा हाल म मात्रै छु। सबै आÇनो बाटो लागे। म १ वर्षको हुँदा आमा स्वर्गे हुनुभएछ। ३ वर्षको हुँदा पिताजी पनि स्वर्गे हुनुभएछ। दाजु-भाउजूको लालन-पालनमा हुर्केछु। त्यतिबेला घरको आर्थिक स्थिति पनि राम्रो थियो रे। तर आफू जान्ने-सुन्ने हुँदा त्यस्तो सम्पन्नता केही देख्न पाइनँ। १०/१२ वर्षको उमेरबाटै म साथीहरूसित वनमा दाउरा लिन डोको बोकेर जान्थें। साथीभाइहरूले वनमा गाएको गीतले मलाई निकै रन्को लाग्थ्यो। तिनीहरूले गाएका गीतका गेडा टिपेका एकान्तमा बसी म पनि गाउँथें।

**वनको सिठो घट्टको पीठो मागेको खुर्सानी**
**बाटो छ वनको चल्दछ रन्को कसरी बिर्सनी**
**दाजु र भाइ छिमेकी मित्र सब देख्छु अँधेरा**
**सुख र दुःख कोसित पोखुँ बोल्दैनन् सँधेरा**
**नकरा वनकी न्याउली, तै भन्दा मै छु नि उराठ।**

यस्तै-यस्तै गीतहरू गाउँदै बाँदरले खसालेका झिंजा डोकामा हाल्दै भारी पुर्‍याएर घर फर्कन्थें। साह्रै थाकेर घर आउँदा मायाले बोलिदिने कोही थिएनन्। कहिलेकाहीं दाजुले भने मायाँ गर्नुहुन्थ्यो। १४/१५ वर्षको उमेरमा त मेलापात जान सक्ने भएँ। मेलापातमा साथीहरूसँग गीत गाउने गर्थें। मेरो स्वर सबैभन्दा राम्रो लाग्थ्यो रे। टुहुरो केटो रसिलो छ अनि राम्रो पनि छ भनी सबै रुचाउँथे। जब म १७/१८ वर्षको भएँ त्यति बेलैदेखि गाउँका दिदी

बहिनीहरूसित दोहोरी पनि गाउने गर्थें। जवानीको जोस र उमङ्गमा घरको सबै दुःख बिर्सेर मेलापातमा रमाउँदै गाउँदै गर्थे। २०/२२ वर्षको उमेरसम्म मैले अक्षर चिनेको थिइनँ। पछि मलाई क, ख, चिन्ने ठुलो इच्छा भयो। तर त्यतिबेला अहिले जस्तो स्कूल, पाठशाला केही थिएन। कलम भिरेर हिंडेको मान्छे देखेपछि मेरा गीत र कविता लेखी माग्थें। विरक्त लहरीका धेरै गीतहरू मैले भाइ ठाकुरप्रसाद सिग्देलसँग लेखाएँ। विस्तारै-विस्तारै म पनि लेख्न-पढ्न जान्ने भएँ र त्यसपछि आÇना गीतहरू आफैं लेख्न थालें। मेरा छिमेकीहरू ब्राम्हण र नेवारहरू भएकाले पनि मलाई भानुभक्त रामायण पढ्ने प्रेरणा मिल्यो। त्यसबाट मैले धेरै शिक्षा पाएँ।

मेरो पहिलो विवाह स्याङ्जा जिल्लाको भीरकोटमा भएको हो। तर दुर्भाग्य एकवर्ष पनि नपुग्दै उनी संसारबाट बिदा भइन्। जताततैबाट रन्थनिएको म रन्थनिदै भर्ती हुन भारततिर हुर्रिएँ। यो वि.सं. २००० सालतिरको कुरा हो। दोस्रो विश्वयुद्धको लडाइँमा रंगुनको पल्लो छेउ बर्मा पुगें। हिट्लरको जमाना युद्ध निकै चर्को थियो। मेरा धेरै साथी त्यहा स्वाहा भए। मेरो दानापानी बाँकी रहेछ सकुशल फर्कें। मेरो कम्पनी कमाण्डर मिस्टर ह्वाइट थिए। उनैसँग कलकत्ता आएँ। यो २००३ सालको कुरा हो। केही समयको लागि कम्पनीबाट छुट्टी लिई घर आएँ। विवाह पनि गरैं। यत्तिकैमा संयोगवश मेरो भेट स्व. पुष्पलालसँग पोखरामै भयो। उहाँसँगका कुरापछि किन-किन मलाई पल्टनमा फर्केर जाने इच्छा भएन। तर पल्टनबाट भने मलाई निकै ताकेता आउन थाल्यो। ज्यादै भएपछि मैले चिठ्ठीमा लेखी पठाएको गीतको सानो अंश यस्तो थियो।

**देश छोडी विदेशीको ढोका कुर्‍यौं भने**
**मरेपछि नरकवासी मलको थुप्रो हुने**
**चाहिएन दाइ त्यो तिम्रो छाता**
**भैगो मलाई चुइयाको स्याखुले**

यस्तै-यस्तै गीत पोखराका सभा कचहरीमा गाउँदै हिंड्न थालें। यस्तै अवसरमा मैले वी.पी. बाबु, सूर्यप्रसाद उपाध्याय, गणेशमान सिंह, श्रीकान्त अधिकारी, श्रीभद्र शर्मा जस्ता नेताहरूको पनि कुरा सुन्न पाएँ।

त्यसपछि मलाई झनै विदेश त सम्झँदै झोंक चल्न थाल्ने भयो। म त विदेश जाँदै गइन। बरु नेताहरूबाट आफूले जाने-बुझेका कुराहरूको गीतिमाला उन्न थालें। समय अनुसारका गीतहरू गाउँदै हिंड्न थालें। २००६ सालमै मैले "विरक्त लहरी" नामक पुस्तक पनि छापें। पछि २००९ सालमा "नेपाली झ्याउरे गीतसंग्रह", २०११ सालमा "न्याउलीको पुकारा", २०१५ सालतिर "पहाडको उद्गार" र २०२९ सालमा "सेतीको सुस्केरा" प्रकाशित गरें। २०३८ सालमा म आफैंले लेखेको मेरो जीवनी "अलि मियाँ" संग्रह प्रकाशनबाट प्रकाशित भयो। २०३९ सालमा "उज्यालो भैसक्यो" कविता सङ्गालो र २०५१ सालमा पुराना संग्रहका र नयाँ कविता थपिएको "सम्झनाको दियो" नामक पुस्तक प्रकाशित भए। अहिले पाठकहरूको हातमा यो "अलि मियाँको आवाज" नामक पुस्तक दिन पाउँदा ज्यादै खुशी लागेको छ। मैले आÇनो दयनीय अवस्थालाई पनि बिर्सेर लोक साहित्यलाई झक्झक्याउने प्रयास मात्र गरेको हुँ। त्यतिबेला, जुनबेला म अलिकति पारिवारिक झन्झटबाट केही सास फेर्न सकें अनि "उज्यालो भैसक्यो" भनेर पुस्तक छापें। यो भन्दा अगाडिको मेरो घरको अवस्थातिर लाग्दा र सम्झँदा अझै पनि रुन मन लाग्छ।

म कर्महारा १५ वर्षको हुँदासम्म दाजुका भरमा हुर्कें। २०१८ सालमा दोस्री श्रीमती पनि परलोक भइन्। साना-तिना लाला-बाला हुर्काउने अर्को ठुलो बोझ थपियो। उनले छोडेर गएको १ महिने दुधे बच्चो हुर्काउने भनेको ज्यादै गाऱ्हो कुरो थियो। कहिले रातभरि झिमिक्कै नगरी बच्चाको हेरचाह गर्नुपर्थ्यो। बच्चाको मुखतिर हेरेर म पनि रुन्थे। मेरो दुःखको कुरा गरी साध्य छैन।

२०२० सालमा यी टुहुरा बाल-बच्चा हुर्काउन ससुराले आÇनी कान्छी छोरी मलाई दिनुभयो। साली विवाह गरेकाले दिदीका छोराछोरी हुर्काउन मलाई ठुलो सहयोग गरिन्। केही समय भएपनि सारा दुःख बिर्साइदिइन्। तर आÇनै कर्म नभएपछि के हुन्थ्यो र ? तिनी पनि २०२९ पौष ८ गते अचानक एक महिनाको नासो मेरो काखमा छोडेर परलोक भइन्। म इन्तु न चिन्तु भएँ। पाण्डवहरूको वनवास, नलदमयन्तीको वनवास

र राजा हरिश्चन्द्रलाई जस्तो कष्ट मलाई पनि भयो। यस्ता उल्टा-सुल्टा मादल कति बजे कति। अहिले यो ८४ वर्षको उमेरमा मलाई केही सुखको अनुभूति भएको छ। चार छोरा र तीन छोरीबाट ५ दर्जन नाति पनातिहरू भैसकेका छन्। त्यति मात्र हैन, साहित्यकार बन्धुहरूका प्रेरणाले त झनै म आफूले आफैंलाई चिन्ने मौका पाएको छु। यसैले म भन्छु :

**छ न त थियो मनमा मात्रै के भनुँ वनैमा**
**कविको कदर गरेमा हुन्छ सम्झे है मनैमा**
**मानो खाने पाथी खाने मुरी खाने कति**
**मुठी भरले बाँचिएका छौं नेपाली जति**

मेरो यो “अलि मियाँको आवाज” नामक पुस्तक मेराभन्दा पनि मेरा सहयोगी मित्रहरूको अथक प्रयासबाट प्रस्तुत भएको छ। यसका समपदानमा भाइ ठाकुरप्रसाद सिग्देल र डा. रविलाल अधिकारीले गरेका प्रयासको म ऋणी छु। खासगरी मेरा सहयोगका बारेमा भन्नुपर्दा अन्नपूर्ण एफ.एम. परिवार, पोखरा युवा सांस्कृतिक परिवार, लेखनाथ साहित्य प्रतिष्ठान तथा भाइ श्री रामबहादुर कोइराला, नानी हरिदेवी कोइराला, डा. श्री रविलाल अधिकारी, भाइ कवि श्री ठाकुरप्रसाद सिग्देल, श्री प्रकाश सायमीज्यू, श्री अमृत भादगाउँले बाबु, छोराहरूद्वय हनिफ मियाँ, फज मियाँका साथै मलाई माया गरिदिने सङ्घ, संस्थाहरू सम्पूर्णलाई म हृदयदेखि आभार प्रकट गर्दछु। मेरै स्वरमा गीत रेकर्डिङ्ग गराउने सन्दर्भमा श्री लेखनाथ साहित्य प्रतिष्ठानका पहलमा त्यस प्रतिष्ठानका सदस्यहरू हरिदेवी कोइराला, शुक्रराज अधिकारी, पद्मराज ढकाल र मदन भण्डारीले गरेको प्रयास र मेरा गीतहरू रेकर्डिङ्ग गरेर गाउने प्रयासमा २०४५ सालदेखि हालसम्म गीत गाउँदै र रेकर्डहरू बढाउँदे ११ वटा मेरा गीत गाउने चाँजोपाँजो मिलाउने छोरी हरिदेवी कोइरालाले गरेको प्रयास एवं भाइ रामबहादुर कोइरालाको सहयोगको म सराहना गरेर सक्तिनँ।

अन्तमा, नव साहित्यकारहरूले आÇनै माटाको लोकसाहित्यलाई बचाउन मलजल गर्नेछन् र विश्वसामु नेपाली लोकगीतलाई चिनाउन सफल

बन्नेछन् । म अब कति बाँचूँला र ? हाम्रो लोक साहित्यले देशमा शान्ति र अमन चयनको निम्ति पनि विशेष साथ दिँदै जाओस् भन्दै बिदा हुन्छु ।

प्रजातन्त्र दिवस, २०५८

- अलि मियाँ

(ग)

# लोककवि अलि मियाँको जीवनी

## **(लोकभाकाको गीतमा)**

ठाकुरप्रसाद सिग्देल

आज मैले देखेको दाइ सपनी, अलि मियाँ कविको दाइ जीवनी
उन्नाइस सय पचहत्तर फाल्गुण महिना थियो
जहुरनूको कोखबाट बल्यो एउटा दियो
खुशी हुँदै उनका पिता दिनमोहमद् पनि
रमाउँदै लागे अरे नाम् जुराउन भनी

आज मैले देखेको दाइ सपनी, अलि मियाँ कविको दाइ जीवनी
कास्की जिल्ला पोखराको कुँडहर गाउँको
बीचमा बल्यो एउटा बत्ती अलि मियाँ नाउँको
भए होलान् निकै खुशी छर्छिमेकी पनि
च्याहाँ-च्याहाँ उन्को चर्को गीति रोदन सुनी

आज मैले देखेको दाइ सपनी, अलि मियाँ कविको दाइ जीवनी
गरीबीको चपेटामा पिल्सिएरै पनि
कहिलेकाहीं बनिदिन्थे सपनीका धनी
भर्भराउँदो टाठो-बाठो ठट्टेउलो पारा
मेलापात रन्काउँथे हसाउथे सारा

आज मैले देखेको दाइ सपनी, अलि मियाँ कविको दाइ जीवनी
विक्रम संवत् उन्नाइस सय उनन्सय तिर
भर्ती हुन भारत पसे पर्दा मनमा पिर
दुई तीन वर्ष जागीर खाँदा बृटिस सरकारको

देशभक्त कविलाई लाग्यो बेकार हो

कस्तो-कस्तो देखेछु दाइ सपनी, अलि मियाँ कविको दाइ जीवनी
राणा शासन विरुद्धमा लोकगीत गाउँदै
हिंड्थे कवि गाउँघर जनता ब्यूँझाउँदै
तर पछि कविजीलाई ठुलो चोट पऱ्यो
दैव लाग्यो जीवनसङ्गी उमेरमै हऱ्यो

कस्तो मैले देखेछु दाइ सपनी, अलि मियाँ कविको दाइ जीवनी
आŢनै भाषा आŢनै भाका छोडी आŢनै लय
गाउँदै हिंड्ने कविजीले धेरै दुःख सहे
भाण्टे-भुण्टे छोराछोरी आमा विहीनका
ततेर्दैमा धेरै दिन बिते कविजीका

आज मैले भएन दाइ नभनी, अलि मियाँ कविको दाइ जीवनी
धनी देखी गरीबका इतिहासका पाना
छातीभित्रै कोरीराख्ने सबै ठुला साना
नजानेको केही छैन सबै तल माथि
बाटाघाटा फुर्छ छाती पाए मीठो साथी

जानेसम्म भएन दाइ नभनी, अलि मियाँ कविको दाइ जीवनी
पढ्ने स्कूल थिएन रे घरमै बसी बसी
साक्षरसम्म भए कवि बिना कलम् मसी
कागज भन्नु धुलौटो रे कलम् भन्नु खरी
के गरेर पढे होलान् कवि कठैबरी

जानेसम्म भएन दाइ नभनी, अलि मियाँ कविको दाइ जीवनी
धेरै गीत लेखेका छन् छापे पुस्तक पनि

सारै मीठा घत लाग्दा दुःखीका जीवनी
राणाको र जनताको देखी बीचको दूरी
छ सालमा लेखिदिए "विरक्त लहरी"

जानेसम्म भएन दाइ नभनी, अलि मियाँ कविको दाइ जीवनी
विरक्तिदै घुमे होलान् कवि सेरोफेरो
त्यसबेला लेखे होलान् "सेतीको सुस्केरो"
सारै दुःख कष्टसित उमेर पनि पाक्यो
तै नि कवि लेख्छन् अझै "उज्यालो भैसक्यो"

जानेसम्म भएन दाइ नभनी, अलि मियाँ कविको दाइ जीवनी
"झ्याउरे गीत संग्रह" र अनि "न्याउली पुकार"
अर्को पनि प्रकाशित भो "पहाडको उद्गार"
अलि मियाँ जीवनी र "सम्झनाको दियो"
समयले ऐलेसम्म हामीलाई दियो ।

जानेसम्म भएन दाइ नभनी, अलि मियाँ कविको दाइ जीवनी
कविजीले पाएका छन् मान सम्मान पनि
इन्द्रराज्य लक्ष्मी कैले-कैले शिरोमणि
सम्मानित छन् भद्राघले पुरस्कारले पनि
पाएकै छन् प्रबल गोर्खा दक्षिण बाहु पनि

बाँकी जीवन बिताऊ है दाइ हाँसेर, अल्ला ईश्वर शिरैमा दाइ राखेर
२०५७/०९/१७

# पहिलो संस्करणका शुभकामना मन्तव्यहरू

## १-शुभेच्छा

प्रसिद्ध लोक गायक र नेपाली भावना र संस्कारका प्रशंसक लोककवि श्रीअलि मियाँ का रचनाहरू र गीतहरू को मँ धेरै वर्षदेखि प्रशंसक रहि आएको छू। कतिपय कृतिहरूको पाण्डुलिपि उतार्ने र प्रुफ रीडिङ गर्ने अवसर पनि उहाँबाट मैले पाएको छु। तेसबेला जब पोखरामा उहाँलाई उपेक्षा गरे जस्तो अनुभव हुन्थ्यो। तिनताका गण्डकी साप्ताहिकमा पनि मैले उहाँका गीत र कोकिन कण्डको चर्चा उठाउन खोजेको थिएँ। ई कुरा भन्न पाउँदा र सम्झदा पनि मँ आज गौरवको अनुभव गर्दछू। अहिले जीवनको उत्तरार्ध अवस्थामा यो अलि मियाँ को आवाज प्रकाशित हुन लागेको छ। एसले देखाउँछ - उहाँ थाक्न सक्नुहुन्न। वास्तव मा नथाक्नु पनि उहाँको परिचय हो। मलाई उहाँ को सबै भन्दा मन पर्ने पक्ष हो - नेपाली संस्कृति र नेपाली भाषा प्रतिको अखण्ड प्रेम श्रीअली मियाँलाई थाहा छ - नेपाली संस्कृति स्वयं नै आत्मीयता र सद्भावनाको प्रतीक हो। मानिसहरू भन्छन् - नेपालमा धार्मिक सहिष्णुता छ ः तर मलाई यो सहिष्णुता शब्दले पुगिरहे जस्ता लागेको छैन। र नेपाली आत्मा र मनको प्रतिनिधित्व एसले पनि गर्न सक्दैन भन्ने लागिरहेको छ। मलाई त कस्तो लाग्छ भने नेपाली संस्कृति सहिष्णु होइन प्रेममय छ। एहि प्रेममय संस्कृति का उदाहरण हुनुहुन्छ - हाम्रा लोकगायक श्रीअली मियाँ। मँ उहाँ का सद्भावहरूलाई अभिवादन गर्छु र प्रेरणा प्राप्त गर्छु। साथै उहाँ का सुपुत्र हाजी हनिफ मियाँ को हृदयदेखि नै प्रशंसा गर्छु र पुत्र हनीफ मियाँ जसले एउटा आदर्श पुत्रको प्रस्तुति यसको प्रकाशनमा पनि देखाउनु भएको छ। अन्त्यमा म श्री मियाँको सु-स्वास्थ्य र दीर्घ जीवनका निम्ति भगवानसँग करबद्ध प्रार्थना गर्दछू।

मुकुन्दशरण उपाध्याय
हेमजा

## २-शुभकामना

लोककवि अलि मियाँजी चौरासी वर्ष प्रवेश गर्दै हुनुहुन्छ। उहाँले आफ्नो चौरासीऔँ वर्ष प्रवेशको शुभारम्भमा प्रस्तुत कृति प्रकाशित गरेर हामी पाठक वर्गलाई चौरासी व्यञ्जन पस्किदिनुभएको छ। यो सुखद अवसरमा कवि अलि मियाँ प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै बधाई ज्ञापन गर्दछु।

दर्जनौ प्रकाशित कृति र एल्बमका स्वर संगीतले पनि चिनाइसकेका लोककवि अलि मियाँ स्वयं सुपरिचित हुनुहुन्छ। उहाँको कण्ठबाट निस्केको लोकलयात्मक भाकाले गण्डकी अञ्चलको सेरोफेरो गुन्जाउँदै नेपाली लोकसंस्कृतिको सारङ्गी बजाएको छ। लोककवि अलि मियाँ, नेपाली पहरा, छहरा, वन-जङ्गल, गाउँबेसी, शहर बजार सबैति छरिएका चिरपरिचित काव्यसाधक हुनुहुन्छ। उहाँलाई उत्तरवर्ती पुस्तासम्म पुऱ्याउन उहाँका कृति नै सक्षम छन् भन्नेमा म विश्वस्त छु। आफ्नो परम्परागत भाषा धर्म संस्कृतिलाई जातीय सीमारेखाभित्रै राखेर नेपाली राष्ट्रभाषा र संस्कृतिप्रति यति हुरुक्क भएर क्रियाशील हुने् साहित्यकार अर्को छैन। एउटै व्यक्तिले सबै काम गर्न सकिन्न तर अलि मियाँ एक्लैले धेरै काम भ्याउन सक्नुभएको छ। ८३ वर्ष पुगेको रोगी, बुढो र कमजोर शारीरिक अवस्थाको हुँदा पनि कविता भनेर गीत गाएर थाक्दै नथाक्ने कवि, गायक उहाँ एउटै हुनुहुन्छ। उहाँका कविता र गीतमा राखिएको व्यावहारिक अनुभूति अनुप्राणित छ। राष्ट्रभक्तिको छाल छचल्किएको छ। सामाजिक विसङ्गतिप्रति धारिलो व्यङ्ग्य र राजनैतिक विकृतिप्रति तीखो पूहार भेट्टाइन्छ।

मानवतावादी लोककवि अलि मियाँ लोकको चित्त बुझाउन यसरी लेख्नुहुन्छ :

चाँदी र जोख्यो होला र तोला सुन जोखे हिसाब
रुवाउँछ कैले हँसाउँछ कैले दैवको निसाफ
हर्दिने पनि भर्दिने पनि ईश्वरको मर्जी छ
सहन सके आउँदछ पालो पुर्खाको अर्ती छ।

विदेशमा छरिएका बाटो नपाएर
यदि दुःखी किन भए शिक्षा नपाएर

ऊन टिपी सुन बनाऊ फूल टिपी केश
तिम्रा पाला स्वर्ग होला नेपालीको देश

घरघरमा उद्योगधन्दा होला तिम्रा पाला
जहाँ जाऊ सम्मान होला लाउला फूलको माला

आँ गर्दा अभ्यन्तर बुझिन्छ भन्नो उखानै छ। धेरै के लेखूँ। लोककवि अलि मियाँको स्वस्थ, सुखसुम्पन्न र चिरजीवनका लागि परमेश्वरसँग प्रार्थना गर्दछु।

श्रीपञ्चमी, २०५८

तेजनाथ घिमिरे
नदीपुर पोखरा

# ३-लोककवि अलिमियँ अमर रहुन्

समकालीन पोखरेली साहित्यका भीष्म पितामह लोककवि अलि मियाँ आफ्नो सुदीर्घ जीवन, अनुभव र साधकले सर्वत्र अभिनन्दित व्यक्तित्व हुनुहुन्छ। यहाँ आफ्नै मौलिकताका विरल युगपुरुष पनि हुनुहुन्छ। विश्व मानवीयताको इतिहासमा उहाँ धेरै धर्म, धेरैजाति र धेरै सम्प्रदाय र धेरै राष्ट्रियताका लागि प्रेरणास्रोत बन्न सक्नुहुन्छ। उहाँको यो चारित्रिक व्यक्तित्व विश्वाससामु प्रस्तुत गर्नु हामी सबैको कर्तव्य हो।

लोककवि अलि मियाँको प्रस्तुत ग्रन्थ उहाँको रथारोहण र सार्वजनिक अभिनन्दन पूर्व प्रकाशित हुँदैछ। उहाँ शुरुदेखि नै पोखरेली युवा सांस्कृतिक परिवारका सम्मानित आजीवन सदस्य हुनुहन्छ। सौभाग्यवश उहाँका रथारोहण र सार्वजनिक अभिनन्दन पनि यस परिवारको रजत महोत्सव वर्षमा परिवारको अग्रसरता र संयोजनमा गरिँदैछ। यो अत्यन्त खुशी एवं सन्तोषको कुरा हो। जहाँ सम्म उहाँको यस ग्रन्थको कुरा छ, यसको चर्चा लोकसाहित्यिक वाङ्मयका अध्येताहरूले गर्लान्। यस भन्दा पहिले उहाँको प्रतिनिधि ग्रन्थ 'सम्झनाको दियो' सहित अन्य धेरै ग्रन्थहरू प्रकाशित भइरहेका छन्। यस विशेष अवसरमा म उहाँलाई शुभकामना मात्र भन्छु।

लोककवि अलि मियाँ
अमर रहुन्।

मिति २०५८।१०।२७ **सरुभक्त**

# ४-लोकलयका हस्तीप्रति अभिनन्दन

नेपाली लोकसाहित्यका हस्तीहरू मध्ये एक हस्ती हुन् लोककवि अलि मियाँ। उनी नेपाली लोकगीत र लोकलयका प्रतिमूर्ति पनि हुन्। नेपाली जनजीवनका सुस्केराहरूलाई अक्षरहरूमा कुँदिरहने स्वरका धनी, शब्दका धनी अलि मियाँ जति सरल छन् त्यतिकै स्वाभिमानी पनि छन्। त्यसैले त भन्छन् -

घर पनि छैन दाइ मेरो, डर पनि लाग्दैन कसेको।
घिन लाग्छ रुचाउँदिन बाँकी पुरा जुठो
सबै भन्दा मिठो लाग्छ बाँझो वनको गिठो।

जीवनभरि नथाकीकन आफ्नै माटोको गीत गाइरहे, बाटोको गीत गाइरहे। उनका लयहरू उनका स्वरहरू चराहरूका चिरबिरजस्तै छन्। खोला खोलीहरूका कलकल ध्वनि जस्तै छन्, साँच्चै जनजीवनका बोलीजस्तै छन्। गीतमै हास्दछन् गीतमै रुन्छन्, धाराप्रवाह जीवनका कथा सुनाइरहन्छन् -

रुन्छन् मुसा क्यै छैन आँटीमा, बित्यो जीवन अँध्यारो ठाँटीमा
यो दुःखी रोएको किन, कैले पनि फर्कैन सुदिन।

आफू इस्लाम संस्कृतिका अनुयायी भएर पनि सबै धर्म, जात, संस्कृतिप्रति श्रद्धा राख्ने धार्मिक सहिष्णुताका प्रतीक पनि हुन् उनी। जाली, फटाहा, शोषक, सामन्तका विरुद्धमा सधै झटारो हानिरहन्छन् गरीबी र मानवताका पक्षमा बोलिरहन्छन् -

यो चिठी मूल ढोका दिनु, गरीबलाई सँन्चै छ भन्दिनु
सात मानाको सुसे पाथी भर्छन् कोल्टोपारी
पाँच रुपिया डोको दिँदा लेख्छन् घरबारी
चुलाभरि वरिपरि माकुराको जालो
नमिच न गरीबको पानी भर्ने पालो।

यसरी मनका सारङ्गीहरूमा कहिले विद्रोहका तारहरू रेट्छन् कहिले निर्माण र जागरणका धुनहरू भर्छन् वियोग र व्यथाहरू पोखिरहन्छन् ः

नकरा वनकी न्याउली, तैभन्दा मै छु नि वैरागी
सुन्न पाए मुरलीको रन्को पीर पनि हराउथ्यो यो मनको ।

लोकलयमै कुरा गर्ने, लोकगीतले वनपाखा घन्काउने अलि मियाँका स्वरहरूलाई समयमै न रेडियो नेपालले रेकर्ड गर्न सक्यो, न अलि मियाँ नै रेडियो नेपाल धाए, न तत्कालीन साथी भाइले सहयोग गरे । उनका स्वरहरू विधिवत् सुरक्षित हुन नसक्नु दुःखको कुरा पनि हो। गत साल लेखनाथ साहित्यप्रतिष्ठानको. पहलमा उनकै स्वरमा ६ वटा गीतहरू क्षेत्रीय प्रसारण रेडियो नेपाल, पोखराले रेकर्ड गरी सुरक्षित राखेको छ। हालै उनका शब्द र सङ्कलनमा संयोजन गरी “अलि मियाँका गीतहरू” नामका क्यासेट जन समक्ष प्रकाशित भैसकेको छ। यस क्यासेटबाट उपलब्ध हुने सबै रोयल्टी रकम अलि मियाँ अक्षय कोषमा जम्मा हुने व्यवस्थागरिएको छ र उनको इच्छा बमोजिम उनका गीत २०४५ सालदेखि नै रेडियो नेपालमा रेकर्डिङ गराउने प्रयास गरिएको छ र हालसम्म ११ वटा गीत रेकर्डिङ भैसकेका छन् र प्रयास जारी नै छ। आफ्नै घर आँगनमा बसेर कर्म गर्ने अलि मियाँ राजधानीका नजरबाट धरै समयसम्म ओझेलमै परे । अहिले ढिलै भए पनि उनलाई धेरैले सम्झिएका छन्, सम्मान गरेका छन् । यतिले मात्र पुग्दैन उनको गुन तिर्नु त धेरै नै छ। यो चौरासी वर्षको शुभ जन्मदिनको हार्दिक शुभकामना एवं सुस्वास्थ्य र दीर्घ जीवनको प्रार्थना गर्दै हार्दिक अभिनन्दन ।

चाँदी जोखौँ तोला तोला सुन जोखौ रति
तेल थपेर राखीरम्ला सम्झानाको ज्योति ।

रामबहादुर कोइराला
हरिदेवी कोइराला
पोखरा ।

# ५-शुभास्ते पन्थान

कवि अलि मियाँ दाइको ८४ औ वर्ष प्रवेशको शुभ अवसरमा उहाँका छोराहरूबाट आफ्नो जातीय हिसाबले मात्र होइन, हिन्दु संस्कृति अनुसार पनि उहाँको चौरासी पूजा गर्न लागिएको र यस अवसरलाई पोखरेली युवा सांस्कृतिक परिवारले पनि आफ्नो सक्रियतामा साहित्य गोष्ठी, रथारोहण सहित सार्वजनिक अभिनन्दन र कविका जीवनसँग जोडिएका भिडियो टेपहरूको प्रदर्शनी गर्ने जस्ता विविध कार्यक्रमहरूको सञ्चालन गर्न लागेको कुरा सुन्दा हामी कुँडहर निवासीहरूलाई खुशी लाग्नु स्वभाविकै हो। कविको जन्मोत्सवको यस अवसरमा प्रकाशनमा आउन बाँकी रहेका कविजीका केही छिटफुट कविता र गीतिहरूको एउटा सङ्गालो पनि "अलि मियाँको आवाज" नामको पुस्तकाकारमा उहाँको छोराहरूको लगानीमा प्रकाशनमा आउन लागेको छ भन्ने पनि सुन्नमा आएको छ। कविजीको ८४ औ वर्ष प्रवेशको सन्दर्भमा हुन लागेका उपरोक्त विविध कार्यक्रमहरूले र उहाँका पहिलेका र हालमा प्रकाशित कृतिहरूले कविका जीवनका तत्तत्पक्षहरू, जो अहिलेसम्म ओझेलमा परेका थिए तिनले पनि नेपाली साहित्यको बृहद् आकाशमा चम्किने सुअवसर पाउने छन् भन्ने मलाई लागेको छ।

कवि अलि मियाँले आफ्नो लामो जीवनमा देखे, सुने र भोगेका थुप्रै कथा व्यथाहरूलाई लोकभाषा, लोकलय र लोकसंस्कृतिमा आधारित कविता र गीतको माध्यमबाट नेपाली घर, गाउँ र समाजमा अभिव्यक्त गर्दै, गाउँदै आउनुभएको छ र यसबाट लोकसाहित्यको क्षेत्रमा एउटा सम्मानित लोककविको सम्मान र मर्यादा पनि उहाँले पाइसक्नभएको छ। उहाँले देदाउनु भएको कवित्व शक्ति, गीतिशक्ति र पाउनुभएको सम्मानलाई हेर्दा र उहाँले सानैदेखि भोग्दै आउनुभएका सुख-दुःखका उकाली ओरालीलाई सम्झदा आश्चर्य मान्नुपर्ने हुन्छ। किनकि उहाँले आफ्नो बाल्य जीवनमा आफ्ना माता पिताको ममतामय वात्सल्यबाट मात्र होइन, बालसुलभ सामान्य रोटो भोटोको आवश्यकता र उपभोगबाट पनि वञ्चित हुनुपरेको

थियो। सानै उमेरदेखि अभावै अभावसँग लड्दै भिड्दै अगाडि बढ्दै गर्दा उहाँले वनपात, घाँस दाउरा र खेतीपाती नै आफ्नो जीवन बिताउनुपरेको थियो र पढ्ने लेख्ने जस्ता कुराहरू उहाँका लागि सुलभ हुन सकेका थिएनन्। जीवनको यस क्रममा उहाँले जे जस्ता हण्डर, बबण्डर र बखेडाहरूको नियति भोग्नुपर्‍यो त्यो उहाँका लागि आफैमा एउटा संवेदनशील, हृदयविदारक र भावुक पक्ष थियो। संभवत : यही पक्ष अन्तमा लोकसाहित्यको क्षेत्रमा उहाँको उत्कर्षको कारक आधार बन्न पुगेको पनि हुन सक्छ। भनिन्छ, विपन्नता मान्छेको प्रतिभाको प्रस्फुटन र विकासमा व्यवधान बन्दछ र यसले (प्रतिभाले) पल्लवित र पुष्पित बन्ने अवसर पाउँदैन। तर यस भनाइको उहाँ अपवाद बन्न पुग्नुभएको सत्य टङ्कारो भएको छ।

मेरो अध्ययनमा कविजीबाट अहिलेम्म जे जस्ता कविता र गीतहरूको संरचना भएको छ, तिनीहरूले देशभक्ति, स्वाभिमान, श्रम-महिमा, सेवा, धर्म, इमान्दारी, चरित्रबल, साहस स्वाशासन र स्वावलम्बन जस्ता जीवनका महत्त्वपूर्ण पक्षहरूलाई उद्घाटित गरेर तिनको महिमा र महत्त्वको बखान गर्दै समाजलाई त्यस दिशातिर प्रेरित गरेका छन् एकातिर भने अर्कोतिर नेपाली राष्ट्रिय जीवनका सामाजिक,राजनीतिक र आर्थिक क्षेत्रमा देखा पर्दै आएका विकृति, विसङ्गति र छाडापन प्रति तीखो व्यङ्ग्य गर्दै त्यस माथि कटोर प्रहार पनि गरेका छन्। समष्टिमा उहाँका यी समस्त साहित्यिक संरचनाहरू हाम्रो जीवनका विविध क्षेत्रमा विस्तारित भएका विकृतिहरूकोजालोलाई क्षतविक्षत पार्न र त्यसको बदलामा हाम्रो राष्ट्रिय जीवनको हरेक पक्ष विशुद्ध, सु-संस्कृत र समुन्नत बनाउनका लागि प्रेरणाका आय स्रोत हुन पुगेका छन्।

कवि अलि मियाँजी जातले मुसलमान हुनहुन्छ र उहाँका आफ्नै भाषा, संस्कृति र परम्पराहरू छुट्टै छन् तापनि उहाँले ती सबैलाई आफूभित्रै सीमित गरेर राख्नु भएको छ र आफूलाई त्यस तलभन्दा धेरै धेरै माथि उठाउनुभएको छ। उहाँले नेपाली राष्ट्रियता, नेपाली भाषा, नेपाली परम्परा र नेपाली संस्कृतिलाई समुन्नत पार्न आफूलाई समर्पित नै गर्नु भएको छ।

उहाँका कृतिहरूमध्ये थुप्रै के सबैमा नेपाली लोकभाषा, लोकलय र लोक संस्कृतिकै प्रभाव र परमपरा छचल्किएको र छ्याल्लब्याल्ल भएको पाइन्छ।

अलि मियाँजी एउटा विपन्न, अनपढ र गाउँले जीवनबाट उठेको कवि हुनुहुन्छ। उहाँका कृतिहरू शास्त्रीय र व्याकरणका दृष्टिले हेर्दा र लोक संस्कृतिमाथि आधारित भएका कारण नेपाली लोकसाहित्यमा विशिष्ट स्थान राख्दछन् भन्दा शायद अत्युक्ति नहोला।

कुडहर, एकताका शैक्षिक जागरण, सामाजिक सुसंस्कार राजनीतिक चेतनाको गढ मानिन्थ्यो तापनि साहित्यिक दृष्टिले खास प्रतिष्ठा हासिल गर्न सकेको थिएन । तर कवि अलि मियाँका साहित्यिक रचना र ख्यातिले गर्दा त्यो अभाव पनि पुरा हुन गएको छ। अतः म मेरा छिमेकी कुँडहर निवासीहरूका साथ अहिले फेरि पनि एकपटक गौरवको अनुभव गरिरहेको छु। अन्तमा, कविजीको ८४ वर्ष प्रवेशको सुखद अवसरमा उहाँका अग्रगतिका यावत् मार्गहरू शुभदायक होऊन् भन्ने शुभकामना गर्दछु।

चित्राङ्गद सिग्देल

# ‘अलि मियाँको आवाज’को गीति परिवेशमा पुग्दा

डा. बाबुराम अधिकारी
पृथ्वीनारायण क्याम्पस, पोखरा

पोखराको नदीपुर चोकमा एकदिन अचानक अलि मियाँ पुत्र हनिफ मियाँसँग भेट हुन्छ। उहाँले मलाई देख्ने वित्तिकै हात समातेर भन्नुभयो- “डाक्टर साबलाई मनले खोजिरहेको थियो तर फोन गर्न अनुकूल परेको थिएन आज भेट भैहाल्यो, अब एउटा काम गरिदिनुहोला ? मैले भने- ‘के काम हो भन्नुहोस् न’, उहाँले हतपत ‘अलि मियाँको आवाज’ रचना सङ्गालो निकालेर देखाउँदै भन्नुभयो- ‘यो किताब फेरि छाप्नुपऱ्यो तपाईले यसका लागि छोटकरीमा केही कुरा लेखेर दिनुहोला ।’ मैले हुन्छ भनें ।

तेस्रो संस्करणका रूपमा पुनः छापिन लागेको ‘अलि ‘मियाँको आवाज’ कृति मैले मियाँका सबै कृतिहरूभन्दा भाग्यमानी कृति ठानें । लेखन यात्राको पछिल्लो चरणमा प्रकाशित भएको यो कृतिले तेस्रो पटक जन्मने मौका पाउनुको पछाडि पहिलो कारण त अलि मियाँ पुत्र हनिफ मियाँले आफ्ना बुबाका रचनालाई सक्रियतापूर्वक गरिएको प्रचार प्रसार नै हो भने दोस्रो कारण यस भित्र समावेश गरिएका गीत, कवितालाई पाठकले मन पराएर दर्शाएको माया नै हो जस्तो मलाई लाग्छ ।

नेपाली साहित्यको गीति क्षेत्रमा छ दशकभन्दा लामो समयदेखि साधनारत सर्जक मियाँले लोकगीतको प्रभाव ग्रहण गरेर गीत लेखनतिर लागेका हुनाले यिनका रचनामा लोकलयको बान्की मात्र होइन, लोकमा प्रचलित भाषा र लगभग लोकस्तरकै समानान्तर शैलीको प्रयोग पाइन्छ। अनि ती रचनामा अलिकति मिसिएर आएको आख्यानमा उनकै जीवनको प्रतिबिम्ब र गीत लेखेका समयको यथार्थ चित्र प्रस्फुटित भएको छ ।

माछापुच्छ्रे र अन्नपूर्ण हिमशृङ्खलाको काखमा अवस्थित पोखराले आफ्नो विशिष्ट सौन्दर्यको प्रभावबाट जन्माएका प्रतिभाहरूको अग्रपङ्क्तिमा पर्ने गीतकार मियाँद्वारा रचित 'अलि मियाँको आवाज' कृतिमा अघिल्लो संस्करणका ८४ वटा गीतिकवितामा एउटा 'म आएँ दमौली' शीर्षकको गीत थपेर ८५ बनाइएको छ। यसमा लघु आकारका गीत चालिसवटा मध्यम आकार स्रोहवटा र दीर्घ आकारका पाँच गरी ६१ वटा गीत रहेका छन् भने बाँकी रहेका रचनहरूलाई कविताको संज्ञा दिन मिल्ने किसिमका छन्। रेकर्ड गरिएका १२ वटा गीतलाई पनि समावेश गरिएको प्रस्तुत कृतिभित्रका केही गीतलाई निहाल्दा गीतितत्त्वको निर्वाह भएको देखिन्छ। छुट्टिने बेलामा गीत दुई पङ्क्ति गुच्छकका पाँचवटा फाकीमा संरचित छन्। 'बसम बैनी आजको रात फेरि भेट हुँदैन अब त' गीत लोकप्रचलित पङ्क्तिलाई स्थायीका रूपमा प्रयोग गरेर अन्तरा चाहिँ मौलिक दिने प्रयास गरिएको गीत हो। गीत शीर्षकको गीतमा दुई पङ्क्तिको स्थायी पद र अन्तरा पङ्क्तिमा चार चार फाँकी दिइएको छ। यसमा सोल्टी भन्ने थेगो स्थायी र अन्तरा दुवै पङ्क्तिका बीचमा दिएर गीतलाई गेयात्मकता प्रदान गर्दै लोक लयात्मक शैलीको पूर्णतया निर्वाह गर्ने प्रयास गरिएको छ। यस सङ्ग्रहमा सङ्कलित केही गीतहरू तीन चार पङ्क्ति गुच्छकका चार चार फाँकीमा देखिन्छन् भने केही गीतहरू सात आठ फाँकीमा विस्तार भएका छन्। यी मध्ये केही गीतहरू अन्तरा मात्रको व्यवस्थामा पनि संरचित छन्। यसमा सङ्कलित केही गीतहरू नयाँ मौलिक छन् भने केही पुराना गीतका टेका, अन्तरा र शीर्षकलाई फेरबदल गरेर प्रस्तुत गरिएको छ। 'अलि मियाँको आवाज' का गीतहरू भाव अर्थात् विषयवस्तुका दृष्टिले पनि यसमा रहेका गीतहरुमा विविधता पाइन्छ। यसरी लयात्मक पक्षलाई ध्यान दिएर लेखिएका हुनाले आन्तिरक र बाह्य सङ्गीत सिर्जनाका लागि प्रयुक्त शब्द चयनका कारण गीतहरू सरल र सह जबनेका छन्। समष्टिगत रूपमा भन्दा यस सङ्ग्रहमा सङ्कलित गीतहरू भाव वा विषयवस्तुगत दृष्टिले पनि सबल रहेका छन्। विषयवस्तुगत विविधता हुँदा हुँदै पनि पोखराको प्राकृतिक सौन्दर्यका साथै राष्ट्रियता, मानवता र धार्मिक सहिष्णुताका विषयमा गीतकार

बढी चिन्तित भएको देखिन्छ। त्यसैले अलि मियाँद्वारा रचित 'केही गरी मर्नुछ' गीतमा मरे पनि बाँचिरहने किसिमको काम गर्न सक्नु र आफ्नो देश सधैँ अमर रहोस् भन्ने राष्ट्रवादी भावनालाई व्यक्त गरिएको छ :

**मरे पनि बाँचिरहने लोकको सेवा गरुँ**
**मेरो देश अमर रहोस् यै भनेर मरु**
**घात गर्न हुँदैन रे सबै ठुलो धर्म**
**हरेस खान हुँदैन रे मानिसको कर्म।**

यसैगरी 'मानवतावादी बन' गीतमा हामी पनि सबै हाड मासुकै बनेका हौँ, एउटा मानिसले अर्को मानिसको सेवा गर्नु नै हाम्रो कर्तव्य हो भन्दै मानवतावादी बन्न सबैलाई आग्रह गरिएको छ भने कतिपय गीतमा धर्म, सामाजिक चेतनाको एउटा रूप भएकाले सबै धर्मको सार एउटै हो भन्ने बुझेको व्यक्तिले धार्मिक झगडा गरेर मूर्खता प्रदर्शन गर्दैन भन्ने धार्मिक सहिष्णुताको सन्देश प्रवाह गरिएका गीतहरू पनि पर्याप्त मात्रामा रहेका छन्।

जेहोस्, अलि मियाँ आफू बाँचेको समय विचार, प्रवृत्ति र सामाजिक द्वन्द्वसँग परिचित थिए। त्यसैले उनका गीतमा युगचेतनाका विचारहरू सल्बलाएका छन्। उनको जीवनवृत्त भित्र अँध्यारो पक्षको आधिक्य भए पनि उज्यालोको अंश विल्कुल शून्य छैन र जीवनलाई सबल तुल्याउन मानिसले आन्तरिक प्रेरणाबाटै जीवनका चुनौतिलाई स्वीकार गरेर बाँच्नुपर्दछ भन्ने सन्देशमूलक विचार गीतमा अभिव्यक्त भएको पाइन्छ